# अध्याय-एक

# शोध-परिचय

## १.१ विषय परिचय

लोकसाहित्यका विविध विधाहरूमध्ये सर्वप्राचीन विधाको रूपमा रहेको लोकगीत पूर्णतः लोकभावनालाई अभिव्यक्ति गर्ने एक सशक्त विधा मानिन्छ । मानव सभ्यताको उषाकालदेखि नै मानिसहरूले मौखिक रूपमा भए पनि आफ्ना भावनाहरूलाई लयात्मक रूपबाट गीतिलयमा उतार्ने काम गर्दै आइरहेका थिए । सांस्कृतिक एवम् परम्परागत मूल्य-मान्यताहरूलाई अङ्गीकार गर्दै मनका भावनाहरूलाई लयबद्ध गर्ने कार्य नै लोकगीतमा हुने गर्दछ । खासगरी मौखिक एवम् श्रुतिपरम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने सरल एवम् सरस मनका भावनाहरूलाई गीतिलयमा उनेर गाइने विधा विशेष नै लोकगीत हो ।

नेपालको भू-धरातलमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पूर्ण वा आंशिक रूपमा भए पनि नेपाली लोकगीतले आफ्नो स्थान सुरक्षित गर्दै आइरहेको छ । खासगरी पहाडका कुना–कन्दरा, लेक–बेँसी, भञ्ज्याङ–चौतारी, खेत–बारी, पाखा-पखेरा, पानी-पँधेराजस्ता ठाउँहरूमा गुञ्जने लोकगीतले शिक्षित–अशिक्षित, बालक-वृद्ध, युवा–युवती आदि सबै वर्गका मानिसहरूको मनलाई छुन सफल भएकाले नेपाली लोकगीतको क्षेत्र पनि व्यापक एवम् विशाल बन्न पुगेको छ ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने पहाडी जिल्ला स्याङ्जाको मध्यभागमा अवस्थित एक प्रमुख खोला नै आँधीखोला हो । यसले स्याङ्जा जिल्लालाई पूर्व र पश्चिम गरी दुई भागमा विभाजन गर्दै उत्तरबाट दक्षिणतर्फ बग्ने गर्दछ । यस आँधीखोला क्षेत्रको आसपास वा पूर्व-पश्चिमतर्फ रहेका क्षेत्रहरूलाई नै विशेषगरी आँधीखोला क्षेत्रको नामले चिनिन्छ । पहाडी भू-बनोटले ढाकिएको हुनाले यहाँ लेक-बेँसी, भञ्ज्याङ्–चौतारी, कल-कल बग्ने छहराहरू, खोला–नाला आदिको अनुपम दृश्य देख्न पाइन्छ ।

आँधीखोला क्षेत्र नेपाली लोकगीतको सन्दर्भमा निकै उर्वर मानिन्छ । विभिन्न सांस्कृतिक एवम् परम्परागत मूल्य–मान्यताको अस्तित्त्व पाइने यस क्षेत्रमा नेपालको मध्य पहाडी क्षेत्रमा पाइने प्रायः सबैजसो लोकगीतको प्रचलन रहेको देख्न पाइन्छ । बाहुन, क्षत्री, गुरूङ, मगरजस्ता जातिहरूको विशेष बाहुल्य रहेको यस क्षेत्रमा सामयिक र सदाकालिक गरी दुबै

प्रकारका लोकगीतहरू पाइन्छन् । सामयिक लोकगीत अन्तर्गत ऋतुगीत, पर्वगीत, श्रमगीत, संस्कारगीत र धार्मिक गीत यहाँ बढी प्रचलित छन् भने सदाकालिक अन्तर्गत झ्याउरे, चुड्का भजन, शिशुगीत, रोइलाजस्ता लोकगीतहरू पाइन्छन् । प्रस्तुत शोधपत्रमा नेपालको पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने स्याङ्जा जिल्लाको आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतहरूको विश्लेषणात्मक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली लोकसाहित्यमा स्याङ्जा जिल्लामा पाइने लोकगीतको आफ्नै खालको महत्त्व छ । यस जिल्लाको मध्य भागमा अवस्थित आँधीखोला क्षेत्रमा जिल्लामा गाइने प्रायः लोकगीतहरू गुञ्जिने गरेको पाइन्छ । यस शोधपत्रमा लोकगीतको अध्ययन गर्दा निम्नलिखित समस्यालाई आधार बनाइएको छ–

क. आँधीखोला क्षेत्रमा के–कस्ता लोकगीतहरू पाइन्छन् ?

ख. आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतहरू के–कति प्रकारका छन् ?

ग. आँधीखोलाका लोकगीतलाई के–कति सिद्धान्तका आधारमा अध्ययन गर्न सकिन्छ ?

घ. आँधीखोलाका लोकगीतले नेपाली लोकगीतको क्षेत्रमा के–कति योगदान पुऱ्याएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य समस्याकथनमा देखापरेका समस्याहरूको समाधान गर्नु रहेको छ । त्यसैले शोधपत्रको उद्देश्य निम्नलिखित रहेका छन् –

क. आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूको परिचय दिनु,

ख. आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरण गर्नु,

ग. आँधीखोले लोकगीतलाई विभिन्न सिद्धान्तका आधारमा अध्ययन गर्नु,

घ. आँधीखोले लोकगीतले नेपाली लोकगीतको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लोकगीतको विकास यात्रामा आँधीखोले लोकगीतको स्थान पनि उच्च रहेको छ । देशको मध्य पहाडी क्षेत्रमा पाइने प्रायः सबैजसो लोकगीतहरू यस क्षेत्रमा भेटिन्छन् ।

लोकगीतको क्षेत्रमा राष्ट्रिय स्तरका लोक कलाकारहरूको पनि बाहुल्य रहेको यस क्षेत्रका लोकगीतहरूको बारेमा विभिन्न फुटकर कृति तथा लेख–रचनाहरूको साथै समय–समयमा विश्वविद्यालय तहका शोधार्थीहरूले पनि यहाँका लोकगीतहरूलाई आधार बनाएर शोधकार्य सम्पन्न गर्दै आइरहेका छन् । यसरी नेपाली लोकगीतको क्षेत्रमा उल्लेखनीय भूमिका खेलेको यस आँधीखोला क्षेत्रका लोकगीतमा भएका सङ्कलन, वर्गीकरण र अध्ययन कार्यलाई यहाँ पूर्वकार्यको रूपमा तल प्रस्तुत गरिएको छ ।

धर्मराज थापाले 'गण्डकीको सुसेली' (२०३०) नामक कृतिमा गण्डकी अञ्चलका गोर्खा, तनहुँ, कास्की, लमजुङ, मनाङ र स्याङ्जा जिल्लामा पाइने र गाइने लोकगीतहरूको बारेमा चर्चा–परिचर्चा गरेका छन् । यसै क्रममा उनले स्याङ्जा जिल्लाको आँधीखोला क्षेत्रमा प्रचलित रोइला लोकगीतको बारेमा पनि 'आँधीखोले रोइला' शीर्षकमा रोइला गीतहरू प्रस्तुत गरेका छन् । यस कृतिको क्षेत्र व्यापक भएकोले उनले आँधीखोला क्षेत्रमा प्रचलित अन्य लोकगीतहरूको बारेमा प्रकाश नपार्नु स्वभाविकै पनि देखिन्छ ।

नारायणप्रसाद अधिकारीले 'स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन' (२०४३) नामक शोधपत्रमा स्याङ्जा जिल्लामा गाइने लोकगीतहरूको सङ्कलन गरेर त्यसलाई संस्कार गीत, पर्वगीत, ऋतुगीत, धार्मिक गीत भनी विभिन्न प्रकारमा विभाजन गरेका छन् । यसरी विभाजन गरी अध्ययन गर्ने क्रममा आँधीखोला क्षेत्रमा पाइने मागल, रत्यौली, जेठे, असारे, भदौरे तीज, देउसी, भैली, भजनजस्ता केही गीतहरूका हरफहरू प्रस्तुत गरिएता पनि विषयवस्तुको व्यापकताका आधारमा आँधीखोले गीतहरूको मात्रै अध्ययन र विश्लेषणमा कमी देखिनुलाई समान्य कुरा नै मान्नुपर्ने हुन्छ ।

देवीप्रसाद वनवासीले 'आँधीखोले लोकसंस्कृति' (२०५५) मा आँधीखोला क्षेत्रमा देखा पर्ने परम्परागत मूल्यमान्यता र रीतिरिवाज एवम् धार्मिक संस्कारको बारेमा चर्चा गर्ने क्रममा त्यस क्षेत्रको लोकसंस्कृतिमा प्रकाश पारेका छन् । यसै क्रममा उनले आँधीखोले लोकगीतहरूमा संस्कार एवम् धार्मिक लोकभावनाका बारेमा पनि चर्चा गरेको पाइएता पनि त्यसमा आँधीखोला लोकगीतको बारेमा व्यापक जानकारी पाउन सकिँदैन ।

विश्वप्रेम अधिकारीले 'आँधीखोले लोकसंस्कृति र लोकगीत' (२०५७) नामक कृतिमा आँधीखोला क्षेत्रमा पाइने लोकगायकहरूको बारेमा उल्लेख गरेका छन् । यस क्रममा उनले

विभिन्न शीर्षकहरूमा माहल, रत्यौली, संगिनी, सोरठी, दाइँगीत, बालगीत, तीजगीत, चुड्कागीत र दोहोरी गीतका बारेमा पनि विभिन्न सांस्कृतिक मूल्य–मान्यताहरूको प्रसङ्गसहित प्रस्तुत गरेता पनि ती गीतहरूको अध्ययन र विश्लेषण गर्ने कार्य भने स्पष्ट रूपबाट हुन सकेको देखिदैन ।

कृष्णप्रसाद पराजुलीले 'नेपाली लोकगीतको आलोक' (२०५७) नामक कृतिमा नेपाली लोकगीतहरूको बारेमा विस्तृत चर्चा–परिचर्चा गरेका छन् । यसरी चर्चा गर्ने क्रममा उनले स्याङ्जाको आँधीखोला क्षेत्रमा पाइने रोइला लोकगीतको पनि केही हरफहरूलाई प्रस्तुत गरेका छन् तर विषयवस्तुको गहनता र व्यापकताको कारणले गर्दा होला यसमा आँधीखोला क्षेत्रका अन्य लोकगीतहरूको बारेमा खासै किटान गरेर उल्लेख नगर्नु स्वभाविकै ठानिन्छ ।

विश्वप्रेम अधिकारीले 'पश्चिमाञ्चल लोकगीत र परम्परा' (२०५८) मा पश्चिमाञ्चल क्षेत्रमा पाइने लोकगीतहरूको बारेमा चर्चा गर्ने क्रममा त्यस क्षेत्रमा गाइने लोकगीतहरूको ऐतिहासिक मूल्य–मान्यताका आधारमा परिचय दिने काम गरेका छन् । यस कृतिमा उनले विभिन्न परम्परा र चुड्का, रोइला, लोकभजन, तीजे, खाँडोजस्ता गीतहरूको पनि चर्चा–परिचर्चा गरेका छन् । उनले यस कृतिमा रोइला गीतको बारेमा आफ्नो वैचारिक भूमिकामा आँधीखाला रोइला गीतहरूलाई नै प्रस्तुत गरेका छन् । त्यसकारण यहाँ आँधीखोला क्षेत्रमा पाइने अन्य गीतहरूलाई विस्तृत रूपमा उल्लेख गरी अध्ययन–विश्लेषण भएको देखिदैन ।

चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०५८) मा नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र अध्ययन गर्ने कार्य गरेका छन् । उनले नेपाली लोकगीतहरूलाई सामान्य र विशेष गीतहरू भनी दुई भागमा विभाजन गरेका छन् । उनले सामान्य गीतको रूपमा रोइला गीतको चर्चा गर्ने क्रममा आँधीखोला क्षेत्रमा पाइने र गाइने रोइला लोकगीत नै प्रस्तुत गरेका छन् । यसरी यस कृतिले सिङ्गो लोकसाहित्यकै अध्ययन गर्ने गहन जिम्मेवारी बोकेको हुनाले आँधीखोला क्षेत्रमा पाइने रोइला बाहेकका अन्य गीतहरूको चर्चा नहुनु सान्दर्भिक नै मान्न सकिन्छ ।

विश्वप्रेम अधिकारीले 'आँधीखोले लोकसाहित्यः प्रस्तुति र विश्लेषण', (२०५९) नामक कृतिमा आँधीखोले लोकसाहित्यको चर्चा गर्ने क्रममा विभिन्न शीर्षकमा लोकगाथाहरूको प्रस्तुत गरेका छन् । उनले यसमा ठाडो भाका र बारूलै गीतको भाका भन्दै त्यसको पृष्ठभूमि र बीच–

बीचमा ती भाकाका लोकगीतहरूको उल्लेख गरे पनि आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूको बारेमा खासै प्रकाश पारेको देखिदैन ।

तुलसीराम खनालले 'आँधीखोले लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन' (२०६०) नामक शोधपत्रमा आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूको सङ्कलन गरेर त्यसलाई संस्कार गीत, पर्वगीत, ऋतुगीत, धार्मिक गीत र बाह्रमासे गीत भनी विभिन्न शीर्षकहरू दिएर वर्गीकरण गरी उदाहरणका रूपमा ती गीतहरू प्रस्तुत गरेका छन् । यसमा उनले आँधीखोला क्षेत्रमा प्रचलित गीतहरूको परिचय पनि दिएका छन् तर ती गीतहरूको विश्लेषण गर्ने कार्य भने गरेको देखिदैन ।

कृष्णप्रसाद न्यौपानेले 'स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन' (२०६२) नामक शोधप्रबन्धमा स्याङ्जा जिल्लामा पाइने विभिन्न प्रकारका लोकगीतहरूको सङ्कलन र वर्गीकरण गरेर ती गीतहरूलाई विभिन्न सिद्धान्तका आधारमा व्याख्या र विश्लेषण गर्ने कार्य गरेका छन् । उनले यसमा स्याङ्जाली लोकगीतहरूको विश्लेषण गर्ने क्रममा आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूको पनि विश्लेषण गरेको पाइए पनि केही प्रचलित गीतहरूको विश्लेषणात्मक अध्ययन हुन नसक्नुलाई स्वभाविकै मान्नुपर्ने देखिन्छ ।

यसरी हालसम्मको समयावधिलाई हेर्दा आँधीखोले लोकगीतको बारेमा विभिन्न कृति एवम् फुटकर लेख–रचनाहरूमा चर्चा–परिचर्चा हुँदै आइरहेको पाइन्छ । यसको साथै यही आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूको सङ्कलन, वर्गीकरण र अध्ययन गर्ने हेतुले समय समयमा विश्वविद्यालय स्तरीय शोधार्थीहरूद्वारा पनि शोधकार्यहरू हुँदै आएका छन् । यसरी आँधीखोले लोकगीतका बारेमा गरिएका अध्ययन एवम् अनुसन्धान कार्यलाई नै यहाँ पूर्वकार्यको समीक्षाको रूपमा प्रस्तुत गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य स्याङ्जा जिल्लाको आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी तिनको अध्ययन गर्नु हो र यो काम प्राज्ञिक एवम् अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन–विश्लेषण गरी यहाँको  रीतिस्थिति,चालचलन, भेषभूषा र सामाजिक गतिविधिका बारेमा

जानकारी राख्न खोज्नेहरूलाई र यहाँको लोकसंस्कृति तथा लोकसाहित्यको अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई यस शोधकार्यबाट बढी लाभ मिल्नेछ । यस (अध्ययन) अनुसन्धानले नेपालको विभिन्न क्षेत्रका लोकगीतहरूको तुलनात्मक अध्ययन गर्न र नेपाली लोकगीतको अध्ययन–अध्यापन कार्य गर्नसमेत जो केहीलाई सहायता मिल्ने हुनाले यसको प्राज्ञिक औचित्य एवम् महत्त्व छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

स्याङ्जा जिल्लाको मध्य भागमा रहेको आँधीखोला क्षेत्रमा पर्ने तीन दोबाटे, पेलाकोट, जगत्र भञ्ज्याङ् र थुमपोखरा गा.वि.स. तथा त्यसका आसपासमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषणात्मक अध्ययनमा नै प्रस्तुत शोधकार्य केन्द्रित छ । त्यसकारण यो शोधपत्र सिङ्गो स्याङ्जा जिल्लामा पाइने लोकगीतहरूलाई नहेरी आँधीखोला क्षेत्रका लोकगीतलाई मात्रै आधार बनाएर त्यसैभित्र सीमित रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यको लागि आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा क्षेत्रीय पद्धतिको प्रयोग गरिएको छ । यसै क्रममा लोकगीतका प्रमुख क्षेत्रमै स्थलगत भ्रमण गरी त्यहाँका स्थानीय बूढा–बूढी , युवा–युवती, बालबालिका आदिलाई भेटेर तिनीहरूबाटै गीतहरू गाउन लगाई टेपरेकर्डको सहायताले गीतहरू सङ्कलन गर्ने काम गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यको सम्बन्धमा सङ्कलित सामग्रीको विवेचना एवम् विश्लेषण गर्ने क्रममा ऐतिहासिक र विश्लेषणात्मक पद्धतिलाई नै आधार बनाइएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित पाँच अध्यायमा विभाजन गरिएको छ –

क) अध्याय एक : शोधपत्रको परिचय

ख) अध्याय दुई : लोकगीतको सैद्धान्तिक परिचय

ग) अध्याय तीन : आँधीखोला क्षेत्रमा प्रचलित लोकगीत

घ) अध्याय चार : आँधीखोले लोकगीतको विश्लेषण

ङ) अध्याय पाँच : उपसंहार

प्रस्तुत शोधपत्रको अध्याय एकमा शोध-परिचय दिइएको छ । यसको दोस्रो अध्यायमा लोकगीतको सैद्धान्तिक परिचय दिने काम गरिएको छ । त्यस्तै तेस्रो अध्यायमा आँधीखोला क्षेत्रको परिचय दिँदै त्यस क्षेत्रमा गाइने लोकगीतहरूलाई जन्मचक्र, ऋतुचक्र, धार्मिक र बाह्रमासे गरेर चार भागमा  विभाजन गरी उल्लेख गरिएको छ । चौथो अध्यायमा सामाजिक र काव्यशास्त्रीय सिद्धान्तका आधारमा लोकगीतहरूको विश्लेषण गर्ने कार्य गरिएको छ भने पाँचौँ अध्यायमा उपसंहारको रूपमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई

# लोकगीतको सैद्धान्तिक परिचय

## २.१ पृष्ठभूमि

'लोक' शब्द अङ्ग्रेजी 'फोक' (Folk) शब्दको समानार्थीको रूपमा प्रयोग गरिएको पाइन्छ । यस शब्दको प्रचलन प्राचीन समयदेखि नै विशिष्ट रूपमा रहेको देखिन्छ । ऋग्वेद, उपनिषद्, ब्राह्मण ग्रन्थ एवम् संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्त्वका रूपमा स्वीकार गरिएको पाइन्छ । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थ बोध गर्ने भए तापनि लोक साहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवित रहने वर्गलाई बुझाउँछ ।[१] यसरी हेर्दा 'लोक' शब्द संस्कृत हो र वैदिक अर्थ विशेष रूपमा बुझिन थालिएको छ, त्यो हो संवेदनशील र अनुभूतिशील जनसमुदाय ।[२] हाल आएर 'लोक' शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकांश विद्वान्हरूले यसलाई साधारण जनसमाजको अर्थमा लिन्छन्, जसभित्र जाति, वर्ग, धर्म, संस्कृति आदि समेटिएको हुन्छ । लोकसाहित्यमा 'लोक' शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । 'साहित्य' शब्दले जनताको हितका निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ व्यक्त गर्दछ । यसरी हेर्दा लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति नै लोकसाहित्य हो भन्ने अर्थ प्रकट भएको छ । लोकसाहित्यलाई ग्रामसाहित्य, अशिष्टसाहित्य आदिको संज्ञा दिइएको पाइन्छ । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ । शिक्षितभन्दा अशिक्षित व्यक्तिको माझमा लोकसाहित्यले व्याप्ति पाएको हुन्छ । लोकसाहित्यमा लोकतत्त्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयता चाहिँ गौण भएर रहेको हुन्छ । लोकसाहित्य भन्नाले समाजको मस्तिष्क अथवा प्राणस्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा श्री–सम्पत्तिको रूपमा अङ्गीकार गरिराखेको हुन्छ ।[३]

---

१ ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश,** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ४३१ ।

२ धर्मराज थापा, **गण्डकीको सुसेली**, (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०), पृ.१३ ।

३ ईश्वर बराल र अन्य (सम्पा.), **पूर्ववत्** ,पृ. ४३१ ।

लोकसाहित्य मौखिक परम्परामा हुर्केको हुन्छ, कुन बेला कसले सिर्जना गर्‍यो भन्ने कुरा यसमा हुँदैन । लोकसाहित्य लोकको साहित्य अर्थात लोकबाट आएको, लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया-प्रतिक्रिया गुञ्जन्छन्, लोकको आत्मजीवन बोल्छ ।[४]

यसरी लोकसाहित्यमा हाँसो-आँसु, हर्ष–विस्मात, सुख-दुःखको अभिव्यक्ति भएको हुन्छ । लोकसाहित्यको इतिहासलाई भाषाको इतिहाससँग गाँस्न सकिन्छ । लोकसाहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति हो जुन लोकले सरल र स्वच्छन्द रूपले ग्रहण गर्दछ । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।[५] त्यसैले भन्न सकिन्छ लोकसाहित्य लोकजीवनमा कहिल्यै नहराउने अजर-अमर साझा सम्पत्ति हो । लोकसाहित्यको अध्ययन गर्दै जाँदा जाति, समाज, संस्कृति र देशकै छवि यसमा झल्केको देख्न सकिन्छ । यसरी लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल वाणीगत अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकमर्यादामा आधारित मानव जीवनको हर्ष–विस्मात, हाँसो-आँसु, सुख-दुःख, माया–प्रेम आदिको चित्रण भएको सहजानुभूतियुक्त मौखिक साहित्य नै लोकसाहित्य हो ।

लोकसाहित्य सहज र स्वच्छन्द अभिव्यक्ति दिने मौखिक साहित्य भएको हुनाले यसका विभिन्न विधा उपविधाहरू रहेका छन् । लोकसाहित्यका विधाको वर्गीकरण विभिन्न विद्वान्हरूले विभिन्न आधारबाट गरेको पाइन्छ तर निष्कर्षमा भन्नुपर्दा लोकगीत, लोककविता, लोकगाथा, लोकनाटक ,लोककथा, उखानटुक्का र गाउँखाने कथा नै लोकसाहित्यका खास विधा मान्न सकिन्छ ।

लोकजीवनको रागात्मक स्वतस्फूर्त लयात्मक अभिव्यक्ति नै लोकगीत हो । लोकगीतमा लोकजीवनको आँसु–हाँसो, आशा–निराशाका साथै लोकको चालचलन, विधि–व्यवहार, आस्था र मान्यताहरूको चित्रण गरिएको हुन्छ । लोकभावना वा विचारको मौखिक अथवा श्रुतिपरम्पराबाट सर्दै जाने छन्द लयात्मक भाषिक संरचना नै लोककविता हो । कुनै प्रसङ्ग वा घटनावलीको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने

---

४ कृष्णप्रसाद पराजुली, “लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार”, **कुञ्जिनी,** (वर्ष ५ अङ्क ३, २०५४) पृ. १०१ ।

५ धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं:त्रि.वि.पाठ्यक्रम विकास केन्द्र, २०४१ ), पृ..३ ।

अज्ञात रचनाकारको आख्यानात्मक गीति संरचनालाई लोकगाथा भन्ने गरिन्छ । लोकभावना वा विचारको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने कार्यव्यापार एवम् अनुकरणात्मक अवैयक्तिक भाषिक संरचना नै लोकनाटक हो । त्यस्तै मौखिक वा श्रुतिपरम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त, सारगर्भित एवम् सार्विक आख्यात्मक गद्य संरचनालाई लोककथा भनिन्छ । लोकजीवनमा परिष्कृत अनुभव र विवेकले खारिएका लोकोक्ति नै उखानटुक्का हो । यस्तै जिज्ञासा शमन गर्न मनोरञ्जनात्मक रूपमा बौद्धिक कसरत वा बौद्धिक क्षमताको परीक्षण गर्न लोकजीवनमा प्रयोग गरिने लोकोक्ति नै गाउँखाने कथा हुन् ।

यसरी लोकसाहित्यका विविध विधाहरू भए पनि यो शोधपत्र लोकगीतको अध्ययनमा केन्द्रित भएको हुनाले यहाँ लोकगीत विधाको मात्रै विशेष चर्चा गर्ने प्रयास गरिएको छ ।

## २.२ लोकगीतको परिचय र परिभाषा

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत पनि एक लोकप्रिय विधा मानिन्छ । लोकसाहित्यकै महत्त्वपूर्ण पाटो लोकगीत हो । लोकगीतमा लोक र गीत यी दुई शब्द समस्त पदका रूपमा आएका छन् । अङ्ग्रेजीको 'फोकसङ' (folk song) को समानार्थी शब्द लोकगीत हो । हिन्दी साहित्यकोशमा लोकगीतका निम्ति तीन अर्थ लगाइएको पाइन्छ । १. लोकमा प्रचलित गीत २. लोकनिर्मित गीत ३. लोकविषयक गीत ।[६] नेपाली वृहत् शब्दकोशले लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनेर अर्थ्याएको छ ।[७] यसरी लोकगीत समाजमा बसोबास गर्ने जनताले निर्माण गरेका र परम्परादेखि चल्दै आएको लोकजीवनको लयात्मक अभिव्यक्ति हो भन्न सकिन्छ । लोकगीतलाई परिचय गराउने सन्दर्भमा विभिन्न समयमा विभिन्न ग्रन्थहरूमा विद्वान्हरूले आ–आफ्नै किसिमले परिभाषा गरेको पाइन्छ । नेपाली साहित्यकोशमा लोकगीतलाई यस प्रकार परिभाषित गरिएको छ – नेपाली लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप  र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ, सुबोध हुन्छ र लाकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कविहरूको नाम

[६] धीरेन्द्र बर्मा, **हिन्दी साहित्यकोश**, भाग १, दो.सं., (वाराणासीः ज्ञानमण्डल लिमिटेड, २०२०), पृ. ७५० ।
[७] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली वृहत् शब्दकोश**, (काठमाडौंः ने.रा.प्र.प्र. २०५८), पृ. ११२० ।

उल्लेख भएको पाइँदैन । यसको संरचनामा कुनै पूर्वयोजना पनि हुँदैन ।[८] त्यसैगरी भारतीय लोकसाहित्यका विद्वान् परमारले लोकगीत परम्परा त्यो महानदी समान हो, जुन स-साना नदी मिलेर बनेको हुन्छ भनेका छन् ।[९] नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदनमा 'सज्जनवर्गप्रति' भन्ने उपशीर्षकमा "झ्याउरे भनी नगर हेला हेर प्यारा सज्जन" भन्दै लोकगीतको झ्याउरे लयलाई महत्त्व दिएका छन् ।[१०] यस प्रकारले भाव र लयले पूर्ण भएको मानव अन्तस्करणबाट बाहिर उद्दीप्त भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो । यसैगरी वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडियाले यस प्रकार परिभाषित गरेको छ–

"लोकगीत नाम विहीन साङ्गीतिक संरचना हो जो कुनै गाउँ वा क्षेत्र विशेषमा प्रचलित रहेको हुन्छ, जुन अरू कुनै कलात्मक सङ्गीत वा कुनै प्रशिक्षित रचनाकारको भन्दा पृथक हुन्छ । लोकगीत मौखिक रूपमा हस्तान्तरित भएको सङ्गीत हो । मुख्य रूपमा प्रेमप्रणय, लडाइँ, देशभक्ति, बालगीत, मद्यपानसम्बन्धीका गीतहरू लोकगीतको उदाहरणका रुपमा लिन सकिन्छ । लोकगीत गाउँदा नाच्दै रमाइलो गर्दै अगाडि बढ्न सकिन्छ । यसरी अंग्रेजी ब्यालेडको जस्तै लयबद्ध र नाच्न योग्य तथा विशेष गरेर लोकगीतमा सुरिलो मधुर गुणको विद्यमानताका कारण बारम्बार 'टेक' अथवा गीत नै दोहोराइए तापनि झञ्झट वा दिक्दारी लाग्दो हुँदैन । वृहत् रूपमा फैलिएका विभिन्न समुदायहरूको लोकगीतका समानताहरूले एउटा साझा परम्परा र गीतको कालको निर्देशन गर्दछन् ।[११]

लोकगीतका सन्र्दभमा धर्मराज थापा भन्छन्– लोक अनुभूति नै लोकगीत हो, जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । सुख–दुःखमा अलापिएका अभिव्यक्ति लोकमा गाइएका हुँदा यसको सञ्ज्ञा लोकगीत भयो । लोकगीतको माध्यमबाट नै मानव सङ्गीत प्रेमीलाई सङ्गीतको भावना जागृत गराउन सकिन्छ । चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत ।[१२] नेपाली लोकगीतका अध्येता सत्यमोहन जोशीले "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयम् उद्गारको रूपमा लयदार तरजमा काव्यमय शैली झैं निस्कन्छ"

---

[८] ईश्वर बराल र अन्य (सम्पा.), **पूर्ववत्,** पृ.४३६ ।

[९] श्याम परमार, **भारतीय लोकसाहित्य,** (दिल्ली:राजकमल प्रकाशन लिमिटेड, इ.१९५४), पृ.५३ ।

[१०] लक्ष्मीप्रसाद देवकोटा, **मुनामदन**, तेइसौँ सं., (काठमाडौँः साझा प्रकाशन, २०५४), भूमिका खण्ड ।

[११] **वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडिया,** भोलुम–६, पृ.१९२४–२५ ।

[१२] धर्मराज थापा, **गण्डकीको सुसेली**, पूर्ववत्, पृ. भूमिका ।

भनेका छन् ।[१३] नेपाली लोकसाहित्यका अर्का अध्येता काजीमान कन्दङ्वाले जनसमूहका दैनन्दिनका भावनाहरूलाई लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् ।[१४] त्यसैगरी लक्ष्मण लोहनीले मानवीय क्रियाकलापसंगै बाह्रै महिना डम्फू , मादल, झ्याली, करताल, खैँजडी, मुजुरा आदि लोकवाद्यका रन्कोमा रोदीघरदेखि डाँडापाखाहरूमा गुञ्जने सुमधुर स्वरलहरीलाई लोकगीत भनेका छन् ।[१५]

आर.डी. र एल. एल. ले नेपाली लोकगीत नेपाली गाउँघरे भावुक हृदयको स्पन्दनशील लयदार कवितामा सामूहिक ध्वनि हो भनेका छन् ।[१६] कालीभक्त पन्तले नेपाली लोकगीतलाई दवाब र प्रलोभनमा नपरी स्वयम् दु:खीत वा प्रफुल्लित हृदयबाट प्रष्फुटित हुने लोक अभिव्यक्तिका रूपमा लिएका छन् ।[१७] लोकगीत एउटै विषयवस्तु, एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भू-खण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव छैन । उपर्युक्त विद्वान्हरूका परिभाषामा पनि एकरूपता आउन सकेको छैन । कसैले अर्थलाई जोड दिएका छन् भने कसैले लयलाई, वास्तवमा लोकगीत आफ्नो सांस्कृतिक परिवेश अनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो ।

लोकगीतले निर्वैयक्तिकता, तीव्रता, गेयात्मकता, सरलता, मार्मिकता, रागात्मकता, विश्वव्यापकता आदि विशेषता बोकेको हुन्छ । बौद्धिकताको सञ्जालबाट लोकगीत टाढै रहन्छ भने यसमा हार्दिक पक्षको वर्चश्व रहेको हुन्छ । यसमा भाषा लयात्मक हुन्छ । भावनाका साथै सङ्गीतात्मकताको समन्वय पाइन्छ । यसै सन्दर्भमा समालोचक दयाराम श्रेष्ठले लोकगीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिला मनोरञ्जन तथा तुरन्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रूवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राख्दछन् ।[१८] यसरी सबै विद्वान्हरूको परिभाषाले केही न केही परिचय दिन खोजे तापनि लोकगीतको सबै पक्षलाई समेट्न सकेको देखिदैन । सबै विद्वान्का परिभाषालाई समेटेर भन्नुपर्दा “लोकगीत समाजमा आदिकालदेखि मौखिक रूपमा भनिँदै र सुनिँदै सामूहिक रूपमा

---

[१३] सत्यमोहन जोशी, “लोकगीतको केही झल्का”, **प्रगति,** (वर्ष ३, अंक २,२०११), पृ. १४५ ।

[१४] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य**, (काठमाडौं: रायल नेपाल एकेडेमी, २०२०), पृ. १० ।

[१५] लक्ष्मण लोहनी, **रोदीघर,** दो.सं., (काठमाडौं: रत्न पुस्तक भण्डार, २०२२), पृ.१० ।

[१६] आर.डी.र एल.एल., **नेपालका विभिन्न जाति र लोकगीत: एक परिचय**, (काठमाडौं : जगदम्बा प्रकाशन, २०२३) पृ. ४२ ।

[१७] कालीभक्त पन्त, **हाम्रो लोक सांस्कृतिक इतिहास,** (स्याङ्जा: लेखक स्वयम् प्रकाशन, २०२८), पृ. १७ ।

[१८] दयाराम श्रेष्ठ ‘सम्भव’, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** (काठमाडौं: त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०२८), पृ. १५ ।

विचरण गर्दै रहेको लोकको साझा सम्पत्ति भएको अनुपम लयात्मक अभिव्यक्ति हो । लोकसमाजको प्रतिबिम्ब लोकगीत भएकोले यसमा लोकसमाजका सुख–दुःख, हाँसो-आँसु, हर्ष-विस्मात्, घात-प्रतिघात, मिलन-बिछोड, माया-प्रेम, विरह आदि भावहरू प्रतिबिम्बित भएका हुन्छन् । लोकगीतमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । त्यसैले लोकगीत समाजमा सर्वाधिक चर्चित बन्न पुगेको हो । लोकगीतको आत्म भनेको नै लोकसङ्गीत हो र यो शास्त्रीय सङ्गीतको मूल स्रोत पनि हो भनेर ठोकुवासाथ भन्न सकिन्छ ।"

जात र समाज अनुसारका लोकगीत प्रचलनमा आउने गर्दछन् । लोकगीतकै रूपमा हेर्दा खस-बाहुन समाजमा सिलोक, कविता, भजन, कीर्तन, संगिनी आदि प्रचलित छन् । त्यसैगरी गुरूङ्ग-मगर समाजमा घाटु, रोइला, सोरठी आदि गाइन्छन् । तामाङ र शेर्पा जातिको समाजमा सेलो गाइन्छ । यसरी लोकगीत जाति, समाज र ठाउँ अनुसार फरक-फरक स्वरूपमा देखापर्दै त्यस समाजको सुख–दुःखको साथी बनेको हुन्छ ।

## २.३ लोकगीतका विशेषता

लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीत पनि एक लोकप्रिय विधा मानिन्छ । समाजमा घट्ने जस्तासुकै घटना, मानिसको रहनसहन तथा रीतिरिवाज, जीवनमा भोगिने अनेक अवस्था आदिको चित्रण लोकगीतमा गरिएको हुन्छ । लोकगीतले कोमल तथा कठोर दुबै प्रकारको जीवन भोगाइबाट निस्कने कल्पना र यथार्थका विविध पक्षलाई समेटेको हुन्छ । नेपाली लोकगीत खेतीपातीमा व्यस्त हुँदा थकाइ मेट्ने साधनको रूपमा प्रयोग भएको हुन्छ । त्यस्तै घाँस-दाउरा जाँदा, गाईगोठाला जाँदा, रामरमितामा रमाइलो गर्न, आफ्ना मनका सुख-दुःखलाई व्यक्त गर्न, चिन्तित भएको बेला मन बुझाउन लोकगीत गाउने गरिन्छ । लोकगीत केटाकेटीदेखि लिएर बूढाबूढीसम्मकाले निकै रूचिका साथ गाउने र सन्ने गरेको पाइन्छ । केटाकेटी खेल्दा गीत गाएर रमाउने, युवायुवतीले माया-प्रीति साटासाटा गर्ने र बुढ्यौलीमा परत्र सुधार्न लोकगीत गाइने गरिन्छ । आदिकालदेखि प्रचलनमा आएको लोकगीतको क्षेत्र व्यापक भएकाले यसका विशेषता पनि यति नै हुन्छन् भन्न सकिँदैन । यहाँ लोकगीतका मुख्य-मुख्य विशेषतालाई बुँदागत रूपमा चर्चा गरिएको छ ।

### २.३.१ मौखिक परम्परा

लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिबद्ध गरेर सङ्कलन गर्न सकिए तापनि रच्न भने सकिँदैन । लोकगीत एक पिँढीबाट अर्को पिँढी, एक जिब्रोबाट अर्को जिब्रोमा, एउटा गाउँबाट अर्को गाउँमा, एक ऋतुबाट अर्को ऋतुमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले लोकगीत गतिशील र परिवर्तनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको प्रमुख विशेषता हो ।

### २.३.२ अज्ञात रचयिता

लोकगीतको रचना यसैले गरेको हो भन्ने कुनै निश्चितता हुँदैन । लोकगीत समय सीमालाई नाघेर निरन्तर प्रवाहमा बग्दै जान्छ र यसको स्रष्टा पार्श्वभूमिमा नै छिपेको हुन्छ । त्यसैले लोकगीत कुनै व्यक्तिको रचना नभई लोकको रचना हो । गाउँले जीवनको स्वतस्फूर्त अभिव्यक्तिका रूपमा आएको लोकगीत गतिशील हुन्छ । समयको गतिसँगै एक पुस्ताबाट अर्को पुस्ता, एक ठाउँबाट अर्को ठाउँ सर्दै जाँदा यसले आफूमा पनि लगातार परिवर्तन ल्याएको हुन्छ । परिवर्तन हुँदै आए तापनि यसको मूल भावनामा भने आमूल परिवर्तन हुँदैन । त्यसैले लोकगीतको रचयिता अज्ञात हुन्छ र प्रत्येक पुस्ता र भेगमा सर्दा यसको बाह्य र आन्तरिक कलेबरमा समेत सूक्ष्म रूपले परिवर्तन देखापर्दछ । लोकगीत पहिले नै लिपिबद्ध नहुने हुँदा यसको रचयिता वा गीतकार अज्ञात रहनु पनि मुख्य विशेषता नै हो ।

### २.३.३ सामूहिक भावभूमि

लोकगीत लोकजीवनको सामूहिक अभिव्यक्तिको माध्यम हो । यसमा कुनै किसिमको सीमाबन्ध हुँदैन । एक ठाउँमा चलेको लोकगीतलाई एउटा व्यक्तिमा मात्र सीमित नभएर त्यो त त्यस समाजको सामूहिक सम्पत्ति ठहर्छ । लोकगीतमा जसले गाए पनि पीडा र उल्लास भने सामूहिक रूपमा प्रभाव पर्ने गर्दछ । लोकगीतमा मानवीय भावनालाई सामूहिक रूपमै व्यक्त गरिएको हुन्छ । बौद्धिकता भन्दा हार्दिक पक्षलाई बढी जोड दिने हुनाले लोकगीत निकै लयदार हुन्छ । लोकगीत सामाजिक उपजमा प्रस्फुटन हुने हुनाले सामूहिक भावभूमि लुकेको हुन्छ । त्यसैले लोकगीत व्यक्तित्त्वविहीन भएकोले यसले वैयक्तिकताबाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

### २.३.४ सहजता र स्वाभाविकता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । लोकगीत सिर्जनामा पनि कठिनाइ पर्दैन । लोकगीत स्वस्फूर्त रूपमा सिर्जित भएको हुन्छ । त्यसैले लोकगीत समाज र जातिको जीवित इतिहास हो । यो क्षणिक आवेश र सस्तो मनोरञ्जनको साधन मात्र होइन । यद्यपि लोकगीतमा किशोर-किशोरी र युवा–युवतीको प्रेम, उल्लास र वेदना मुखरित भएका हुन्छन् ।[१९] लोकगीतमा मानिसको कानलाई मात्र होइन मनलाई पनि सुख र प्रेरणा दिन सक्ने क्षमता लुकेको हुन्छ । यसको अभिव्यक्तिको आधार पनि लोक भावनालाई अँगालिने सरलता र सहजता नै हो । त्यसकारण प्रत्येक समाज र जातिको जीवित इतिहास सहज र स्वाभाविक रूपमा लोकगीतमा अभिव्यक्त भएको हुन्छ ।

### २.३.५. मौलिकता र सरलता

लोकगीत स्वभावैले स्वच्छ, सरल र सरस हुन्छ । यदि यसो हुँदैन्थ्यो भने लोकमानसले सहज रूपले पचाउन सक्दैन्थ्यो । लोकगीतमा प्रयुक्त भाषा आफ्नै पन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्‌गार एवम् झङ्कार व्यक्त गर्न पर्याप्त सक्षम रहेको हुन्छ । लोकगीतमा व्यक्त हुने लयले सहजै हृदयलाई छुन सकेको हुन्छ । त्यसैले लोकगीत मौलिकपनाले छताछुल्ल भएर रहेको  हुन्छ । यसमा बनावटी र पूर्वनिश्चित सिद्धान्त रहेको हुँदैन । जस्तो अवस्था छ, त्यस्तै प्रकारका लोकगीत प्रस्फुटन हुने गर्दछ । यही विशेषताले लोकगीतको भाव सजिलै बुझ्न र ग्रहण गर्न सकिन्छ ।

### २.३.६. प्रकृति-चित्रण

लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध गाँसेको हुन्छ । प्रायः लोकगीतको पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोश्रो पङ्क्तिमा अर्थतात्त्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिएको हुन्छ । बसन्तको हरियाली, वर्षाको झरी, बादल, बिजुली, खोला, भीर, पाखा आदिको वर्णन गरिएको हुन्छ । प्रकृतिसँग तादात्म्य भई हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले

---

[१९] वासुदेव त्रिपाठी, **सिंहावलोकन**, (काठमाडौँः साझा प्रकाशन, २०३१), पृ. ३ ।

देखेका र आफूले भोगेका कुरालाई लोकजीवनले टिपेर गेयात्मक रूपमा प्रकट गर्दछ । जेहोस् लोकगीतमा प्रकृतिको चित्रण व्यापक रूपमा भएको हुन्छ ।

### २.३.७. प्रश्नोत्तर प्रवृत्ति

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । झ्याउरे (झाम्रे), युगल गीत प्रश्नोत्तर–प्रधान लोकगीत हुन् । एक पक्षले प्रश्न गर्ने र अर्को पक्षले उत्तर दिने, सुन्ने मानिसलाई अब के उत्तर आउँछ ? भन्ने जिज्ञासा र कौतुलहता जति बेला पनि सिर्जना भएको हुन्छ । यी प्रश्नोत्तर प्रधान गीतमा सीधा प्रश्न र उत्तर हुने गर्छन् र ती सहज तथा रागात्मक भएर सामाजिक भावनासँग सम्बद्ध हुन्छन् । दोहोरी खेल्दा गीतमा अति छिटो उत्तर बनाइन्छ वा प्रश्न बनाइन्छ । धेरैबेर समय नलाग्ने र गाइरहुँ र सुनिरहुँजस्तो लाइरहने लोकगीतको विशेषता हो ।

### २.३.८. स्वच्छन्दता

लोकगीत लोकजीवनको सहजानुभूतियुक्त हार्दिक अभिव्यक्ति हो । लोकगीत कुनै पनि नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफैं पहिल्याएको गति, यति र लयमा प्रवाहित भइरहेको हुन्छ । लोकगीतलाई कुनै नियम बन्धनमा राख्नु पनि उचित कुरो होइन । लोकसर्जकहरूको अनुभूतिमा निःसृत हुने भएकाले नै लोकगीतमा लय पनि लोकजीवनमै समाहित हुन सक्दछन् । यिनै विविध कारणले गर्दा लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

### २.३.९. पुनरावृत्ति र थेगोको प्रयोग

लोकगीतमा प्रत्येक चरणपछि भइरहने पुनरावृत्तिलाई 'टेक', 'रिटेक' आदि भनिन्छ । लोकगीतको पहिलो पङ्क्ति प्रायः दोहोऱ्याएर गाइन्छ । गाउने क्रममा अनेक किसिमका थेगो प्रयोग गर्ने गरिन्छ । थेगो वा रहनीको प्रयोगले गर्दा लोकगीत अत्यन्तै रसिलो पनि हुन्छ ।

यसरी माथि प्रस्तुत गरिएका विशेषताहरू नै लोकगीतका खास विशेषताहरू हुन् । खासगरी लोकजीवनका विविध विषयवस्तुहरूलाई टपक्क टिपेर लयात्मक रूपमा सजाई लोकगीतको निर्माण गरिने हुनाले पनि लोकगीतहरूमा ती माथिका विशेषताहरू हुनु अनिवार्य मानिन्छ ।

## २.४ लोकगीतका तत्त्व

लोकगीत लोकसाहित्यको श्रव्य विधा हो । परम्परादेखि मौखिक रूपमा प्रस्तुत हुँदै आएका लोकगीतहरूले सामाजिक जनजीवनका विभिन्न अनुभूति, विचार र चिन्तनहरूलाई कलात्मक रूपले अभिव्यक्त गर्दछन् । कुनै पनि विषयलाई लयमा ढालेर सङ्गीतबद्ध रूपमा प्रस्तुत गरिनु लोकगीतको मौलिक परिचान हो । लेख्य साहित्यमा कविता विधाले लिएको स्थान लोकसाहित्यमा लोकगीतले लिने गरेको छ । सामान्य रूपमा गीत र कविता समान देखिन्छन् । त्यसैले धेरै विवेचकहरूले कविता विश्लेषण गर्ने आधारलाई नै लोकगीतको विश्लेषणको आधार बनाएका छन् । यो गलत साँचाइ हो । लोकगीत लोकसङ्गीत हो । यसको संरचना कविताको भन्दा भिन्न किसिमको हुन्छ । सङ्गीतशास्त्रीय तत्त्वका आधारमा लोकगीतको संरचनालाई केलाउँदा लोकगीतमा निम्नलिखित पाँच तत्त्वहरू हुन्छन् ।[२०]

### २.४.१ कथ्य/विषयवस्तु वा भाव

कवितामा जस्तै लोकगीतमा पनि भाव वा विषवस्तुको प्रधानता रहेको हुन्छ । लोकजीवनमा मानिसले देखे-भोगेका कुनै पनि विषयलाई आ-आफ्नै अनुभूतिका आधारमा व्यक्त गर्दछन् । जीवनमा आइपर्ने सुख-दुःख, मिलन-बिछोड आदि अनेकौं विषय वा भाव लोकगीतमा प्रकट भएको हुन्छ । लोकगीतका एउटै पङ्क्तिमा पनि जीवनको सच्चा अभिव्यञ्जना गर्न सक्ने सामर्थ्य हुन्छ । यसरी लोकगीतमा विषय वा भाव पक्षले प्रमुख भूमिका खेलेको हुन्छ, जसले गर्दा लोकगीत बढी गतिशील र भावपूर्ण बन्न जान्छ ।

### २.४.२ भाषा

नेपाली लोकगीतको सिर्जना विशेष गरेर ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका मानिसहरूबाट नै हुने गर्दछ । यसरी गाउँमा बस्ने शिक्षित एवम् अशिक्षित दुवै थरीका मानिसहरूबाट समाजमा बोलचालको क्रममा प्रयोग गरिँदै आएका शब्दहरूलाई नै टपक्क टिपेर लोकलयको माध्यमबाट लोकगीतको निर्माण गरिने हुनाले नेपाली लोकगीतको भाषा सरल, सहज एवम् परम्परागत रूपमा ग्रामीण क्षेत्रमा पाइने झर्रा तथा ठेट शब्दहरूको नै बढी प्रयोग भएको पाइन्छ ।

---

[२०] मोतीलाल पराजुली, लोकगीतको संरचना, **कुञ्जिनी,** (काठमाडौंः वर्ष ११/अङ्क ८, २०६०), पृ. २५ ।

### २.४.३ स्थायी, अन्तरा र थेगो

गीतमा पटक-पटक दोहोरिएर आउने भागलाई नै स्थायी भनिन्छ । यो गीत गाउँदासम्म भट्याउनेहरूले यसलाई भट्याइ नै रहन्छन् । यसलाई रिटक वा टेको भन्ने गरेको पनि पाइन्छ । त्यस्तै स्थायीको साथ-साथमा गीतमा क्रमशः आइरहने नयाँ-नयाँ चरणहरूलाई अन्तरा भनिन्छ । अन्तरा दोहोरिँदैन । यसरी स्थायी र अन्तराले पनि लोकगीतमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

त्यस्तै लोकगीतमा थेगो र पुनरावृत्तिलाई पनि तत्त्वको रूपमा नै मान्न सकिन्छ । गीतअनुसार थेगो र पुनरावृत्ति भएको पाइन्छ । थेगोलाई रहनी वा टेक पनि भनिन्छ । लोकगीतमा बारम्बार आउने थेगोको आफ्नै खालको महत्त्व छ । थेगो र रहनी छुट्टाछुट्टै हुन् भन्ने गरेको पनि पाइन्छ । थेगोमा एउटा, दुइटा शब्द मात्रै हुन्छन् । ती शब्द अर्थपूर्ण वा निरर्थक जस्तो पनि हुन सक्छन् । ए कान्छी, ए साइँली, निर्माया, लालीमै, बरिलै च्याट्टजस्ता शब्दहरूलाई थेगोको रूपमा लिन सकिन्छ ।

### २.४.४ लय वा भाका

लोकगीतलाई लय वा भाकाद्वारा नै व्यक्त गरिएको हुन्छ । जुनसुकै गीतको पनि गाउने तरिका आ-आफ्नै प्रकारको हुन्छ । लोकगीतमा गीत गाउने खास शैली नै भाका हो । लोकगीतमा आउने परिवर्तनलाई भाका परिवर्तन पनि भनिन्छ । थेगोहरूका आधारमा ए ठूली भाका, निर्माया भाका, नैना रेसम भाका, सालैजो भाका, चाइना कम्पनी भाका, पियारी भाका, निर्जाले भाका आदि छन् । एउटै गीतलाई पनि विभिन्न लय वा भाकामा पनि गाउने गरेको पाइन्छ । लय भन्नु नै लोकगीतलाई व्यक्त गर्ने माध्यम हो । जसले गर्दा लोकगीतमा मिठास थपिन्छ । लयका हिसाबले लोकगीतहरू द्रुत, मध्य र विलम्बित गरी तीनवटा लयका भेटिन्छन् ।

### २.४.५ सङ्गीत

लोकगीतको संरचना निर्माण गर्ने एक महत्त्वपूर्ण तत्त्व सङ्गीत हो । ध्वनितरङ्गहरूको आपसी मेलद्वारा उत्पन्न हुने लय र आनन्ददायक स्वरको संयुक्त अभिव्यक्ति सङ्गीत हो । यस्तो सङ्गीत ध्वनिहरूको सङ्गठित तरङ्गबाट उत्पन्न हुन्छ । लोकगीतमा सङ्गीत सामान्यतः दुई किसिमबाट

निर्मित हुन्छः- आन्तरिक सङ्गीत र बाह्य सङ्गीत । गीतमा प्रयोग हुने ध्वानितरङ्गहरूको आपसी मेलद्वारा उत्पन्न हुने लय र आनन्ददायक शाब्दिक अभिव्यक्ति आन्तरिक सङ्गीत हो । गीत गाउनमा यस्ता ध्वनितरङ्गहरूले श्रुति मधुरता र श्रोताहरूलाई मन्त्रमुग्ध पनि गर्दछन् । बाह्य सङ्गीतको अभावमा पनि भाषिक अभिव्यक्तिकै माध्यमद्वारा सङ्गीत प्रदान गर्ने हुँदा लोकगीतमा अन्तरिक सङ्गीतको विशिष्ट भूमिका हुन्छ । बाद्यहरूको प्रयोग नगरी गाइने गीतहरूमा आन्तरिक सङ्गीतमात्र हुन्छ । [२१]

माथि प्रस्तुत गरिएका तत्त्वहरू नै लोकगीतका अनिवार्य तत्त्वहरू हुन् । यी तत्त्वहरूमध्ये कुनै एक तत्त्वको अभावमा लोकगीत सुव्यवस्थित र पूर्ण बन्न सक्दैन । त्यसकारण लोकगीतलाई प्रभावकारी बनाउन र श्रोताहरूलाई मन्त्रमुग्ध बनाउनको लागि पनि आन्तरिक तथा बाह्य रूपबाट लोकगीत ती सबै तत्त्वहरूको समायोजनबाट निर्माण गरिएको हुनुपर्छ ।

## २.५.लोकगीतको महत्त्व

कुनै पनि समाजमा लोकगीतको महत्त्व निकै रहेको हुन्छ । साहित्यको विकासको पहिलो खुट्किलो लोकसाहित्य हो । यसमा पनि जेठो विधा लोकगीत हो । समाजमा घट्ने यावत घटनाहरू, समाजको रोदन-क्रन्दन, हाँसो, माया-प्रेम, आस्था, धारणा आदि मानवीय अनुभूति लोकगीतमा प्रस्फुटन हुने हुँदा यसको महत्त्व अवर्णनीय छ । लोकगीतले समाजको विभिन्न पक्षलाई छोएको र उतारेको हुन्छ । कुनै पनि देशको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका रहन्छ । पुर्खादेखि चलेका चलन, भोगेका सुख, रीतिस्थिति र प्रमुख घटनाहरू लोकगीतमा रहँदै आएका हुन्छन् । लोकगीतको माध्यमबाट त्यस समाजमा प्रचलित भाषाको अध्ययन गर्न सहयोग पुग्छ । लोकगीतमा झर्रा तथा ठेट शब्दहरूको प्रयोग हुने हुँदा त्यस भाषाको स्तर निर्धारण गर्न लोकगीतले ठूलो भूमिका खेल्दछ । त्यसै गरेर समाजको सांस्कृतिक पक्षको उद्घाटन पनि लोकगीतमा हुन्छ । समाजका विभिन्न जाति, रहनसहन, सामाजिक तथा मानवीय क्रियाकलाप उनीहरूले गाउने लोकगीतमा पाइन्छ ।

यसरी लोकगीतले सामाजिक जीवनको चित्रण गर्ने, समाजलाई एकजुट पार्ने वा सामाजिक परम्परालाई बलियो पार्ने कार्य गर्ने हुँदा लोकगीतको समाजमा निकै ठूलो महत्त्व  छ ।

---

[२१] मोतीलाल पराजुली, लोकगीतको संरचना, **पूर्ववत्**, पृ. २६ ।

## २.६ लोकगीतको वर्गीकरण

लोकगीत लोकसाहित्यको निकै सम्पन्न विधा भएकोले यसको क्षेत्र अत्यन्त व्यापक छ । त्यसैले पनि यसको वर्गीकरण गरेर विभाजनको अठोट गर्नु निश्चय नै कठिन छ । लोकगीतको अध्ययन र अनुसन्धान गर्ने प्रत्येक विद्वान्ले आ-आफ्नै दृष्टिकोणले यसको वर्गीकरण गरेका छन् । अन्य देशमा लोकगीतको वैज्ञानिक अध्ययन धेरै भए तापनि नेपालमा भने हुन सकेको छैन । त्यसैले नेपाली लोकगीतको वैज्ञानिक अध्ययन नभएकोले यसको खोज र अध्येताहरूले यसलाई आफ्नै तरिकाले वर्गीकरण गरेका छन् । लोकगीतमा विविधता, बहुरूपता र नवीनता देखिनाले यसको वर्गीकरण गर्दा कुनै पनि विद्वान्ले आफूभन्दा पहिलेका विद्वान्ले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणाअनुसार नयाँ वर्गीकरणलाई पेस गरेका छन् तर कुनै पनि विद्वान्ले गरेको वर्गीकरणलाई सर्वसम्मत र वैज्ञानिक भने मान्न सकिने स्थिति छैन । यस सन्दर्भमा विदेशी तथा स्वदेशी विद्वान्हरूले गरेका लोकगीतको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ -

भारतीय लोकसाहित्यका प्रसिद्ध विद्वान् कृष्णदेव उपाध्यायले लोकगीतको वर्गीकरण पाँच आधारमा गरेका छन् । उनका अनुसारः १. लोकगीत गाइने संस्कार २. रसानुभूति प्रणाली ३. ऋतु र व्रत ४. क्रियागीत ५. जाति ।[२२] सन्तराम अनिलले रस, राग, कथावस्तु र वसरको अनुकूलता गरी चार भागमा वर्गीकरण गरेका छन् ।[२३] यिनले आफ्नै वर्गीकरणमा गायनलाई आधार लिएका छैनन् । त्यसै गरेर स्वर्णलताले विषयवस्तुको आधारमा लोकगीतलाई चार भागमा वर्गीकरण गरेकी छन् । । १. संस्कार गीत २. व्यावसायिक गीत ३. अवसारिक गीत ४. वैलासिक वा मनोरञ्जन सम्बन्धी गीत ।[२४] यस वर्गीकरणमा भने सैद्धान्तिक आधार देखिन्छ किनभने यसमा प्रायः सबैजसो प्रचलित लोकगीतहरू समावेश भएका छन् । लोकगीतमा देखिएको आलोच्य दृष्टिकोणलाई साम्य पार्न तथा वैज्ञानिक अवधारणानुरूप वर्गीकरणको आधार प्रस्तुत गर्न श्रीराम शर्माले लोकगीतको वर्गीकरण गर्दा गायक वर्गको आधार, गाउने वातावरण, गायन पद्धतिको आधार र लोकगीतको रूपात्मक विविधताको

[२२] कृष्णदेव उपाध्याय, **लोक साहित्यकी भूमिका**, (प्रयागः साहित्य भवन लिमिटेड, इ. १९५७), पृ. २७ ।

[२३] सन्तराम अनिल, **कन्नोज लोकसाहित्य,** (दिल्लीः अभिनय प्रकाशन, इ. १९७५), पृ. ४४ ।

[२४] स्वर्णलता, **लोकसाहित्य विमर्श**, (विकानेरःएन स्मृति प्रकाशन, इ. १९७९), पृ. ४५ ।

आधारजस्ता तथ्यलाई ध्यानमा राख्नुपर्ने कुरा बताएका छन् ।[२५] यसरी भारतीय विद्वान्हरूले विभिन्न आधारमा लोकगीतलाई वर्गीकरण गरी देखाएका छन् ।

लोकगीतको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले पनि आ-आफ्नै धारणा राखेका छन् । पूर्णप्रकाश नेपाल 'यात्री' ले यसरी राखेका छन् - 'लोकसिर्जित गीत, लोकरचित गीत र लोकविषयक गीत ।[२६] अर्का लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई सामयिक लोकगीत (ऋतु, मौसम वा चाडअनुसार गाइने) र सामान्य (जहिले पनि गाउन सकिने) गरी दुई भागमा वर्गीकरण गरेका छन् ।[२७] यसैगरी काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको प्रस्तुतिकरणलाई आधार मानेर यसको वर्गीकरणलाई सकर्मक र अकर्मक गरी दुई भागमा बाँडेका छन् ।[२८] नेपाली साहित्यका समालोचक ईश्वर बरालले अवस्थाअनुरूप ऋतु परिस्थितिलाई आधार मानेर लोकगीतलाई १८ भागमा वर्गीकरण गरेका छन्- मादले, रोदी, छोकडा, टप्पा, लवरी, मालश्री, सिलोक,संगिनी, गाइने, जुवारी, सवाई, कलन, भैलो, देउसी, रत्यौली, बाह्रमासे, प्रभाती, निर्गुण, झ्याउरे ।[२९]

यस वर्गीकरणले विस्तृत आधार लिएको देखिन्छ । यिनको यो वर्गीकरणलाई वर्गीकरण भन्नुभन्दा सङ्कलित लोकगीतको टिपोट भन्नु युक्तिपूर्ण देखिन्छ । यसैगरी समालोचक दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन्- ती हुन् १) संस्कारसम्बन्धी लोकगीत २) ऋतुकालीन लोकगीत  ३) क्रियासम्बन्धी लोकगीत, ४) विविध लोकगीत ।[३०] धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्यको चर्चा गर्दा लोकगीतको वर्गीकरण सातवटा आधारमा गरेका छन् । ती हुन् १) सामान्य गीत  २) ऋतु वा व्रत सम्बन्धी गीत, ३) संस्कार गीत, ४) कर्मगीत, ५) पर्वगीत, ६) लोकनृत्य वा नृत्यगीत र ७) विविध गीत ।[३१] यसैगरी कृष्णप्रसाद पराजुलीले लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्रका र जीवनचक्रसम्बन्धी लोकगीत गरी दुई किसिमका लोकगीतको बारेमा चर्चा गरेका छन् ।

---

[२५] श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग** (आगरा: विनोद पुस्तक मन्दिर, ई. १९८१), पृ. ६४ ।

[२६] पूर्णप्रकाश नेपाल "यात्री" "नेपाली लोकगीत"(विचारमञ्च), **मधुपर्क** ( वर्ष १५, अङ्क८, २०३९) ।

[२७] सत्यमोहन जोशी, "लोकगीतको केही झल्का", **प्रगति**, पूर्ववत्, पृ. १४५ ।

[२८] काजीमान कन्दङ्वा, **पूर्ववत्**, पृ. १३ ।

[२९] ईश्वर बराल, "नेपाली लोकगीतका विषयमा" **प्रगति** (वर्ष १, अंक ५,२०१०), पृ. ९७-१०१ ।

[३०] दयाराम श्रेष्ठ, 'सम्भव, **पूर्ववत्**, पृ. १५ ।

[३१] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्** पृ. ९४ ।

वर्षचक्रका लोकगीतलाई बाह्रमासे लोकगीत र ऋतुकालीन लोकगीत गरी दुई भेद देखाएका छन् । ऋतुकालीन लोकगीतलाई पनि पर्वगीत र कर्मगीत गरी विभाजन गरेका छन् भने अर्कोतिर जीवनचक्र सम्बन्धी लोकगीतलाई संस्कार गीत, उमेर अवस्थासम्बन्धी गीत नृत्य गीत गरी तीन भेद देखाएका छन् ।[३२]

यसप्रकार विभिन्न विद्वान्द्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै वर्गीकरणको ढाँचालाई हेरेर नेपाली लोकगीतको वर्गीकरण निम्नलिखित आधारमा गर्नु सान्दर्भिक देखिन्छ –

### २.६.१ **विषयवस्तुका आधारमा**

कुनै पनि लोकगीतमा कुनै न कुनै विषयवस्तु वा भावको उपस्थिति रहेको हुन्छ । लोकगीतको सर्जक अज्ञात भएपनि उसले पौराणिक, ऐतिहासिक एवम् सामाजिक विषयवस्तुलाई टपक्क टिपेर लोकलयमा उतार्ने क्रममा लोकगीतको निर्माण हुने हुँदा विषयवस्तुका आधारमा लोकगीतलाई निम्न तीन भानगमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

#### २.६.१.१ **पौराणिक विषयवस्तु**

पुराण, वेद, उपनिषद् एवम् धार्मिक गन्थ्रहरूलाई आधार लिएर सिर्जना गरिएका लोकगीतहरू यस अन्तर्गत पर्दछन् । नेपाली समाजमा विशेषगरी हिन्दू धार्मिक ग्रन्थहरूको प्रभाव रहेको हुनाले पनि लोकगीतमा यस्ता विषयवस्तुहरू देखा पर्न गएका हुन् ।

नेपालमा प्रचलित बालन, घाटु, सोरठी, भजन आदि पौराणिक विषयवस्तुमा आधारित लोकगीत हुन् । उदाहरणका रूपमा यहाँ एउटा भजन गीतको सानो अंश हेरौँ–

अशोकाका रूखमाथि बसे कृष्ण काले
गोपिनीले तलबाट कपडा माग्न थाले[२]
कार्त्तिकको ठण्डा जाडो जलमा कति बसौं[२]
साडी–चोली दिन्नौ भने हामी यसै मर्छौं[२]
माथिबाट हाम्लाई ल्यौ–ल्यौ मेरा कपडा[२]

---

[३२] कृष्णप्रसाद पराजुली,"नेपाली लोकगीतको वर्गीकरण",**ओलन** (काठमाडौंः काभ्रेली परिवार,२०५१)पृ. १६।

### २.६.१.२ ऐतिहासिक विषयवस्तु

कुनै पनि समाजलाई त्यस समाजको इतिहासले प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । खासगरी समाजका मानिसहरूले इतिहासमा घटेका घटना एवम् त्यस घटनाहरूसंग सम्बन्धित विषयवस्तुहरूलाई बिर्सना सक्दैनन् । यसरी इतिहासमा भएका घटनाक्रम एवम् विषयवस्तुहरूलाई मानिसहरूले संस्मरण गर्दै कुनै न कुनै रूपमा भएपनि लोकलयमा सजाएर लोकगीतको सिर्जना गर्ने गर्दछन् । नेपालमा प्रचलित खाँडो, कर्खाजस्ता लोकगीतहरू ऐतिहासिक विषयवस्तुमा अधारित लोकगीत हुन् । उदाहरणका रूपमा खाँडो गीतको एउटा अंश हेरौँ ।

श्री ३ महमहाराजा सरजङ्गबहादुरके फौजके, फौजमे, काशीके तीरमे

मन्त्रीके खेलसे, मन्त्रीको बुझको बुझसे,चले लस्करजी धन्ने-धन्ने मन्त्री

### २.६.१.३. सामाजिक विषयवस्तु

मानिसले समाजमा भोगेका दु:ख–सुख, हाँसो-रोदन, मिलन–बिछोडजस्ता विभिन्न विषयवस्तुहरूलाई लिएर लोकलयमा आफ्ना भावनाहरूलाई लोकगीतको माध्यमबाट समाजमा अभिव्यक्त गर्दछ । वास्तवमा मानिसले आफ्नो जीवन भोगाइको क्रममा समाजमा देखिने यथार्थतालाई अभिव्यक्त गर्ने क्रममा पनि यस्ता लोकगीतहरू समाजमा भेटिन्छन् । रत्यौली, तीजे, झ्याउरे, रोइला, ख्याली, चुड्काजस्ता गीतहरूमा सामाजिक परिवेश बढी झल्कने हुँदा यी गीतहरूलाई सामाजिक विषयवस्तुमा आधारित लोकगीत अन्तर्गत राख्न सकिन्छ । उदाहरणका रूपमा यहाँ एउटा तीजे गीतको केही हरफहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ –

ससुराको घरमा मैले नराम्रो लाइछैन<br>
खद्दरको धोती बाहेक देख्न पाइँदैन[२]<br>
सासूको घरमा मैले नमिठो खाइछैन<br>
सेतो र सितो मैले देख्न पाइँदैन[२]

### २.६.२ प्रकार्यका आधारमा

नेपाली लोकगीतहरूलाई तिनको गायन सन्दर्भका दृष्टिले विविध गीतहरूमा छुट्याउन सकिन्छ । खासगरी कुनै लोकगीतहरू जुनसुकै समय अवस्था एवम् अवसरमा गाउन सकिन्छ भने कुनै लोकगीतहरू विशेष अवस्था एवम् अवसरमा मात्रै गाउने गरिन्छ । यसरी प्रकार्य

एवम् गायन सन्दर्भका दृष्टिले नेपाली लोकगीतहरूलाई दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।


### २.६.२.१. **सामान्य गीत**

जुनसुकै अवसर, अवस्था एवम् समयमा गाउन सकिने लोकगीतहरूलाई नै सामान्य लोकगीत भनिन्छ । सामान्य गीतहरू वर्षभरि नै जति बेला पनि गाइने हुनाले यसलाई सदाकालिक एवम् बाह्रमासे लोकगीत पनि भनिन्छ । नेपालमा प्रचलित रोइला, ख्याली, सालैजो, झ्याउरे बालगीतजस्ता लोकगीतहरू नै सामान्य लोकगीत हुन् । सामान्य गीतको उदाहरणको रूपमा यहाँ एउटा झ्याउरे गीतको हरफहरू प्रस्तुत गर्न सकिन्छ –

काग कराउँदै घरमुनि आइदेला, घरमुनि आइदेला
चस्को पर्ला मनमा त्यो बेला चिसापानीमा
चिसापानीमा सम्झी नरोए जिन्दगानीमा[2]
तिम्रो मनमा जति पीर परेनी, जति पीर परेनी
सपनीमा आइरन्छु मरेनी, चिसापानीमा
चिसापानीमा सम्झी नरोए जिन्दगानीमा[2]

### २.६.२.२. **विशेष एवम् विशिष्ट गीत**

कुनै खास अवसर, समय तथा अवस्थाहरूमा गाइने लोकगीतहरू नै विशेष तथा विशिष्ट गीत हुन । खासगरी खेती–पाती एवम् मेला–पातको बेलामा गाइने श्रमगीत, विभिन्न चाडपर्वहरूमा गाइने पर्वगीत, विभिन्न संस्कारहरूमा गाइने संस्कार गीत, ऋतु परिवर्तन अनुसार गाइने ऋतुकालीन गीत तथा विभिन्न पूजा-आजको क्रममा गाइने धार्मिक गीतहरू विशेष गीत अन्तर्गत पर्दछन् । यसरी नेपालमा प्रचलित विशेष एवम् विशिष्ट लोकगीतहरूलाई निम्न रेखाचित्रहरूमा देखाई क्रमशः तिनको चर्चा गर्न सकिन्छ –



**क. संस्कार गीत**

नेपाली समाजमा एउटा बच्चा जन्मदेखि उसको मृत्यु हुँदासम्मको विभिन्न अवस्थाहरूमा रीतिरिवाज एवम् परम्परागत मूल्य-मान्यताको आधारमा संस्कारहरू गर्ने परिपाटी छ । बच्चा जन्मेको छैठौँ दिनमा छैँटी गर्ने, एघारौँ दिनमा न्वारन गर्ने, छ महिनामा भातख्वाइ गर्ने, छोरीहरूको नाक-कान छेड्ने, छोराहरूको ब्रतवन्ध गर्ने, विवाह गर्ने, मर्दा काज-क्रिया गर्नेजस्ता परम्परा एवम् संस्कारहरू छन् । यसरी छैँटी, विवाह, ब्रतवन्धजस्ता विशेष अवसरमा गाइने माहल, रत्यौली, खाँडो आदिजस्ता गीतहरू मुख्य रूपले संस्कार गीत अन्तर्गत पर्दछन् । यहाँ संस्कार गीत अन्तर्गत पर्ने माहल गीतको केही हरफहरूलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ–

खाएम् आमा खाएम् आमा, मूलको र पानी
ल्याएम् आमा ल्याएम् आमा, कुलैकी र छोरी
मुगीमासे दाल आमा, भोटकै र नुन
खाएम् आमा खाएम् आमा, मीठा-मीठा भोजन ।

**ख. ऋतुगीत**

समयको परिवर्तन अनुरूप विभिन्न ऋतुमा गाइने गीतहरूलाई नै ऋतुगीत भनिन्छ । यस्ता गीतहरू विशेष समयमा मात्रै गाइने हुनाले पनि यसलाई ऋतुगीत भनिएको हो । नेपाली समाजमा प्रचलित जेठे, असारे, भदौरे, वसन्त, फागुजस्ता गीतहरू नै ऋतुगीत हुन् । ऋतुगीत अन्तर्गत पर्ने जेठे गीतको एउटा नमुना हेरौँ –

जेठे र मासका खरीलाग्दा (चर्का) घाम,
एकलै गोड्छ्यौ नि जिरिया (झार) है ।
तिमरा ससुरा कहाँ गए नानै,
केहुमा काम गर्छन् नि है ?

## ग. श्रमगीत

कुनै काम विशेषको अवसरमा गाइने विशेष गीतहरू नै श्रम गीत हुन् । यस्ता गीतहरू विशेष गरी मेला–पात गर्दा, गोडमेल गर्दा, बाली लगाउँदा गाइन्छन् । तराईका मैथिली, भोजपुरी र थारू महिलाहरूले चर्खाले धागो काट्दा चर्खे गीत, ओखलमा धान कुट्दा ओखरी फुटवाक गीत, धान काट्दा धनकटनीजस्ता श्रम गीत गाउँछन् । नेपाली ग्रामीण समजमा गाइने, धाइ, गोडेलो, बाली, रोपाईं, दाइँजस्ता गीतहरू नै श्रम गीत हुन् । उदाहरणका रूपमा मंसिर महिनामा दाइँ गर्दा गाइने एउटा दाइँ गीतको केही हरफहरूलाई प्रस्तुत गर्न सकिन्छ–

अनी मुरी झरूवा त बाह्रबीस राश
लंकै फूल फुल्यो पलङ्कै बास । दाइँमाडो परलैको फाँडो हो ..........हो
मियाको गोरूले मियो हल्यायो ।
पाटीको गोरूले भुमे बोलायो । दाइँमाडो परलैको फाँडो हो ................हो

## घ. पर्वगीत

ऋतु चक्रअनुसार विभिन्न चाडपर्वहरूमा गाइने विशेष गीतहरूलाई नै पर्व गीत भनिन्छ । तीजमा महिलाहरूले गाउने तीजे गीत, दशैंमा गाउने मालसिरी गीत, तिहारमा गाइने देउसी–भैली गीत फागुनमा होली पर्वमा गाइने फागुजस्ता गीतहरू नै पर्व गीत हुन् । यसको साथै गौरा, सराए, भुओ, बसन्तजस्ता गीतहरू पनि पर्व गीत अन्तर्गत नै पर्दछन् । उदाहरणका निम्ति पर्व गीतको एउटा नमुनाको रूपमा तीजे गीतका केही हरफहरूलाई तल प्रस्तुत गर्न सकिन्छ–

वर्ष दिनका तीजमा बाबा लिन आएका
पठाएनन् घरकाले फर्के फनक्क[२]
अति तल चौपारीमा बसे मेरा बाबा
स्वामी मन बुझाएर आउँछु बरिलै[२]

## ङ. धार्मिक गीत

धार्मिक अनुष्ठान, पूजाआजा, व्रत, प्रार्थना, भजनकीर्तन, आरती तथा देवीदेवतासँग सम्बन्धित लोकगीतलाई धार्मिक गीत भनिन्छ । धार्मिक गीत कुनै आरती एवम् प्रभातीको रूपमा दिनदिनै पनि गाइन्छन् भने कुनै विशेष संस्कार वा पूजा आजाका क्रममा गाइन्छन् । नेपालका विभिन्न क्षेत्रमा प्रचलित माहल, फागु, धमारी, भेलाउलो, पडेली, चुड्किलो, भजन–कीर्तन,

आरतीजस्ता गीतहरू धार्मिक गीत अन्तर्गत पर्दछन् । उदाहरणका रूपमा यहाँ एउटा भजन गीतको केही अंशलाई तल प्रस्तुत गर्न सकिन्छ–

हो...........हो...............बाला मेरो रामज्यूलाई राज्य दिन्छु[२]
राज्य दिन्छु, हो ............रजाइ दिन्छु
गुफा सयन बसी तपया लिन्छु
बाला मेरो रामज्यूलाई राज्य दिन्छु[२]
हे .....................हो ...........................हो............
मन्त्री मेरा हो .......................सुमन्त्री मेरा[२]
सरजाम तयार गर ................
बाला मेरा रामज्यूलाई राज्य दिन्छु[२]
राज्य दिन्छु, मैले रजाए दिन्छु
गुफा सयन बसी तपया लिन्छु[२]

## २.७ नेपाली लोकगीतको अध्ययन–परम्परा

भाषाको विकाससँगै लोकजीवनले आफ्ना मनका भावनालाई लोकगीतका माध्यमबाट पोख्न थालेका छन् । लोकगीतको अस्तित्त्व वैदिक समयदेखि नै रहेको पाइन्छ । एकातिर स्तुतिपरक गीतहरू शिष्ट (लेख्य) साहित्यका रूपमा विकसित हुँदै आएको देखिन्छ भने अर्कोतिर लोकपरम्परामा लोकगीतका रूपमा पनि विकसित हुँदै आएको पाइन्छ । यस हिसाबले लोकगीतको अस्तित्त्व धेरै पहिलेदेखि रहँदै आएको बुझिन्छ ।

लोकगीतको प्रचलन भाषाको उद्भव कालदेखि नै हुन्छ भन्ने अनुमान लोकसाहित्यका विभिन्न विद्वान्हरूले लगाएका छन् । त्यसैले नेपाली भाषाको उद्भव बारे एघारौँ–बाह्रौँ शताब्दीदेखि नै अभिलेखको चर्चा गर्ने सत्प्रयासहरू भए पनि हालसम्म आधिकारिक प्राचीनतम् अभिलेखका रूपमा वि.सं. १३१७–२७ को अशोकचल्ल–कालीन बौद्धशीलास्तम्भलाई मानिएको छ ।[३३] यसपछि मात्र नेपाली भाषाको लेख्य रूप विभिन्न शिलालेख, अभिलेख, ताम्रप्रत्र, कनकपत्र पर्याप्त मात्रामा भेटिन्छन् । रिपु मल्लका पिता नाग मल्ल थिए र उनको समयमा रोपाइँ गर्दा भागेश्वरी ढुस्को' गाइन्थ्यो । जसलाई नेपाली लोकगीतको पहिलो नमुना मान्न सकिन्छ ।[३४] यस लोकगीतमा राजा नाग मल्ल र भागेश्वरी देवताको बीच भएको झगडाको संवाद  पाइन्छ ।

[३३] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रम,** (काठमाडौँः विद्या प्रकाशन, २०४५), पृ. ३८ ।

[३४] देवकान्त पन्त, (सम्पा.), **डोटेली लोक साहित्य,** (काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, २०३२), पृ १०४ ।

नाग मल्लका समयमा गाइएका अन्य मौखिक लोककाव्यका नमुना पनि उपलब्ध छन् । तिनै मौखिक लोककाव्यका नमुनाका आधारमा नेपाली लोकगीतको मौखिक परम्परा पन्ध्रौँ शताब्दीदेखि सुरू भएको अनुमान गर्न सकिन्छ ।

लोकगीतको मौखिक परम्पराका अतिरिक्त लहरी, सवाई, झ्याउरे आदि लोकलयमा लेखिएका साहित्यिक रचनाले पनि ठूलो योगदान दिएका छन् । यस्ता लोकलयमा लेखिएका रचनाहरूमा बसन्त शर्माको समुन्द्र लहरी, सन्त ज्ञानदिलदासको उदय लहरी, कृष्णप्रसाद रेग्मीको वीर लहरी, दानराज लामिछानेको बाह्रमासा आदि पर्छन् । यी खण्डकाव्य स्तरका रचना हुन् तापनि यिनमा एकातिर गेयात्मकता छ भने अर्कोतिर काव्यात्मकता पनि पाइन्छ । अन्य झ्याउरे र लहरी छन्दमा लेखिएका तर अश्लीलताको मात्रा बढी हुनाले लोकजीवनमा भिज्न नसकिने खालका रचनाहरू पनि पाइन्छन् । अश्लीलताको मात्रा सुधारिएको कृतिहरूमा महानन्द सापकोटाको मदन लहरीले झ्याउरे लोकछन्दलाई राष्ट्रिय स्तरमा चिनाएको देखिन्छ भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनले झ्याउरे लोकगीतप्रति आस्था र श्रद्धा बढाइदिएको छ ।

लोकगीतको सङ्कलन र प्रकाशन गर्ने काम थालिएको एक शताब्दी जति भएको होला । विश्वराज हरिहर शर्माको रागसङ्ग्रह वि.सं. १९६२ भन्दा अगाडि प्रकाशित भएको देखिन्छ । यसमा केही नेपाली गीत परेका छन् । ए.एम्. पठानको गोर्खा–गीत प्रकाश (पहिलो भाग) सन् १९१६ मा प्रकाशित भयो । चन्द्रशमशेरको हुकुम मुताबिक रचिएको यस कृतिमा पठानले नेपाली भाषामा झ्याउरे गीतका साथै केही नेवारी र भोटे भाषाका गीत पनि समाविष्ट गरेका छन् । नेपाली लोकगीतको सङ्कलनका दृष्टिले यस कृतिको ऐतिहासिक महत्त्व छ । क्याप्टन जी. डब्ल्यू वी. मोनेको गोर्खाली म्यानुएल सन् १९१८ मा प्रकाशित भएको थियो । यसमा मोनेल ब्रिटिस गोर्खा सेनामा कार्यरत नेपाली सिपाहीहरूबाट केही गीतहरू सङ्कलन गरेर रोमनमा लिपिबद्ध गरी समाविष्ट गरेका छन् ।

गोर्खा संसारमा वि.सं. १९८३ मा माहानन्द शर्माद्वारा लिखित 'नौलो कुरो' प्रकाशित भएको थियो । यस लेखलाई कमल दीक्षितले केही नेपाली लोकगीतको परिचय दिई आफ्नो दृष्टिकोण समेत व्यक्त भएको नेपाली लोकसाहित्यसम्बन्धी पहिलो लेख भनेका छन् । 'आशिका और सीता भारत' शीर्षक कृति १९२८ ई.मा बनारसबाट प्रकाशित भएको देखिन्छ । "आशिका" आशिष दिने लोकपरम्पराको एक रूप हो तर प्रकाशित आशिकामा मालिकाको वर्णन गरिएको छ । 'सीता भारत' मा लछुमनले सीतालाई लङ्कापति रावणको चित्र लेख्न

भनेको प्रसङ्ग आएकोले यो पुस्तक पं. शिवनिधि जोशीद्वारा लेखिएको भनिए तापनि यो कृति लोकजीवनबाटै संकलित गरिएको हो । यो कुरा सीता भारत र पश्चिम नेपालमा प्रचलित लोक रामायणको तुलना गर्दा स्पष्ट हुन्छ ।

देवेन्द्र सत्यार्थीले नेपाली लोकगीतबारे एउटा लेख अंग्रेजी भाषामा लेखी सन् १९३४ मा मर्डन रिभ्युमा प्रकाशित गराएका थिए । यसको नेपालीमा अनुवाद गरी सँगीतमय नेपाल शीर्षकमा सन् १९५३ मा प्रकाशित भयो । नेपाली लोकगीतको परिचय दिई तिनका विशेषताको उल्लेख भएको यो एउटा महत्त्वपूर्ण लेख हो । पारसमणि प्रधानद्वारा सम्पादित लोकगीतमा देवेन्द्र सत्यार्थीको 'सङ्गीतमय नेपाल, हर्कमान राईको जनसाहित्य, कबीन्द्रमान सिंहको लोकगीत तथा एम.एम्. गुरूङको नेपाली जन साहित्य' सङ्कलित छन् । पारसमणि प्रधानको सम्पादकीय सहितको यो कृति यस प्रकारको पहिलो सङ्कलन हो जसमा लोकगीत र लोकसाहित्यबारे लेखिएका लेखहरू प्रकाशित छन् । वि.सं. २०१० मा लोकगीत सङ्ग्रहालय स्थापना भयो । यहाँबाट डाँफेचरी नामक पत्रिकाको प्रकाशन पनि गरियो । सत्यमोहन जोशीको नेपाली लोकगीत एक अध्ययन शीर्षक ग्रन्थ पनि २०११ मा प्रकाशित भयो । उनकै हाम्रो लोकसंस्कृतिले २०१३ सालको मदन पुरस्कार पनि पायो । यसमा लोकगीतकै विषयमा बढी चर्चा छ । कर्मवीर महामण्डलले २०१३ सालमा सुदूर पश्चिमाञ्चल, दैलेख, दुल्लु, जुम्ला निवासी जनताको लोकगीत प्रकाशित गऱ्यो, जसमा त्यस क्षेत्रका केही लोकगीतहरू सङ्कलित छन् । लोकगीत सङ्कलन कार्यका निम्ति प्रेरित गर्ने काम यस ग्रन्थले गरेको छ । धर्मराज थापाको मेरो नेपाल भ्रमण २०१६ मा प्रकाशित भयो । यसपछि थापाका भ्रमण लेखका धेरै सङ्कलनहरू निस्के । नेपाली लोकगीत सङ्कलकहरूका लागि थापाका लेखहरू प्रेरक भएका छन् । काजीमान कन्दङ्वाको 'नेपाली जन साहित्य' (२०२०) नेपाली लोकगीत अध्ययनको पहिलो व्यवस्थित प्रयास थियो । योगी नरहरिनाथद्वारा सम्पादित हिमाली लोकसाहित्य (२०२१) मा मदनराज रेग्मी, अमरबहादुर कार्की, चन्दबहादुर शाह, रत्नकार र गजेन्द्रबहादुरद्वारा सङ्कलित गीतहरू छन् । यसका सम्पादकका रूपमा योगी नरहरिनाथले परिचयात्मक भूमिका र लोकगीतहरूको प्राचीनता, लोकगीतका विशेषताहरू र लोककविहरूको परिचय दिई आवश्यक टिप्पणीहरू दिएका छन् ।[३५]

त्यस्तै गरी आर.डी. र एल. एल. को नेपालका विभिन्न जाति र तिनका लोकगीत (२०२३), हरिहरराज जोशीको सँगिनी (२०२८), कालीभक्त पन्तको हाम्रो साँस्कृतिक इतिहास (२०२८),

---

[३५] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौंः एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. थापाथली, २०५८) पृ. १२५ ।

प्रदिप रिमालको कर्णाली लोकसंस्कृतिः खण्ड ५ (२०२८), धर्मराज थापाको गण्डकीको सुसेली (२०३०), काजीमान कन्दङ्वा र विदिनदेव डुङ्गेलको नानीका गीत (२०३६), नेपाल राष्ट्रिय विद्यापीठको नेपाली लोकगीत सङ्ग्रह (२०३७), एस.के. उपाध्यायको नेपाली लोकगीत सङ्ग्रह (२०४७), विष्णु तिमिल्सिनाको नेपाली लोकगीत सङ्ग्रह (२०५४), पुष्पनाथ शर्माको लोकगीत ( २०५६), कृष्णप्रसाद पराजुलीको नेपाली लोकगीतको आलोक (२०५७), विश्वप्रेम अधिकारीको आँधीखोला लोकसँस्कृति र लोकगीत (२०५७), चूडामणि बन्धुको नेपाली लोकसाहित्य ( २०५८), जस्ता कृतिहरूले नेपाली लोकगीतको अध्ययन र अनुसन्धानको क्रममा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपाली लोकगीतको अध्ययन परम्परामा क्षेत्रीय स्तरका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र अध्ययन गर्ने क्रममा विश्वविद्यालय स्तरीय शोधपत्र एवम् शोधप्रबन्धहरूको पनि विशेष योगदान छ । यसै क्रममा जयराज पन्तको डोटेली गमरा पर्वका गीतहरूको वर्गीकरण, विश्लेषण र सङ्कलन (२०३६), नारायणप्रसाद अधिकारीको स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन (२०४३) राजेन्द्रप्रसाद पौडेलको कमला खोँचका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०४३), कुसुमाकर न्यौपानेको पैयुँखोले लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०४४), दीनबहादुर थापाको गलकोट क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण र अध्ययन (२०५०), अम्बिकाप्रसाद भट्टराईको तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५२), ऋषिराम देवकोटाको लिगलिगका पर्वगीत तथा संस्कारगीतको अध्ययन (२०५२), पुण्यप्रसाद पौडेलको बाटुले चौरका गाइने जातिमा प्रचलित लोकगीतको अध्ययन (२०५२), सावित्री मल्लको पाल्पाली लोकगीतः अध्ययन र विश्लेषण (२०५२), ऋषिकेश आचार्यको ललितपुरका ग्रामीण क्षेत्रका लोकगीतहरूको अध्ययन र विश्लेषण (२०५७), कृष्णप्रसाद घिमिरेको अर्घाखाँची जिल्लाका लोकगीतहरूको विश्लेषणात्मक अध्ययन (२०५८), देवेन्द्रबहादुर खत्रीको गलकोट खुवा क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन (२०५८), पुण्यकुमारी सिलवालको गोर्खाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५८), राधिका मल्लको म्याग्दी जिल्लाको प्रचलित नेपाली लोकगीतको अध्ययन (२०५८), रामप्रसाद पुडासैनीको नुवाकोट जिल्लाका लोकगीतको अध्ययन (२०५८), ईश्वरी के.सी. को दाङ जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन (२०५९), लक्ष्मी पोखरेलको अर्घाखाँची जिल्लाका लोकगीतहरूको सङ्कलन (२०५९), झपीन्द्र महतको गुल्मी जिल्लाका पश्चिमोत्तर क्षेत्रको लोकगीतको अध्ययन (२०६०), गणेशप्रसाद अवस्थीको बैतडेली ब्रतवन्धका सांस्कारिक फागहरूको अध्ययन (२०६१), लक्ष्मी

पौडेलको पश्चिमी तनहुँका महिला लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६१), हेमलाल खनालको पाँचथर जिल्लामा प्रचलित भाषाका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६१), कृष्णप्रसाद न्यौपानेको स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन (२०६२), नारायणप्रसाद तिमिल्सेनाको दैलेखमा प्रचलित मागलहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६२), दीपक भुसालको पर्वत जिल्लाको झादी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३), सारिका श्रेष्ठको नवलपरासी जिल्लामा प्रचलित लोकगीत (२०६३), हरिप्रसाद चुदाँलीको गुल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३), आदि ।

लोकगीतको अनुसन्धानमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल सरकार संस्कृति विभाग, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, म्युजिक नेपाल जस्ता संस्थाहरूबाट भएका अनुसन्धान तथा प्रवर्द्धन कार्यहरू पनि महत्त्वपूर्ण छन् । यी र नेपालका विभिन्न शैक्षिक संस्थाहरूले समय-समयमा गराएका प्रतियोगिता र प्रदर्शन कार्यक्रमहरू तथा लोकगीतका क्यासेट तथा रेकर्डहरूको उत्पादनबाट नेपाली लोकगीतको संवर्द्धन्मा उल्लेखनीय योगदान पुगेको छ । व्यक्तिगत रूपमा पनि नेपाली लोकगीतको विकासका निमित्त महत्त्वपूर्ण कार्यहरू हुँदै आएका छन् । नेपाली संस्कृतिमै बाह्यप्रभाव बढ्दै गएको आजको समयमा पनि लोकगीतलाई भावी पुस्ताका निम्ति संवहन गर्दै लोकप्रिय बनाउने कार्यमा विभिन्न गायक-गायिकाहरू पनि निरन्तर रूपमा सक्रिय रहेको पाइन्छ ।[३६]

मानव जीवनको उषाकालदेखि नै समाजका मानिसहरूले आफ्नो जीवन भोगाइका क्रममा आइपर्ने दुःख-सुख, हाँसो-आँसु, विरह-वेदना तथा तीता-मीठा अनुभवहरूलाई अभिव्यक्त गर्ने क्रममा त्यसलाई गीतिलयमा सजाएर गुनगुनाई रहने कारणले गर्दा नै लोकगीतको सिर्जना हुन पुगेको हो । आज लोकगीत ग्रामीण जनजिब्रोको एक अभिन्न अङ्ग नै बन्न गएको छ । खासगरी स्वतःस्फूर्त रूपबाट कुनै शास्त्रीय नियममा नबाँधिएर लोकगतिको सिर्जना हुने हुनाले पनि यो शिक्षित-अशिक्षित सम्पूर्ण लोकमानवको लागि प्रिय बन्न पुगेको छ । यसरी लोकसाहित्यको सर्वप्राचीन एवम् सर्वश्रेष्ठ विधाको रूपमा रहेको लोकगीत आज वास्तवमै ग्रामीण जीवन बिताउने मानिसहरूको लागि एउटा जिउने आधार नै बन्न सफल भएको छ ।

---

[३६] चूडामणि बन्धु, नेपाली लोकसाहित्य, **पूर्ववत्**, पृ. १२६ ।

# अध्याय-तीन

# आँधीखोला क्षेत्रमा प्रचलित लोकगीत

## ३.१ स्याङ्जा जिल्लाको परिचय

नेपाल अधिराज्यको ५ वटा क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तर्गत पर्ने ६ वटा जिल्लाहरूमध्ये स्याङ्जा जिल्ला पनि एक हो । पहाडी जिल्ला अन्तर्गत पर्ने यो जिल्ला दक्षिण-पश्चिम चुच्चे भई झण्डै त्रिभुजाकारमा गण्डकी अञ्चलको दक्षिण-पश्चिम भू-भाग ओगटेर रहेको छ । मध्यम उचाइका घुमाउरा लहरेदार पर्वतश्रेणी, तिनलाई छिचोल्दै विभिन्न दिशामा बग्ने साना-ठूला खोला-नाला र तिनबाट निर्मित फाँट-बैँसीहरूको संयोगले बनेको स्याङ्जा २७°५१' देखि २८°१३' उत्तरी अक्षांश र ८३°२७' देखि ८४°४६' पूर्वी देशान्तरका बीचमा अवस्थित छ ।[३७]

पूर्वमा तनहुँ, पश्चिममा गुल्मी र पाल्पा, उत्तरमा पर्वत र कास्की तथा दक्षिणमा पाल्पा (कालीगण्डकी नदी) को बीचमा अवस्थित स्याङ्जा जिल्ला समुन्द्री सतहबाट ३६६ मिटरदेखि २५१२ मिटर सम्मको उचाइमा रहेको छ । यस जिल्लाको क्षेत्रफल ११६४ वर्ग किलोमिटर रहेको छ ।[३८] जिल्लाको आधाभन्दा बढी भूभाग पहाडी छ र बाँकी बैँसी भागमा दक्षिण-पश्चिम सीमान्त क्षेत्रमा पर्ने काली गण्डकीका किनारवर्ती फाँटहरू, मध्य भागमा पर्ने आँधी किनाराका फाँटहरू, दक्षिणमा पर्ने ज्याग्दी खोलाका बैँसीहरू, उत्तरमा फुस्रे र सरौँदी खोलाका उर्वर फाँटहरू पर्दछन् । यस जिल्लामा उष्ण, समशीतोष्ण र शीतोष्ण जलवायु पाइन्छ । अधिकतम तापक्रम २८:३०° से. र न्यूनतम तापक्रम ९:५०° से.का बीचमा रहेको पाइन्छ भने वर्षा २,६६५ मि.मि. (औषत वार्षिक) सम्म परेको पाइन्छ ।[३९] जिल्लामा हाल ६० वटा गा.वि.स. र २ वटा नगरपालिकाहरू रहेका छन् ।

## ३.२ आँधीखोला क्षेत्रको परिचय

---

[३७] जिल्ला विकास समितिको कार्यालय, (स्याङ्जाः सूचना तथा अभिलेख केन्द्र, २०६०) ।

[३८] ऐजन ।

[३९] ऐजन ।

स्याङ्जा जिल्लालाई पञ्चायत कालमा १०७ गाउँ पञ्चायतमा विभाजन गरिएको थियो । केही समयपछि यसलाई घटाएर ८७ मा झारियो र पुनः २०३८ सालमा ६८ गाउँ पञ्चायतमा सीमित गरियो । त्यसपछि प्रजातन्त्रको पुनर्स्थापना पश्चात् २०५२ सालमा यस जिल्लालाई ६० वटा गा.वि.स. र २ वटा नगरपालिकामा विभाजन गरियो । यस बाहेक स्याङ्जा जिल्लालाई प्राकृतिक रूपमा पनि विभाजन गरिएको छ । यहाँ प्राकृतिक विभाजन भन्नाले नदी वा खोलाको आधारमा गरिएको विभाजन भन्ने बुझ्नु पर्दछ । जसअनुसार स्याङ्जा जिल्लालाई चार भागमा बाँडिएको छ ।

१. गण्डकी बेँसी क्षेत्र (दक्षिण-पश्चिम सीमान्त भाग)

२. ज्याग्दी खोला क्षेत्र (दक्षिण भाग)

३. आँधीखोला क्षेत्र (मध्य भाग)

४. फुस्रे, दरौँदी क्षेत्र (उत्तर पूर्वी भाग)[४०]

यी चार क्षेत्रहरूमध्ये आँधीखोला क्षेत्र अन्तर्गत १७ वटा गा.वि.स. र २ वटा नगरपालिकाहरू रहेका छन् ।

आँधीखोला पुरानो पश्चिम ४ नम्बर इलाका अन्तर्गत नुवाकोटको डहरे र पंचासे लेकबाट निस्केर सातौं, भिर्कोट हुँदै गहौंकोटको मिर्मीमा गएर काली गण्डकीमा मिसिन्छ । सरदी, सेती, बहाड, दरौँ, लुब्दी, अरमादी, मिर्दी, च्याङ्दी, बाँए, करादी र फौदी पूर्वबाट पश्चिम आँधीखोलामा आएर मिसिने सहायक खोलाहरू हुन् । यस आँधीखोला क्षेत्र अन्तर्गत विचारी चौतारा, वाङ्सिङ, चिलाउनेबास, सेतीदोभान, फापरथुम, दहथुम, पेल्काचौर, खिलुङ देउराली, स्वेरेक, छाङ्छाङ्दी, थुमपोखरा, तीन दोबाटे, पेलाकोट, तुलसी भञ्ज्याङ, जगत्रदेवी, श्रीकृष्णगण्डकी, निबुवाखर्क गा.वि.स. र वालिङ लगायत पुतलीबजार नगरपालिका पर्दछन् ।

धेरैजसो मगर, गुरूङ, बाहुन, क्षेत्री र केही मात्रामा दमाई, कामी, नेवार जातिको बसोबास रहेको आँधीखोलाको शिरदेखि पुछारसम्मको उर्वरभूमि सधैँ हराभरा रहने प्राकृतिक छटा, रसिलो बनेली पाखा-पखेरा, विभिन्न दिशाबाट आँधीखोलामा मिसिन आउने स-साना खोला र झर्नाहरूका कलकल आवाजमा पनि लोकध्वनि गुञ्जित भएको महसुस हुन्छ । यहाँका

[४०] नारायण-प्रसाद अधिकारी, **स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन**, स्नातकोत्तर शोधपत्र, २०४३, पृ. ४ ।

बनेली पाखाहरूमा प्रत्येक दिन नयाँ-नयाँ भाकाहरू अलापिन्छन् र तिनैद्वारा मनका बहहरू धोइन्छन् जसको कुनै लेखाजोखा हुँदैन । यहाँका गुरूङ, मगर समुदायका अधिकांश युवाहरू ब्रिटिस र भारतीय सेनामा कार्यरत छन् । विदेशी भूमिमा ज्यानको बाजी थापेर राइफल भिर्न बाध्य आफ्नो छोरा/श्रीमान्लाई सम्झेर यहाँका नारीहरूमा जुन विरहका भाका गुञ्जन्छन्, तिनले साँच्चै पत्थर पनि पगाल्न सक्छन् झैं लाग्दछ ।

## ३.३ आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण

आँधीखोला क्षेत्र पनि नेपाली लोकसाहित्यको इतिहासमा एक उर्वर भूमि मानिन्छ । यसमा पनि लोकगीतको क्षेत्रमा त यहाँ देशभरमा पाइने धेरैजसो लोकगीतहरू पाइन्छन् । लेक-बेँसी, टार-भञ्ज्याङ, पाखा-पखेरा, वन-जङ्गल, झरना, नदी-नाला आदिजस्ता प्राकृतिक अनुपम दृश्यहरूले भरिएको हुनाले पनि यहाँका ग्रामीण बस्तीहरू लोकगीतको उर्वर भूमि मानिन्छ । यस आँधीखोला क्षेत्र ग्रामीण पहाडी बस्तीहरूले ढाकिएको हुनाले यहाँका मानिसहरू प्राय गरेर खेती किसान गरेर नै आफ्नो जीवन गुजारा गर्दछन् । यसरी खेती-पाती गर्दा एवम् अन्य विभिन्न संस्कारहरूमा यहाँ लोकगीतहरू सुसेलिएको पाइन्छ । यस आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूलाई अध्ययन गर्न सजिलो होस् भनेर यहाँ चारभागमा वर्गीकरण गरी चर्चा गरिएको छ-

क. जन्मचक्रसँग सम्बन्धित लोकगीत

ख. ऋतुचक्रसँग सम्बन्धित लोकगीत

ग. धार्मिक लोकगीत

घ. बाह्रमासे लोकगीत

### ३.३.१ जन्मचक्रसँग सम्बन्धित लोकगीत

गर्भाधानदेखि लिएर मृत्युपर्यत्न विविध समयमा विभिन्न संस्कारहरू गर्ने गराउने परम्परा हामी कहाँ छ । हरेक संस्कारमा गरिने विधि र व्यक्त गरिने भावना भिन्न-भिन्नै हुन्छन् । ती भावनाहरूलाई गेय रूपमा प्रस्तुत गरिने चलन पुरानै हो । नेपालमा मानिसको जन्म, नामाकरण, अन्नप्रशन, चूडाकर्म, व्रतवन्ध, विवाह आदिजस्ता संस्कारहरूमा भिन्न-भिन्नै गीतहरू गाइन्छन् तर यस आँधीखोला क्षेत्रमा भने व्रतबन्ध र विवाहमा मात्रै मागल गाउने प्रचलन रहेको पाइन्छ । यी बाहेक अन्य कुनै पनि संस्कारमा त्यस्तो कुनै पनि गीत गाउने

गरेको भेटिँदैन । मागल गाउने चलन बाहुन समाजमा मात्र प्रचलित छ । त्यसैले यस क्षेत्रमा गाइने मागल गीतको चर्चा यसरी गरिएको छ–

### ३.३.१.१ माहल/मागल

माहल वा मागल शब्द संस्कृतको मंगल शब्दकै अपभ्रंश रूप हो । यो नारी गीत हो । यसलाई खासगरी कन्या–केटी तथा सौभाग्यवती महिलाहरूले गाउँछन् । यो गीत गाउँदा कुनै किसिमको बाजाको प्रयोग गरिँदैन । यस आँधीखोला क्षेत्रमा विशेषगरी विवाहमा मागल गाइन्छ भने कतै कतै ब्रतवन्धमा पनि मागल गाइएको पाइन्छ । खासगरी विवाहको अघिल्लो दिन कसार बटार्ने क्रमदेखि मागल गाउने क्रम सुरू हुन्छ र विवाहका विभिन्न अवसरमा भिन्नाभिन्नै प्रकारका मागल गाइन्छन् । उदाहरणका रूपमा मागल गीतका केही नमुनाहरू तल प्रस्तुत गरिएको छ–

**कसार बटार्दा गाइने मागल**

गणेशलाई झिक्दा झिक्दै हात मेरो गल्यो है
हात्ती हाम्लाई दिन छैनौ, घोडा हाम्लाई दिन छैनौ
धेरै देउला मेरा बाबा, पाँचै रूपियाँ
हात्ती पनि लैजाउ चेली, घोडी पनि लैजाऊ ।
गाइद्यौ चेली, गाइद्यौ चेली, पूरै मंगलु ।

**वरियाँत निस्कँदा गाइने मागल**

छोरा– सिली धानका अछेता त माली गाईको दही
अन्माईद्यौन मेरी आमा ! पूरै जनती ।
आमा– मूलैको र पानी बालै, कुलकै र छोरी
जाउन बालै जाउन बालै समातेर ल्याउ ।

**डोली दिने बेला दुलहाले गाउने मागल**

जाम्न नारी जाम्न नारी हाम्रै गृहेमा जाम्
तिमै देश भन्दा पनि हामरो देश रमाइलो
जाम्न नारी जाम्न नारी हाम्रै गृहेमा जाम्

**दुलही भित्र्याउने बेलामा गाइने मागल**

आमा– केको पानी खायौ बालै, कको खायौ भोजन ?
कस्की छोरी लेर आयौ बालै ?

छोरो- खाएम् आमा खाएम् आमा मूलैको र पानी
ल्याएम् आमा ल्याएम् आमा, कुलैकी र छोरी
मुगीमासे दाल आमा, भोटकै र नुन
खाएम् आमा खाएम् आमा, मीठा-मीठा भोजन
सिली धानका अछेता त, माली गाईको दही
पर्सीद्यौन मेरी आमा, कुलैकी र छोरी ।

स्रोत : श्याम पाण्डे, पेलाकोट ७
उमेरः ३२ ।

विवाहमा जस्तै ब्रतवन्धमा पनि मागल गाइन्छ । ब्रतवन्धका अवसरमा घर छोडेर देशान्तर गई विद्याको अध्ययन गर्ने परम्परा हामी कहाँ छ । खासगरी यस क्षेत्रमा देशान्तर जाने अवसरमा मात्रै मागल गाउने चलन छ । उदाहरणका रूपमा ब्रतवन्धमा गाइने मागल गीतको एउटा नमुना तल प्रस्तुत गरिएको छः

सानो चित्त, सानो मन जनीगर आमाले
बारम्बार हुने छैन, हमरै करिम
दशै दिशा डुलिसकँ, दशै मुठी ल्याउँला
के ख्वाई पालम् गुरूबाबा, के खाई बसम् हामी ?

स्रोत : श्याम पाण्डे, पेलाकोट ७
उमेरः ३२ ।

## ३.३.१.२ रत्यौली

माहल जस्तै रत्यौली पनि विवाहका अवसरमा गाइने लोकगीत हो तर यो खासगरी दुलहाले दुलही लिन हिंडेपछि दुलहाको घरमा गाउँका नारीहरू जम्मा भएर रत्यौली गीत गाइन्छ । यस गीतमा पुरूषहरूको उपस्थिति रहँदैन । महिलाहरूले रमाइलो गर्न अनेक किसिमका अभिनय गर्दछन् । आइमाई मात्रै हुने हुँदा अश्लील शब्द भन्ने र गीत पनि गाउने गर्दछन् । यस क्षेत्रमा रत्यौलीलाई जिउँदी पनि भन्ने गरिन्छ । रातमा विवाह हुने हुँदा रातमै रत्यौली गाउने गरिन्छ । रत्यौली खेल्दा केही महिलाले पुरूषको कपडा लगाएर जोगी (योगी) जस्तो बन्ने र आइमाईलाई समाएर रति क्रीडाको अभिनय गर्दछन् । यस समयमा अनेक प्रकारका

हाँस्यव्यङ्ग्यात्मक र श्रृङ्गारिक पाराका गीतहरू गाउने गरिन्छ । यस आँधीखोला क्षेत्रमा प्रचलित रत्यौली गीतका नमुना यहाँ प्रस्तुत गरिन्छ –

हामरा बाबु लक्ष्मण जस्तै[२]

अरे हाय-हाय गए होली चढेर[४]

भोलि आउँछन् हामरा बाबु[२]

अरे हाय-हाय डोली भरेर[४]

x x x x

कुलकी छोरी त आई भनन[२]

मूलको पानी त खाई भनन

बरै खाई भनन[२]

जोड र गरदुवा ल्याइ नभनी

सासू मन दुखी

बरै सासू मन दुखी[२]

x x x x

सिरफूल पैरेर बाहिर निस्क आमा[२]

छाइँ-छाइँ भइ हाल्यो गाउरी धन ल्याउने बेला भो[२]

टिकिया पैरी बहिर निस्क आमा[२]

छाइँ-छाइँ भइ हाल्यो गाउरी धन ल्याउने बेला भो[२]

छाइँ-छाइँ भइ हाल्यो रातो डोली ल्याउने बेला भो[२]

ढुमरी पैरी बहिर निस्क आमा[२]

छाइँ-छाइँ भइ हाल्यो गाउरी धन ल्याउने बेला भो[२]

छाइँ-छाइँ भइ हाल्यो रातो डोली ल्याउने बेला भो[२]

छाइँ-छाइँ भइहाँले रातो बाच्छी ल्याउने बेला भो[२]

सुनिया पैरी बहिर निस्क आमा[२]

छाइ-छाइँ भइ हाल्यो रातो डोली ल्याउने बेला भो[२]

छाइ-छाइँ भइहाँले गाईको बाच्छी ल्याउने बेला भो[२]

स्रोत : अम्बिका शर्मा, तीन दोबाटे ५
उमेर : ५० वर्ष ।

लपलपी लप्कने खरबारीको खर
कस्तो होला जेठाजु कस्तो होला घर ?
लपलपी लप्कने खरबारीको खर
कस्तो होला जेठाजु दरिबारे घर ?
मुरी धान कुटाउँछन् यसै घरकाले
व्यर्थै कपला दुखाउँछन् वरपरकाले
जमिनै थर्कायो यही भैँचालाले
बुहारी कजाउने यै चालाले ।

स्रोतः कोपिला भुसाल, तीन दोबाटे ३
उमेर : ३९ वर्ष ।

### ३.३.१.३ खाँडो

खाँडो वीरताको भाव अभिवृद्धि गर्न गाइने वीरगाथात्मक लोक अभिव्यक्ति हो ।[४१] खाँडो गाउनुलाई खाँडो जगाउनु पनि भनिन्छ । सुरूमा यो युद्ध क्षेत्रमा जाने बेलामा गाइन्थ्यो भने पछि गएर बाहुन-क्षेत्रीको विवाह हुँदा जग्गेमा गाउने चलन चल्दै आएको हो । यो गीत भारतको चितौडा तिरबाट सर्दै आएको कारण यो भाषिक अभिव्यक्तिमा हिन्दी मिश्रित रूप पाइन्छ । विवाहको काम सकिने बेला दुलहा पक्षका एक व्यक्तिले आफ्नो कोखिलाबाट खुकुरी निकालेको अभिनय गर्दै जोशका साथ खाँडो जगाउने गर्दछ । यसरी के देखिन्छ भने विवाहमा केटापक्षको शक्ति राम्रो छ । कसैले अक्रमण गर्न सक्दैन । अर्को पक्ष हेर्दा नवविवाहित दम्पतीले आउँदा दिनमा आइपर्ने गतिरोधलाई सजिलै परास्त गरी आफ्नो लक्ष्यमा पुग्न सक्छन् भन्ने मान्यता राखिन्छ । यस आँधीखोला क्षेत्रमा गाइने खाँडो गीतको नमुना यस प्रकार छ–

प्रथमत् गणेश पुन्य पुकार हैं
सावित् साबुत मयाँ कोखी साला हैं
विजय सपना भए बनारसी बासा हैं

[४१] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौंः वीणा प्रकाशन प्रा.लि., २०५७), पृ. ३६१ ।

कोटी लिङ्ग, कोटी टेकु नारीको ढोका छेकु
नजर पाटन, नियाँ नीति चौदण्डीको लापसाँध
हेटौँडाको जगर खाई फर्के राजा आफै घर
नेपालको पाए बर ।
श्री ३ महमहाराजा सरजङ्गबहादुरको फौजके, फौजमे, काशीके तीरमे
मन्त्रीके खेलसे मन्त्रीके बुझ्से, चले लस्करी धन्न-धन्ने मन्त्री
सरजङ्गबहादुरको फौजके, फौजमे चले, लस्करजी धन्ने धन्ने मन्त्री
रणके वंश रत्नधीर शमशेर, धर्म शरीर भक्तवीरके चले लस्करजी
पूर्व, पश्चिम, उत्तर, दक्षिण, भोट मौलान, दिल्ली किल्ला काँगडा
लङ्क, पलाङ्क, श्रीलङ्का, लाबुसी नाकघोर मुखका देशमा चले है
कौना-कौना पल्टन चले, अगि सिरीनाथ राजको दल, देवीदत्त
काली दल, भैरमनाथ ऐसा-ऐसा पल्टन चले है
जर्नेल, कर्नेल, सुबेदार, हल्दार, हुद्दा, सिपाही चले है
श्री महमहाराजाकै सवारी हुनेका बखत है
वाजी, तुर्की, बैला, अवला, तुरूङ्गा
सुरूङ्गा, मुसुकी, टाङ्गना ऐसा-ऐसा घोडा चले है
श्री श्री श्री महमहाराजाकै सवारी हुनेका बखत है
दुई रानीके  डोलामे चल्ते है,
मुलुक-मुलुक, बगर-बगर थर्कना लाए
कामदारी सुसारे, बैठके चल्ते है कैसा-कैसा केटी चले
रामदरी, जमिनदारी, कृष्णदरी, अन्नापरी हुस्नपरी
सूर्जेमती, चन्द्रमती, लालझोपनीका फुँदा लर्कना लाए
हीरामोती, मूगामोती, पुखुराजका रत्न टल्कना लाए
झुँगा गोटिका हर्कना लाए,
चिन, महाचिन, पेचिन, बेलायत, लागुर, डिल्लीमै सिपाही
बिराउन लाए, पहरा हुरी-कटारी ,चुप्पी, चप्पा, खुडा, ढाल, तरवार
बर्खना लाए, बैरीका फौज सबै भागे ।

स्रोत : गोपाल ठकुरी, थुमपोखरा ८
उमेरः ३९ वर्ष

हरि के.सी., थुमपोखरा ८

उमेरः ४६ वर्ष ।

### ३.३.२ ऋतुचक्रसँग सम्बन्धित लोकगीत

नेपाल एक कृषिप्रधान देश हो । देशका अधिकांश जनताहरू यहाँ कृषि पेशामा नै आत्मनिर्भर छन् । यो आँधींखोला क्षेत्र पनि ग्रामीण भू-बनोटले ढाकिएको हुनाले यहाँका मानिसहरूले पनि ऋतु अनुसार विभिन्न समयमा विभिन्न किसिमका खेतीबालीहरू लगाउने, गोड्ने, काट्ने, थुपार्नेजस्ता कामहरू गर्दछन् । ऋतुको चक्र-अनुसार विभिन्न ऋतुहरूमा आउने पर्वहरूमा पनि गीतहरू गाउने काम गरिने यस ऋतचक्रगीत अन्तर्गत श्रम वा काम गर्दा र चाडपर्वमा गाइने गीतहरूलाई समावेश गर्न सकिन्छ । यस आँधीखोला क्षेत्रमा पनि ऋतुचक्रसँग सम्बन्धित गीतहरूलाई श्रम गीत र पर्व गीत गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

#### ३.३.२.१. श्रमगीत

श्रम वा काम गर्दा कामको थकावटको महसुस नहोस् र समय बितेको पनि थाहा नहोस् भन्दै कामकै क्रममा गीतहरू गाइन्छन् । यी गीतहरूलाई नै श्रम गीत भनिन्छ । खासगरी सँगीतमय वातावरणमा काम गर्न आनन्द आउने हुनाले पनि समाजमा यस्ता गीतहरू गुञ्जिएको पाइन्छ । यस आँधीखोला क्षेत्रका अधिकांश मानिसहरू कृषिमा नै आश्रित छन् । ऋतुचक्रको परिवर्तन अवस्थासँगै यहाँ विभिन्न नगदे तथा खाद्य बालीहरू लगाउने, गोड्ने, काट्ने, ओसार्ने, थुपार्ने तथा घाँस-दाउरा गर्नेजस्ता कामहरू भइ नै रहन्छन् । यसरी यिनै काम वा श्रम गर्दा यहाँ श्रमगीतहरू गाइएको पाइन्छ । यस आँधीखोला क्षेत्रमा श्रम गीतको रूमपा जेठे, असारे, भदौरे र दाइँगीतहरू रहेका छन् । यहाँ तिनीहरूको क्रमशः चर्चा गरिन्छ ।

**क. जेठे गीत**

जेठ मासको गर्मीमा काम गर्दै गाइने गीतहरू नै जेठे गीत हुन् । यस आँधीखोला क्षेत्रमा जेठ महिनाको प्रचण्ड गर्मीमा खेत–बारीमा मकै गोड्दा र बैंसीतिर हिउँदै धान गोड्दा जेठे गीत गाइन्छन् । खासगरी जेठे गीतहरू महिलाहरू नै गाएको सुनिन्छ । समय सजिलैसँग बितोस् भन्ने उद्देश्यले पनि जेठको प्रचण्ड गर्मीमा नारीहरूले श्रम गर्दै तथा पसिना चुहाउँदै यस्ता गीतहरू गाउने गर्दछन् । उदाहरणका निम्ति यस आँधीखोला क्षेत्रमा गाइने जेठे गीतको एउटा नमुना तल प्रस्तुत गरिन्छ–

जेठे र मासका खरीलाग्दा (चर्को) घाम

एकलै गोड्छ्यौ नि जिरीया (झार) है ।

तिमरा ससुरा कहाँ गए नानै ?

केहुमा काम गर्छन् नि है ?

हामरा ससुरा घरका मालिक, मैलेमा लाउँछन नजर है ।

जेठे र मासका खरीलाग्दा घाम, एकलै गोड्छु नि जिरिया है

तिमरी सासू त कहाँ गइन् नानै, केहुमा काम गर्छिन् नि है ?

हामरी सासू त खटियैमा बस्छिन्, मेलैमा लाउँछिन् नजर है ।

जेठे र मासका खरीलाग्दा घाम एकलै गोड्छ्यौ नि जिरिया है ?

जेठे र मासका खरीलाग्दा घाम एकलै गोड्छु नि जिरिया है

तिमरा जेठाजु कहाँ गए नानै, केहुमा काम गर्छन् नि है ?

हामरा जेठाजु गावैका मुखिया, सबियै बसन गए नि है ।

जेठे र मासका खरीलाग्दा घाम, एकलै गोड्छ्यौ नि जिरिया है ?

जेठे र मासका खरीलाग्दा घाम, एकलै गोड्छु नि जिरिया है

तिमरी जेठानी कहाँ गइन् नानै, केहुमा काम गर्छिन् नि है ?

हामरी जेठानी सधैँको भान्से, के पिरले मेलामा आछिन् नि है ।

जेठे र मासका खरीलाग्दा घाम, एकलै गोड्छ्यौ नि जिरिया है

तिमरा स्वामी कहाँ गए नानै, एकलै गोड्छ्यौ नि जिरिया है ?

हामरा स्वामी परदेश गाको, बाह्रै र वर्ष भयो नि है ।

स्रोतः चन्द्र भट्टराई, जगत्र भञ्ज्याङ-४,
उमेरः ३५ वर्ष ।

## ख. असारे गीत (वहाली गीत)

असारको महिनामा रोपाइँको अवसरमा गाइने गीतहरूलाई नै असारे गीत भनिन्छ । यसलाई कसै–कसैले रोपाइँ गीत पनि भनेको पाइन्छ । यस आँधीखोला क्षेत्रतिर असारे गीतलाई वहाली गीत पनि भन्दछन् । रोपाइँको समयमा खेताल्नी र खेतमा आली लगाउने बाउसेहरूका बीचमा एक–आपसमा हिलो छापाछाप गर्दै रमाइलो किसिमले यहाँ वहाली गीत गाइन्छ । यहाँ गाइने वहाली अथवा असारे गीतको नमुना तल प्रस्तुत गरिन्छ–

बाबा र ज्यूको, गहिरी खेत, धानको बीउ मारसी, आहै...........धानको बीउ मारसी,

आँखाको सानले, बोलाएँ मैले, बुझे है पारसी आहै........बुझे है पारसी,

लौ त ब लौ-लौ, लौ त ब लौ-लौ, बुझे है पारसी ।

आजको रोपाइँ, भोलिको रोपाइँ, चनाको बिरौँला आहै........चनाको बिरौँला ।

हाम्रा पछाडि, बीउ बाँड्ने केटाको सुकेको पिरौँला, आहै............सुकेको पिरौँला ।

लौ त ब लौ-लौ, लौ त ब लौ-लौ, सुकेको पिरौँला ।

सानोमा सानो, सुँगुरको पाठो, भुसले मोटायो, आहै .............भुसले मोटायो ।

हामरा पछि, बीउ बाँड्ने केटालाई मुसाले लोटायो, आहै-मुसाले लोटायो ।

लौ त ब लौ-लौ, लौ त ब लौ-लौ, आहै मुसाले लोटायो ।

हिलै र लायो, धुलै र लायो, कुसुमे साडीमा, आहै...........कुसुमे सारीमा ।

हलीको टाउको, मुसाले लग्यो, खुर्सानी बारीमा, आहै ............खुर्सानी बारीमा ।

मुरीका मुरी, मकै र पिस्ने, पानीको घट्टले, आहै............पानीको घट्टले

तिमी जस्ता केटी, दसौटी लान्छ, कोकले ठिट्टाले, आहै.............कोकले ठिटाले

लौ त ब लौ-लौ, लौ त ब लौ-लौ, कोकले ठिटाले ।

स्रोतः हरि न्यौपाने, तीन दोबाटो

उमेर : ४२ वर्ष ।

भिटनैको पहिरो झऱ्यो, काली गंगै थुन्यो

एकुमा लग्यो गाईको गोठ, दुसरी लयो बालै

गाईको गोठ देख्दिनँ मैले, झलझली देख्छु बालै[२]

यहाँका रसिमी भूमि रक्षे पाल गर

मेरा बालोइ उतारी देउन रसिमी भूमि देवदा ।

स्रोत : अम्बिका शर्मा,
तीन दोबाटे ५
उमेर : ५० वर्ष ।

### ग. भदौरे गीत

भदौरे गीत विशेष गरेर भदौ महिनामा बारीमा कोदो गोड्दा नारीहरूले एक्लै वा सामूहिक रूपमा गाउने गीत हो । आजभोलि समयको परिवर्तन सँगसँगै यस्ता भदौरे गीत लोप हुन लागेका देखिन्छ । त्यसकारण भदौरे गीत गाउने मानिसहरू पनि पाउन कठिन भइसकेको छ । यस आँधीखोला क्षेत्रमा प्रचलित भदौरे गीतको एउटा नमुना तल प्रस्तुत गरिएको छ-

भदौरे महिना मकै र खाउँला

मायालु चेली बसेको ठाउँमा पैताला फैलाउँला,

शिरफूल भयो ..............................

आँधीखोला कत्ले माछा किनी खाउँला दामले

सुन शिरफूल माया..........................

कोदाको रोटी खाएर बसौं

हे माया, कोदाको रोटी ................।

मायाको झिलीमिली फरिया ।

लौ खाउ मकैका हरिया

सुन शिरफूल माया ................।

स्रोत : चन्द्र भट्टराई जगत्र भञ्ज्याङ ४

उमेर : ३५ वर्ष ।

**घ. दाइँगीत (मंसिरे गीत)**

मंसिर महिनामा धान काटिसकेपछि परालको दाइँ लगाउँदा गाइने गीतलाई नै दाइँगीत भनिन्छ । यो गीत मंसिर महिनामा दाइँकै अवसरमा गाइने हुनाले यसलाई मंसिरे गीत पनि भनिन्छ । खास गरेर दाइँ गर्दा गोरू खेद्ने खेदुवा र काम गर्ने दहेँराहरूले काम गर्ने वातावरणलाई रमाइलो बनाउनको लागि सामूहिक रूपमा दाइँगीत गाउँदछन् । उदारहणका रूपमा यस आँधीखोला क्षेत्रमा गाइने दाइँ गीतको नमुना तल प्रस्तुत गरिएको छ–

असी मुरी झरूवा त, बाह्रबीस राश

लंकै फूल फुल्यो पलङ्कैको बास । दाइँमाडो परलैको फाँडो हो ..........हो.............

मियोको गोरूले मियो हल्लायो

पाटीको गोरूले भूमे बोलायो । दाइँमाडो परलैको फाँडो हो ..........हो.............

मियोको टुप्पामा बसिहाल्यो केवेली

आजका दँदेरालाई खीरको च्वैली । दाइँमाडो परलैको फाँडो हो ..........हो.............

x x x x

घरकी गोसेनीले तिउन चाखे, माडीखेल भाइ हो, माडी खेल,

दाइँ बरदोमा माडी खेल

मिहीको गोरू भनभने

घरकी गोसेनी गनगने

दयेँराका मालिकको खुबै ठूलो जिउ

यो घरकी मालिकिनी खाना दिन्छिन् घिउ ।

स्रोतः चन्द्र भट्टराई, जगत्र भञ्ज्याङ ४

उमेरः ३५ वर्ष ।

### ३.३.२.२ पर्वगीत

नेपाल एक सांस्कृतिक विविधताले भरिएको देश हो । यहाँ विभिन्न जात-जातिका मानिसहरूको बसोबास रहेको छ । यी जातिहरूका आ-आफ्नै परम्परा, रीतिरिवाज र चाडपर्वहरू छन् । विभिन्न ऋतुहरूमा यहाँ विभिन्न जातिका पर्वहरू आइ नै रहन्छन् । यस आँधीखोला क्षेत्रमा मनाइने पर्वहरूमा गाइने पर्व गीतहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ-

**क. तीजगीत**

प्रत्येक वर्ष भाद्र शुक्ल तृतीयाको दिन विशेषगरी हिन्दू नारीहरूले मनाउँदै आएको पर्व तीज हो । यसै तीज पर्वमा गाइने गीतहरू नै तीजगीत हुन् । यस क्षेत्रमा बसोबास गर्ने नारीहरूले विशेष गरी श्रीकृष्ण जन्माष्टमीको केही दिन अगाडिदेखि तीजभन्दा पछि पर्ने ऋषिपञ्चमीका दिनसम्म तीजगीत गाउने चलन छ । गाउँ-गाउँमा महिलाहरू जम्मा भएर सामूहिक रूपमा मादल, खैंजडी आदिजस्ता वाद्यवादनको प्रयोग गरी तीजगीत गाउँछन् । सासू-बुहारी, ससुरा, देवरजेठाजु, नन्दआमाजु आदिका बारेमा गीत गाउने गरिने हुँदा सुन्नेलाई निकै उत्सुकता पनि हुने गर्दछ । गीतको साथ-साथै नृत्य पनि गरिने हुँदा हेर्नेको पनि भीड समूहमा देखिन्छ । यस क्षेत्रमा चल्ने वा गाइने आँधीखोले तीज गीतका केही नमुनाहरू तल प्रस्तुत गरिन्छ :

बाबाले दिएको शिरै लाउने शिरफूल
आमाले दिएको छाता बरिलै२
ऐलेका तीजमा घर बस्न परेको
जुनेली भैदेउ रात बरिलै२
दाजीले दिएको निलै लाउने टिकिया
भाउजूले दिएको छाता बरिलै२
ऐलेको तीजमा घर बस्न परेको
जुनेली भैदेउ रात बरिलै२

भैयाले दिएको रातै लाउने चोलिया
बहूले दिएको झोला बरिलै[२]
x x x x

उँभो र लेकबाट आउनुभयो शिवजी
हजारौं कोशको बाटो बरिलै[२]
शिवजीले बनाएका किरमिरे मन्दिर
हीरा र मोतीको झ्याल बरिलै[२]
शिवजीले दिनुहुन्छ जलधारा बाछिटा
सुनको झारीले हो कि बरिलै[२]
x x x x

सानो–सानो सुर्कामा तिते फापर छरेको
लाउन खान नदिनेले बिहे गरेको[२]
लाउन खान नपाएर हैन सासू आएको
शिरमा सिन्दुर खन्याएर हो नि ल्याएको[२]
ससुराका घरमा मैले नराम्रो लाइछैन
खद्दरको धोती बाहेक देख्न पाइँछैन[२]
सासूको घरमा मैले नमिठो खाइछैन
सेतो र सितो मैले देख्न पाइँछैन[२]
यो घरको खानकीले ज्यान मेरो लाइसक्यो
उल्टे कर्नाल फुक्दै लाने बेला आइसक्यो[२]

स्रोतः हुमकला न्यौपाने, पेलाकोट २
उमेरः ३३ वर्ष ।

नेपालैको यो ठूलो रानी वन
बरिलै आगैले खायो वन[२]
वर्ष दिनका तीजमा बाबा लिन नआउने
बरिलै धन्नै हो बाबाको मन[२]
पाथी मैले खाँदिन मुरी मैले लाँदिन
बरिलै धन्नै हो बाबाको मन[२]

छोरी भन्दा प्यारो मानो रैछ बाबा
बरिलै फर्केर आवोइन[२]
x x x x

वर्ष दिनका तीजमा बाबा लिन आएका
पठाएनन् घरकाले फर्के फनक्क[२]
अति तल चौपारीमा बसे मेरा बाबा
स्वामी मन बुझाएर आउँछु बरिलै[२]
दैला मुनि साउ छरेर यति राम्रो गोडेर
लौ कसरी जान्छ्यौ सीता मलाई छाडेर[२] ?
पानी आयो रिमीझिमी सिरको टोपी भजेन
बाबा गए रूँदै-रूँदै चित्त बुझैन[२]

स्रोतः अम्बिका शर्मा, तीन दोबाटे ५
उमेरः ५० वर्ष ।

## ख. मालसिरी गीत

हिन्दूहरूको महान चाड बडादसैंको अवसरमा घटस्थापनाको दिनदेखि नवमीको रात्रिसम्म नव दूर्गा भवानीको नाममा विभिन्न कोटहरूमा गई पुकार गर्दै गाइने भजनजस्तो गीतलाई मालसिरी गीत भन्ने गरिन्छ । नेपाल देश भगवान जन्मने र भगवानको तपस्या स्थल भएको हुनाले धेरै भगवानको पूजाआजा गर्ने गरिन्छ । यो गीतको गायन प्रायः सबै जातिका प्रौढहरूले एक्ला-एक्लै वा सामूहिक रूपमा गर्दछन् । आजभोलि भने यो गीत गाउने चलन केही कम भएको देखिन्छ । उदाहरणका निम्ति यस क्षेत्रमा पाइने वा गाइने मालसिरी गीतको नमुना तल प्रस्तुत गरिन्छ-

जै देवी कालिका प्रसन्न भयौ हो, मुण्डमाला सुहाइये,
सिँहवाहिनी, मण्डमालिनी बज्र हस्त सुहाइये,
शिव दुतिनी, असुर मारिनी, देवी कर जोर सुधारिणी,
जै देवी ........................................................
महिषासुरले जगत व्याप्त भो, कोहिना न जो हारिए
आफूसे आफू उत्पन्न भई हौ कालिका नाम धराइए ।

जै देवी ..........................................

डमरू डिमिडिमि शेख बजे त्रिशुल वाण चढाइए ।

रूधिर धारा जिवत् देवी हर्ष मंगल गाइए ।

ज्योति जगमग बाला सुन्दरी गोरख छत्र फिँजाए ।

ब्रह्माको वनु पास दियौ हो, विष्णुके चक्र धराइए ।

सहस्र वाणसे शत्रु हरिणी सेवकको वर दायिनी,

जै देवी कालिका प्रसन्न भयौ हो, जय देवी कालिका ।

स्रोतः श्याम पाण्डे, पेलाकोट ७

उमेरः ३२ वर्ष ।

### ग. भैलोगीत

लक्ष्मीपूजाको दिनदेखि भाइटीकाको बिहानसम्म गाइने गीत भैली गीत हो । यो गीत प्राय सबै जातिका स्त्रीहरूले गाउँछन् । आजभोलि लोग्ने मानिसहरूले पनि यो गीत गाउने गरेको पाइन्छ ।[४२] भैलो खेल्ने किशोरी, बालिका वा महिलाहरूलाई भैलिनी भनिन्छ । खासगरी महिलाहरू समूहमा जम्मा भएर प्रत्येकको घर–घरमा गएर भैलो खेल्ने चलन छ । उदाहरणका निम्ति यस आँधीखोला क्षेत्रमा गाइने वा पाइने भैलो गीतको नमुना तल प्रस्तुत गरिन्छ–

हे, हरियो गोबरले लिपेको

लक्ष्मीपूजा गरेको

हे, औंसीबारो, गाईतिहारो भैलो

हामी त्यसै आएका होइनौ

बलि राजाले पठाएका

हे, औँसीबारो, गाईतिहारो भैलो

भित्र आमा बोल्दै छिन्

ठूलो बाकस खोल्दै छिन्

हे, औँसीबारो, गाईतिहारो भैलो

---

[४२] काजीमान कन्दङ्वा, पूर्ववत्, पृष्ठः ८२ ।

सुपोमा चामल हालेर
दियो बत्ती बालेर
हे, औँसीबारो, गाईतिहारो भैलो
दिने भए छिट्टै देऊ
नदिने भए बिदा देऊ
हे, औँसीबारो, गाईतिहारो भैलो ।

x x x

| | |
|---|---|
| हे, सँगी हो | भैलो |
| जम्मा र भयौँ | भैलो |
| वर्ष र दिनको | भैलो |
| तिहारैमा | भैलो |
| आयौँ हामी | भैलो |
| रमाइलो गर्न | भैलो |
| हे भन-भन साथी हो | भैलो |
| यो घरमा | भैलो |
| राम्रै होओस् | भैलो |
| धन सम्पत्ति | भैलो |
| वर्षी जाओस् | भैलो |
| यो घरको | भैलो |
| जेठा छोरा | भैलो |
| जर्नेल कर्नेल | भैलो |
| भइजाऊन् | भैलो |
| हाकिम सब | भैलो |
| भइजाऊन् | भैलो |
| भैली जनका | भैलो |
| आशिकले | भैलो |
| लागी जाऊन् | भैलो |
| पुगि जाऊन् | भैलो |
| बाँचिम् भने | भैलो |

| | |
|---|---|
| यसै गरी | भैलो |
| अर्को सालमा | भैलो |
| आउँला बरै | भैलो S S S S भैलो |

स्रोतः रमेश पाण्डे, पेलाकोट ७
उमेर : ३५ वर्ष ।

**घ. देउसीगीत**

देउसी गीत पनि भैलो जस्तै तिहारको अवसरमा गाइने पर्व गीत हो । यो गीत भाइटीकाको दिन दिदी–बहिनीहरूबाट टीका, माला र मीठा–मीठा व्यञ्जन ग्रहण गरिसकेपछि टीका लगाएका दाजु–भाइ तथा साथी–भाइहरू जम्मा भएर घर–घरमा गएर देउसी गीत गाउँदै देउसी खेल्छन् । मादल, खैँजडी, मजुरा आदिजस्ता वाद्यवादनहरू बजाउँदै देउसी खेल्ने चलन नेपाली समाजमा देशभित्र मात्र नभई विदेशमा पनि नेपालीहरूले देउसी खेलेको पाइन्छ । यस आँधीखोला क्षेत्रमा गाइने देउसी गीतको नमुना तल प्रस्तुत गरिन्छ –

| | | |
|---|---|---|
| ए, | झिलीमिली झिलीमिली | देउसी रे |
| ए, | केको झिलीमिली | देउसी रे |
| ए, | बत्तीको झिलीमिली | देउसी रे |
| ए, | तिहारैमा | देउसी रे |
| ए, | आएका हामी | देउसी रे |
| ए, | देउसी खेल्दै | देउसी रे |
| ए, | रातो माटो | देउसी रे |
| ए, | चिप्लो बाटो | देउसी रे |
| ए, | लड्दै पड्दै | देउसी रे |
| ए, | घुम्दै फिर्दै | देउसी रे |
| ए, | घरभेटी आमा | देउसी रे |
| ए, | छिटो गर | देउसी रे |
| ए, | यहाँ मात्र होइन | देउसी रे |
| ए, | देशै संसार | देउसी रे |
| ए, | सबै घरमा | देउसी रे |
| ए, | पुग्ने हो नि | देउसी रे |
| ए, | यो घरमा | देउसी रे |

| | | |
|---|---|---|
| ए, | लक्ष्मीले | देउसी रे |
| ए, | बास गरून् | देउसी रे |
| ए, | दुःख कष्ट | देउसी रे |
| ए, | हटेरै जाओस् | देउसी रे |
| ए, | अब त हामी | देउसी रे |
| ए, | जान्छौँ आमै | देउसी रे |
| ए, | अर्को साल | देउसी रे |
| ए, | देउसी खेल्न | देउसी रे |
| ए | आउँला बरे | देउसी रे SSSSSS देउसी रे । |

स्रोतः रमेश पाण्डे, पेलाकोट ७
उमेरः ३५ वर्ष ।

### ३.३.३ धार्मिक गीत

धार्मिक भावना, अनुष्ठान, पूजाआजा, व्रत, प्रार्थना, भजनकीर्तन, आरती तथा देवीदेवतासँग सम्बन्धित लोकगीतलाई नै धार्मिक गीत भनिन्छ । धार्मिक गीतहरू कुनै दैनिक रूपमा पनि गाइन्छन् भने कुनै विशेष संस्कार वा पूजा आजाका क्रममा गाइन्छन् । यस आँधीखोला क्षेत्रमा धार्मिक गीत अन्तर्गत भजन–कीर्तन र आरती गीतहरू गाउने गरेको पाइन्छ । यहाँ ती गीतहरूको चर्चा तल प्रस्तुत गरिन्छ–

#### ३.३.३.१ भजन/कीर्तन

भजन र कीर्तन दुबै धार्मिक गीत नै हुन् । भजनमा कथानक वा आख्यान हुन्छ तर कीर्तनमा हुँदैन । भजनमा भगवानको सगुन लीला र निर्गुण रूपको पनि वर्णन हुने गर्दछ भने कीर्तनमा कुनै खास ईश्वरीय रूपको नाउँ बारम्बार दोहोऱ्याउने काम हुन्छ । भाका र ताल बाहेक विषय र थेगो लगाएत अरू कुनै कुरामा नवीनता कीर्तनमा पाइँदैन तर भजनमा आउने नयाँ–नयाँ प्रसङ्गले नयाँ–नयाँ भावको उद्वेग श्रोता र गायकमा गराइरहन्छ । यस क्षेत्रका भजनहरू प्राय राम कथा तथा कृष्ण कथामा आधारित हुन्छन् । चार–पाँच जनादेखि पन्ध्र–बीसजनासम्मको भजन मण्डली हुन्छ । त्यसमा एकजना गुरू हुन्छन् र गुरूले टुक्का झिकेपछि अरूले त्यसलाई छोपेर चिच्चाई–चिच्चाई गाउँछन् । कसैको हातमा खैँजडी र कसैको हातमा

मजुरा रहन्छ । प्राय सबैजसोले कुनै न कुनै वाद्ययन्त्र लिएकै हुन्छन्, जसले गर्दा गायनमा बढी रोचकता थपिन्छ ।

भजनका बीच-बीचमा चुड्काहरू पनि गाइन्छन् । चुड्का पनि भजनको अङ्ग नै हो । नचरीमा ख्याली भैँ भजनमा चुड्का हुन्छ । यी दुबैले राग तालमा परिवर्तन ल्याएर गायक, श्रोता र दर्शकमा थप रोचकता र आनन्दको सञ्चार गराउँछन् । नमुनाका लागि आँधीखोले भजन र कीर्तनका केही उदाहरणहरू तल प्रस्तुत गरिन्छ–

**क. भजन**

हे ................हो.....................बाला मेरो रामज्यूलाई राज्य दिन्छु[२]
राज्य दिन्छु हो ...................... रजाइ दिन्छु
गुफा सयन बसी तपया लिन्छु
बाला मेरो रामज्यूलाई राज्य दिन्छु[२]
हे.................हो............................हो.............
मन्त्री मेरा हो ...........सुमन्त्री मेरा[२]
सरजाम तयार गर
बाला मेरो रामज्यूलाई राज्य दिन्छु[२]
राज्य दिन्छु मैले रजाए दिन्छु
गुफा सयन बसी तपया लिन्छु[२]
हे............हो.......................ह............
बीच वन मृगलु तपया लियो[२]
ध्यान लियो ज्ञान लियो तपसे लियो[२]
बीच वनमा मृगलुले तपया लियो[२]
हे............हो.......................ह............
पूर्व दिशा व्याधाले अगनी लगायो
पश्चिम दिशा व्याधाले जालपासा थाप्यो[२]
बीच वन मृगलुले तपया लियो[२]
ध्यान लियो ज्ञान लियो तपसे लियो[२]
बीच वनमा मृगलुले तपया लियो[२]

हे..................हो..................हे...........

उत्तर दिशा व्याधाले श्वास लगायो[२]

दक्षिण दिशामा व्याधा बैठो[२]

वन बीच मृगलुले तपया लियो[२]

ध्यान लियो ज्ञान लियो तपसे लियो

वन बीच मृगलुले तपया लियो[२]

हे.............हो...................हो.........

पूर्व दिशा अगनीलाई बूध वर्षाय[२]

पश्चिम दिशा जालपासा वायुले उडायो[२]

वन बीच मृगलुले तपया लियो[२]

ध्यान लियो ज्ञान लियो तपसे लियो

वन बीच मृगलुले तपया लियो[२]

उत्तर दिशा श्वानलाई सिंहले खायो[२]

दक्षिण दिशा मिरगुलाई साँपले डस्यो[२]

स्रोत : जयवल्लव चापागाई, पेलाकोट ५

उमेर: ८१ वर्ष ।

आहा..............................हो.............................

साँझ मन्दिरमा जगाई कैले दियो[२]

कौन पुन्य आदमीले जागृत लियो[२]

प्रभु, नरलाई भुलायो मायामा

मायाले भुलायौ संसार

प्रभु मेरा नरलाई भुलायौ मायामा[२]

हो....................हो................................

x x x x

कृष्णजीका फेला, बल्ल पऱ्यो राधीका[२]

राधा पियारी, खै लेऊ मेरो मुरली[२]

हे.................जन्म भयो कृष्णाको, जन्म भयो कृष्णाको

दुई हात मुरली, जन्म भयो कृष्णाको[२]

अशोकाको रूखमाथि बसे कृष्ण काले[२]
गोपिनीले तलबाट कपडा माग्न थाले[२]
कार्त्तिकको ठण्डा जाडो जलमा कति बसौं[२]
साडी चोली दिन्नौ भने हामी यसै मर्छौं[२]
माथिबाट हाम्लाई ल्यौ-ल्यौ मेरा कपडा[२]

स्रोत : खगेश्वर पाण्डे, थुमपोखरा ५
उमेर : ५८ वर्ष ।

**ख. कीर्तन**

राधे श्याम, राधे श्याम, श्याम श्याम, राधे राधे ।
राधे कृष्ण, राधे कृष्ण, कृष्ण कृष्ण राधे राधे ॥

x x x x

हरे राम, हरे राम, राम राम हरे हरे ।
हरे कृष्ण, हरे कृष्ण, कृष्ण कष्ण, हरे हरे ॥

स्रोतः ठाकुरप्रसाद चापागाई, पेलाकोट ५
उमेर : ३४ वर्ष ।

त्यो पनि रामको ऊ पनि रामको
सबै संसार रामको म पनि रामको
हाँगा-हाँगामा प्रभु पात पातमा
हामलाई पनि लैजाऊ प्रभु तिम्रा साथमा
राम कृष्ण भगवान त झन् मनमा
सारा संसार घुमे पनि छैनन् वनमा

x x x

जपौँ हरिलाई, जपौँ हरिलाई
एक दिन होइन, दुई दिन होइन, सधैँ भरिलाई ।
ए हरि ए हरि, मनमा छैन थीर
चारै दिनको जिन्दगीमा झुटै हो शरीर ।

स्रोतः नुमकला पाण्डे, थुमपोखरा ५
उमेरः ८४ वर्ष

### ३.३.३.२ आरती

कुनै विशेष पूजा-आजाका अवसरमा मन्दिर अथवा घरहरूमा धूप-दीप बालेर भगवान्को नाममा गाइने विशेष प्रकारका धार्मिक गीत नै आरती हो । आरती गीत भजनका क्रममा गाइने गरिन्छ । यो बढी मात्रामा शास्त्रीय शैलीको हुन्छ । उदाहरणका निम्ति यस आँधीखोला क्षेत्रमा गाइने एवम् पाइने आरती गीतको नमुना तल प्रस्तुत गरिन्छ–

सन्ध्या जगाऔँ, राम आरती लगाऔँ,
लेउन मेरा भगवत हरिज्यूको नाम
गाउन मेरा भगवत प्रभुज्यूको नाम[२]
पृथिवीमा उब्ज्यो फूलको बिरूवा
सोही र फूल टिपेर हरिलाई चढाऔँ,
लेउन मेरा भगवत हरिज्यूको नाम
गाउन मेरा भगवत प्रभुज्यूको नाम[२]
पृथिवीमा उबज्यो सिरिखण्ड बिरूवा
सोही र चन्दन घोटेर हरिलाई चढाऔँ
लेउन मेरा भगवत प्रभुज्यूको नाम
गाउन मेरा भगवत प्रभुज्यूको नाम[२]

स्रोत : ठाकुरप्रसाद चापागाई, पेलाकोट ५
उमेर: ३४ वर्ष ।

### ३.३.४ बाह्रमासे लोकगीत

जुनसुकै अवसर, अवस्था वा समयमा गाउन सकिने लोकगीतहरूलाई नै बाह्रमासे लोकगीत भनिन्छ । यसलाई सदाकालिक गीत पनि भन्ने गरिन्छ । बाह्रमासे गीतहरू गाउनको लागि कुनै निश्चित समय एवम् ऋतुको आवश्यकता पर्दैन । यस आँधीखोला क्षेत्रमा बाह्रमासे गीत अन्तर्गत झ्याउरे, रोइला, ख्याली, सालैजो र बालगीत मुख्य रूपले प्रचलित छन् । त्यसकारण यहाँ ती गीतहरूको चर्चा तल प्रस्तुत गरिन्छ–

### ३.३.४.१ झ्याउरे गीत

नेपालको धेरै भूभाग पहाड र हिमालले बनेको र गाउँ नै गाउँले भरिएको छ । यी डाँडा–पाखामा झ्याउरे गीत घन्कन्छन् । नेपालका कतिपय भागमा सामान्यतः सबै खालका

लोकगीतलाई झ्याउरे भन्ने प्रचलन छ । झ्याउरेलाई झण्डै–झण्डै लोकगीतकै पर्यायका रूपमा समेत लिने गरिन्छ । लोकगीतलाई झ्याउरेको रूपमा लिँदा झ्याउरे एउटा सिङ्गो रूख हो भने अरू कैयन गीत यसका हाँगा–बिँगा हुन् । ती सबै लयलाई केलाउँदा यसका १०८ भन्दा बढी भेद उपभेद हुन सक्ने अनुमान गरिन्छ । यस क्षेत्रमा गाइने झ्याउरे गीत कुनै द्रुत लयमा र कुनै ढिलो पाराले गाइन्छ । त्यस्तै कुनै छोटा र कुनै लामा आकारका झ्याउरे गीतको यहाँ प्रचलन रहेको छ । उदाहरणका निम्ति यस आँधीखोला क्षेत्रमा पाइने झ्याउरे गीतका नमुनाहरू तल प्रस्तुत गरिन्छ–

काग कराउँदै घरमुनि आइदेला, घरमुनि आइदेला  
चस्को पर्ला मनमा त्यो बेला चिसापानीमा  
चिसापानीमा सम्झी नरोए जिन्दागानीमा[२]  
तिम्रो मनमा जति पीर परेनी , जति पीर परेनी  
सपनीमा आइरन्छु मरेनि – चिसापानीमा  
चिसापानीमा सम्झी नरोए जिन्दगानीमा[२]  
मेरो माया जून होइन तारा  
हो बैनी अँधेरीमा बन्द्यौ न सहारा  
हो बैनी, फूलको बोटैमा, क्या मीठो बोली छ लाली ओठैँमा  
मिर्मिरेमा कुखुरा बासेको  
हो बैनी , झल्को लाग्छ मायाले हाँसेको  
हो बैनी, फूलको बोटैमा, क्या मीठो छ लाली ओंठैमा  
x x x x

बाबा बिते वर्ष दिन नहुँदै, वर्ष दिन नहुँदै  
दाजु लाहुर बूढी आमै पिँढीको छेउ रूँदै  
डाँडै माथि चौपारीमा पिपलु फरर .......... ।

स्रोतः रमेश बस्याल, तीन दोबाटे ८  
उमेर : ३२ ।

### ३.३.४.२ रोइला गीत

आँधीखोला क्षेत्रमा प्रचलित एक खास बाह्रमासे गीत रोइला हो । आँधीखोले रोइला गीतको महत्त्व नेपाली लोकगीतको क्षेत्रमा नै महत्त्वपूर्ण मानिन्छ र रोइला ख्याली जस्तै युवा–युवतीहरूको बीचमा सवाल जवाफ कै क्रममा गाइने गरिन्छ। यस आँधीखोले रोइलामा तीन–तीन पङ्क्तिहरू हुन्छन् । रोइला एउटा प्रश्नोत्तर शैलीकै माध्यमबाट अगाडि बढ्ने हुनाले यसमा आख्यान पनि रहेको हुन्छ। उदाहरणका निम्ति यस आँधीखोला क्षेत्रमा प्रचलित रोइला गीतका नमुनाहरू तल प्रस्तुत गरिन्छ–

केटाः तिम्लाई लान भनी
आको म त रमाउँदै
खरको गाँज समाउँदै

केटी : मलाई लाने भए
गोरखपुरको सारी ल्याऊ
एसी भाको गाडी ल्याऊ

केटा : लान लाने थिएँ
बर्खे बाटो कच्चा छ
पेटमा तिम्रो बच्चा छ

केटी : त्यसो न भन दाइ
दिल मेरो सच्चा छ
तिम्रो भन्दा अच्छा छ।

x x x

केटा : अचार करेलीको
तिहुन मीठो लौकाको
नछाड है मौकाको

केटी : दाइको दैला मुनि
लसुन हो कि पियाज
यतै बसौँ कि आज

केटा : कति बस्ने हो र ?
दुई नम्बरैको गामैमा
मायालुको नामैमा

केटी : बस भन्ने मान्छे
संसारमै पाइँदैन
नबसे दाइ, बोल्दैन

केटा : बोल बोल मायालु
बोली तिम्रो राम्रो छ
सुन्ने इच्छा हाम्रो छ

केटी : बोलौं भने पनि
बोली छैन लयालु
के बोलौं खै मायालु ............... ।

स्रोत : रमेश बस्याल, तीन दोबाटे ८
उमेर : ३२ वर्ष ।

### ३.३.४.३ ख्याली

ख्याली पनि एक बाह्रमासे गीत हो । ख्याली ख्याल–ठट्टाको क्रममा गाइन्छ । यो पनि रोइला जस्तै सवाल–जवाफकै क्रममा सामूहिक रूपमा विशेष गरेर युवा–युवतीद्वारा बसेर गाइने गीत हो । खासगरी मन्दिर वा घरमा विभिन्न पूजा-आजा भएको अवसरमा भजन गीतपछि खैँजडी, मुजुरा, मादल आदिजस्ता वाद्ययन्त्रका साथमा रसरङ्को तालमा गाइन्छ । आर्थिक, सामाजिक मनोदशाको साथ-साथै विशेष रूपमा श्रृङ्गारिक भाव धाराको नै बढी बाहुल्यता रहने यस गीतमा आख्यानात्मकता पनि रहेको हुन्छ । खासगरी ख्यालीमा दुई–दुई पङ्क्तिमा छ र दोस्रो पङ्क्तिमा ७ अक्षर हुन्छन् । जसमा दोस्रो पङ्क्तिलाई गाउने क्रममा पुनरावृत्ति गरिन्छ । यस आँधीखोला क्षेत्रमा गाइने ख्याली गीतका मूलतः तीन भेदहरू छन् । ती हुन् दोहोरी ख्याली, ख्याली भजन र ख्याली चुड्का । यहाँ ती गीतहरूका नमुना तल प्रस्तुत गरिन्छन्–

**क. दोहोरी ख्याली**

केटो : सुरू गरौं है त, लोकगीत गाउनलाई
नौलो माया लाउनलाई ।

केटी : दाजु तिम्रो नाममा, आयो चरण मबाट
लौ रूमाल छेउ थाप ।

केटो : त्यसै काँ थाँपुला, बुद्धि तिम्रो नापुँला
बल्ल प्रस्ताव गरूँला ।

केटी : कले भन्दैन र, डाँडै काटी ल्याउँ कुलो
गाउँको भाले मै ठूलो

केटो : कृष्णज्यूको फेला, बल्ल पऱ्यो राधिका
भुल्यौ कुरा तादिका ।

केटी : सन्चै होला के रे, आकाशका तारालाई
घरका परिवारलाई

केटो : गाई चराउन जाँदा, शीतल ताप्छु वरमा
सन्चै छन् है घरमा ।

केटी : आज किनी ल्याए, गुलेलीलाई रबर
नयाँ छ कि खबर

केटो : नयाँ खबर छैन, बैनी भेट्न आएको
लामो बाटो धाएको ।

केटी : टाढा थियो बाटो, आउँदा-आउँदै लेट भयो
धेरै दिनमा भेट भयो

केटो : धन्न भेट भयो, चौँठे ठेकी बिर्काले
भगवानका कृपाले ।

केटी : दाइलाई नदेखेको, धेरै भयो तीन दिन
देखे पनि चिन्दिनँ ।

**ख. ख्याली भजन**

गोकुल उज्यालो, जन्म भयो कृष्णाको
गोपिनी भुलाए, तीन दिनका बालाले

बलनारायन, जमुनामा खेलनी ।

हरे कृष्ण बाला, गोलेनीको त्यो चाला

मार्‍यो कृष्णले, बक्सास, दैत्यलाई, मार्‍यो कृष्णले

मार्‍यो कृष्णले, पापी केश मामालाई, मार्‍यो कृष्णले

गोकुलबासी हाँसे, राच्छेस् जति मारेर ।

**ग. ख्याली चुड्का**

हुने कहिल्यै हैन

होलाकीले छोडेन [२] ।

यस्तै रैछ र पो

भन्दो रैछ नरले [२]।

बसौँ एकै डाली

दुई वनको न्याउली [२]।

मन पलाउने हैन

काटे डाली पलाउला [२]।

जमिन थरर

दुई बैनीका स्वरले [२]।

हुँदै रौँला भेट

लाउँदै रौला पिरती [२]।

माया लाउने भए

कम्बर कस यहीँ बस [२]।

कति सुहाएको

बैनी अघि दाइ पछि [२]।

स्रोत : जगत पाण्डे , तीनदोबाटे ५

उमेर : ४० वर्ष ।

## ३.३.४.४ सालैजो गीत

सालैजो गीत एउटा सदाकालिक गीत हो । यो गीत लामो र छोटो टुक्का युक्त टुक्का विहीन तथा एकोहोरी वा दोहोरी दुबै किसिमको हुन्छ । सामाजिक र आर्थिक मनोदशाको साथै

विरह-वेदनाले भरिएको श्रृङ्गारिक भावधाराको अभिव्यक्ति पाइने सालैजो गीत सुन्नमा पनि त्यत्ति कै कर्णप्रिय हुन्छन् । यस आँधीखोला क्षेत्रमा टुक्कायुक्त एकोहोरी लयमा सालैजो गीतको बढी प्रयोग भएको देखिन्छ । उदाहरणका लागि यस क्षेत्रमा प्रचलित सालैजो गीतको नमुना तल प्रस्तुत गरिन्छ-

केटो : ओ .............हो .......... खोलाको ढुङ्गा टपक्कै टिपी,

ओ .......... हो .......... सालै जोया ................

केटी : चौतारी चिनौँला [३]।

केटो : गएको जोवान फर्की आउँछ भने ,

ओ .......... हो ......... सालै जोया ........... पैसाले किनौँला......... ।

केटी : पैसाले किनौँला [३]।

केटो : हो ............. लोया .......... जोया ................ पैसाले किनौँला ।

हो ......... हो ........नौतुनादेखि गोरखपुरसम्म

ओ ........ हो .......... सालै जोया ......... रेलैमा लाइन ।

ओ .......... हो ............ सालै जोया ............ के गऱ्यो चइन ।

केटी : के गऱ्यो चइन [३]।

स्रोत :रमेश पाण्डे , पेलाकोट ७

उमेर-३५ वर्ष ।

### ३.३.४.५ बालगीत

स-साना केटा-केटीहरूले मनोरञ्जनका लागि गाउने गीतलाई नै बालगीत भनिन्छ । बालगीत केटा-केटीहरूले जुनसुकै समय वा जुनसुकै अवस्थामा पनि गाउने हुनाले यो एक बाह्रमासे गीत नै हो । बालगीत एकल रूपमा पनि गाउने गरिन्छ तर यो विशेष गरेर समूहमा नै बढी गाउने गर्दछन् । बालगीतको लागि कुनै किसिमको वाद्ययन्त्रको आवश्यकता पर्दैन । प्रकृति, पशु-पंक्षी नाता-गोता आदिसँग सम्बन्धित कुराहरूलाई विषयवस्तु बनाएर बालगीत गाउने गरेको पाइन्छ । उदाहरणका लागि यस आँधीखोला क्षेत्रमा गाइने र पाइने बालगीतका नमुना तल प्रस्तुत गरिन्छन्-

तारा बाजी लै लै

मामा आए घोडा

माइजू आइन् डोली
पापा ल्याइन् सोली
बुबु माम सुपुक्क
काफल गेडी कुटुक्क
बिरालो भन्छ म्याउँ–म्याउँ
अगुल्टो भन्छ उछुट्याऊँ ।

x x x x

ओक्कलले दोक्कले
हाम्री दिदी नक्कले
लैजाऊ भेना बोकेर
टेङ्कुटी बाजा ठोकेर
दैला मुनि देवी थान
कसले देला कन्यादान
बाबुआमा थिएनन्
दाजुभाइले दिएनन्
पातलीले छोरो पाई
हल्लाइ दैउन लाहुरेदाइ
नाए मैले सक्दिनँ ।

x x x x

ची मुसी चियाना
तेरो दाइ मेरो दाइ
माछा मार्न गाछन्
माछा मारी ल्याएर
ढुङ्गामा सुकाछन्
तँलाई झोल मलाई चौटा
भुर्र ........... ।

स्रोत : कोपिला शर्मा, पेलाकोट ५
उमेर : ११ वर्ष ।

**निष्कर्ष**

आँधीखाला क्षेत्रमा नेपालको ग्रामीण भू-भागमा गाइने प्रायः सबैजसो लोकगीतहरू पाउन सकिन्छ । विभिन्न प्राकृतिक भू-बनोटले ढाकिएको हुनाले यस क्षेत्रमा ग्रामीण जीवनमा पाइने परम्परागत मूल्य-मान्यता एवम् रीतिरिवाजको बाहुल्यता रहँदै आएको छ । जन्मको समयदेखि मृत्युपर्यत्नसम्म गाइने गीतहरू एकातिर देखिन्छन् भने अर्कोतिर खेती-पाती तथा मेला पर्वमा गाइने अवसरमा गाइने श्रमगीतहरू सबैलाई आ-आफ्नो कार्यप्रति अभिप्रेरित गरेको पाइन्छ । यस्तै हाम्रो धार्मिक मान्यताअनुरूप आउने पर्वहरूमा पर्वगीतहरू गुञ्जिएको पनि जता-ततै देख्न सकिन्छ । वातावरणलाई रमाइलो बनाउन र मनमा आएका पीडाहरूलाई शान्त बनाउन पूजा-आजाका अवसरमा लोक एवम् भजन-कीर्तन तथा आरतीहरू गीतहरू गाएर मनलाई स्वच्छ बनाउने कामहरू गरेको देखिन्छ ।

यसरी विभिन्न समय, परिस्थिति र अवस्थाअनुरूप विभिन्न प्रकारका लोकगीतहरू गाएर आफ्नो जीवनमा आनन्दको अनुभूति गर्ने परिपाटीको बाहुल्यता रहेको हुनाले आँधीखोला क्षेत्र नेपाली लोकगीतको सन्दर्भमा एक महत्त्वपूर्ण क्षेत्र नै मान्न सकिने कुरामा दुईमत छैन ।

# अध्यय-चार

# आँधीखोले लोकगीतको विश्लेषण

## ४.१ लोकगीत विश्लेषणका आधार

लोकगीत लोकसाहित्यकै विशिष्ट पक्ष हो । साहित्यका अन्य विधामा जस्तै लोकगीतमा पनि शिल्प र भाव पक्षको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । आँधीखोले लोकगीतको विश्लेषणको क्रममा लोकगीतको भाव पक्षमा अन्तर्निहित विविध विषयवस्तुलाई विश्लेषणको अन्य आधारको रूपमा स्वीकार गर्न सकिन्छ । लोकगीतमा देशको आर्थिक, राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक पक्षहरू विविध रूपमा अभिव्यक्त भएकै हुन्छन् र यसरी नै लोकगीतमा रस अलङ्कार, छन्दजस्ता काव्यतत्त्वहरूको पनि महत्त्वपूर्ण स्थान रहन्छ ।

लोकजीवनमा व्याप्त हुने कुनैपनि विषयलाई लोकगीतले समेट्न सक्छ । यहाँ प्रचलित लोकगीतको विषयवस्तुको स्रोत यसै ठाउँको समाज हो । मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धित अन्य पक्षलाई लोकगायकहरूले गीतका माध्यमले व्यक्त गर्दछन् । गीतअनुसार विषयवस्तुको स्रोत पनि फरक-फरक हुन सक्दछ । साँस्कृतिक पर्वमा गाइने गीत र मनोरञ्जन दिनका लागि गाइने गीतमा फरक पाउन सकिन्छ । बालगीतमा बालकहरूलाई विभिन्न क्रियाकलाप सिकाउन र भरिपूर्ण मनोरञ्जन दिनका लागि गीत बनाइएको हुन्छ । भैलो र देउसीजस्ता गीतमा साँस्कृतिक विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । झ्याउरे, ख्याली गीतमा मुख्य रूपमा प्रणय-प्रेमको विषयवस्तु हुन्छ र यसैमा अन्य विषयवस्तुको रूपमा गरिबी, लाहुरे जीवन, अशिक्षा, नारी वर्गमाथि गरिने भेदभाव आदि भाव आउँदछन् । यसरी यस क्षेत्रका लोकगीतमा सामाजिक जीवनसँग जोडिने विविध पक्षलाई विषयवस्तुका रूपमा लिएर लोकगीतको सिर्जना गरिने हुँदा लोकगीतका विश्लेषणका आधारहरूलाई सामाजिक सामाजिक अध्ययन र काव्यशास्त्रीय अध्ययनका आधारमा यहाँ चर्चा गरिएको छ ।

### ४.१.१ सामाजिक अध्ययन

लोकगीत लोकजीवनको उपज हो । कुनै पनि लोकगीतको उत्पत्ति त्यही समाजबाट नै हुने गर्दछ अथवा लोकगीतहरू लोकका मानिसहरूबाट लोकको लागि लोकमा नै निर्माण हुन्छन् । मानिस एउटा सामाजिक प्राणी भएको हुनाले उसले धार्मिक-साँस्कृतिक मूल्य-मान्यताहरूलाई एकातिर पालन गर्नुपर्ने हुन्छ भने अर्कोतिर सामाजिक, आर्थिक पक्षहरूसँग पनि समायोजन भएर अगाडि बढ्नु पर्ने हुन्छ । यसरी हेर्दा प्राकृतिक विविधता, सामजिक परम्परा, आर्थिक जीवन, साँस्कृतिक मूल्य-मान्यताजस्ता कुरा हाम्रो समाजसँग गाँसिएको हुनाले तिनै विषयवस्तुमा केन्द्रित रहेर व्यक्तिले लयको माध्यमबाट लोकगीतको सिर्जना गर्ने हुनाले यहाँ सामाजिक अध्ययन अन्तर्गत तिनै पक्षहरूलाई विभिन्न उपशीर्षकहरू दिएर तल विश्लेषण गरिएको छ -

### ४.१.१.१ सामाजिक एवम् पारिवारिक जीवनको चित्रण

वैयक्तिक, पारिवारिक तथा सामाजिक जीवनका घटना-दुर्घटना, आँसु-हाँसो, सुख-दुःख, आशा-निराशा, सम्पन्नता-विपन्नताजस्ता विविध विषयवस्तुलाई सुमधुर साङ्गीतिक नाँदमा लयबद्ध ढंगले लोकगीतमा अभिव्यक्ति प्रदान गरिएको हुन्छ । लोकजीवन नै लोकगीतको स्रष्टा, प्रयोक्ता र संरक्षक भएकोले सामाजिक तत्त्वको संलग्नता बिना यसको अस्तित्त्व नै छैन ।

हाम्रो समाजमा दाइजो प्रथा अझै पनि उत्तिकै महत्वका साथमा हेरिन्छ । छोरो वरियाँत लिएर विवाह गर्न निस्केपछि कति दाइजो आउने होला भन्ने जिज्ञासा घर र वरपरका सबैमा भएको कुरा लोकगीतमा यसरी अभिव्यक्त भएको पाइन्छ -

> सिरफूल पैरेर बाहिर निस्क आमा
> छाइँ छाइँ भइहाल्यो गाउरी धन ल्याउने बेला भो ।
> टिकिया पैरी बाहिर निस्क आमा
> छाइँ छाइँ भइ हाल्यो गाउरी धन ल्याउने बेला भो ।

छोरोले विवाह गरेर बुहारी ल्याएपछि बुहारीलाई एउटा घरको नोकरको रूपमा काममा कज्याउने प्रथा पनि हाम्रो समाज वा परिवारमा भएको कुरा निम्न हरफहरूले स्पष्ट पार्दछन् -

जेठे र मासका खरीलाग्दा घाम एक्लै गोड्छ्यौ नि जिरिया है ।
तिमरी सासू त कहाँ गइन् नानै, केहुमा काम गर्छिन् नि है ?
हामरी सासू त खटियैमा बस्छिन्, मेलैमा लाउँछिन् नजर है ।
तिमरा ससुरा कहाँ गए नानै, केहुमा काम गर्छन् नि है ?
हामरा ससुरा घरका मालिक, मेलैमा लाउँछन् नि नजर है ।
जेठे र मासका खरीलाग्दा घाम, एक्लै गोड्छ्यौ नि जिरिया है ।

वर्ष भरिनै बुहारीलाई घरमै कज्याउने परम्परा हाम्रो समाजमा भएको हुनाले वर्षको एकपटक आउने महिलाहरूको महान् चाड तीजमा माइतबाट आफ्नो बाबा लिन आउँदा पनि आफूलाई नपठाएको गुनासो पनि निम्न हरफमा अभिव्यक्त भएको पाइन्छ –

वर्ष दिनका तीजमा बाबा लिन आएका
पठाएनन् घरकाले फर्के कनक्क ।

हाम्रो परिवारमा यस्ता बुवाहरू पनि छन्, जसले आफ्नो छोरीलाई ख्वाउनुपर्छ भनेर तीजमा लिनजाने वा बोलाउने काम पनि नगर्न पछि पर्दैनन् भन्ने कुराको सङ्केत निम्न हरफहरूले दिन्छन्–

वर्षदिनका तीजमा बाबा लिन नआउने
बरिलै धन्नै हो बाबाको मन
पाथी मैले खाँदिन मुरी मैले लाँदिन
बरिलै धन्ने हो बाबाको मन ।

हाम्रो समाजमा घाँस–दाउरा गर्दा वा मेला–पातको काम गर्दा एकल रूपमा भएपनि युवा युवतीहरूले प्रेम–प्रणयका भाव लोकलयमा सुसेलेको पाइन्छ । यस्ता गीतहरूले एकातिर आनन्द प्रदान गरेको हुन्छ भने अर्कोतिर काम गर्दा लाग्ने थकाइको अनुभव पनि नभई समय छिट्टै नै बितेजस्तै पनि हुन्छ । उदाहरणका रूपमा तलका हरफलाई हेरौं–

मेरो माया जून हैन तारा
हो बैनी, अँधेरीमा बन्द्यौ न सहारा
हो बैनी, फूलको बोटैमा, क्या मिठो छ, लाली ओठैँमा ।

तीजमा माइती लिन आएका वा लिन नआएका, माइतमा चिल्ला खाजा खाएका वा घरमा रूँदै बसेका, राम्रा–राम्रा गहना र कपडाहरू लगाएका वा नयाँ लुगा फेर्नसमेत नपाएका जस्ता विविध समस्याहरू पनि लोकगीतमा अभिव्यक्त भएका पाइन्छन् । यसरी सबै उमेर, वर्ग, लिङ्ग र जातजातिको विविध सामाजिक सन्दर्भहरू हाम्रा लोकगीतमा समेटिएका देखिन्छन् । जनजीवनमा प्रचलित गहना, पोशाक, खानेकुराहरू र आदरसम्मानका कुराहरू पनि लोकगीतमा बाहिरका विषय होइनन् । समग्रमा हेर्दा वैयक्तिक,पारिवारिक तथा सामाजिक जीवनका सुख- दु:खका विविध क्षणलाई लोकगीतले आफ्नै कथ्य बनाएको पाइन्छ ।

### ४.१.१.२ आर्थिक जीवनको चित्रण

मानिस समाजमा बस्छ । उसलाई आफ्नो जीवन चलाउनको लागि धन–सम्पत्ति नभई नहुने हुन्छ । 'बिना धन, केही नभन' भन्ने नेपाली उखान नै छ । आर्थिक उपार्जनका लागि यहाँका मानिसहरू कुनै न कुनै पेसासँग सम्बद्ध छन् । समाजमा धनी र गरीब गरी दुई वर्ग हुन्छन् । विशेषत: लोकगीतमा गरिबी, अभाव तथा निर्धनताको चित्रण बढी नै हुने गर्दछ । गरिब वर्गले अर्थोपार्जनको लागि गाउँघर, जन्म दिएका बाबुआमा, इष्टमित्र, जीवन सङ्गिनीलाई छाडेर मुग्लान जानुपर्दछ । यसरी मानवीय जीवनसँग अर्थले प्रत्यक्ष सरोकार राख्ने हुनाले अर्थको सेरोफेरोमा नै केन्द्रित रहेर आफ्नो यथार्थता पोख्ने क्रममा नै समाजमा लोकगीतहरू सिर्जना हुने हुँदा यहाँ तिनै गीतहरूको चर्चा गरिन्छ ।

हाम्रो समाजका अधिकांश मानिसहरूले आफ्नो जीविका चलाउनको लागि विदेशतिर जानुपर्ने बाध्यता छ । एकातिर एउटा श्रीमान् विदेशतिर जानुपर्ने र अर्कोतिर घरमा बसेकी श्रीमतीले एक्लै मेला–पात गरी आफ्नो श्रीमान्को पखाइमा वर्षौं बिताउनु पर्ने दयनीय अवस्थाको चित्रण निम्न हरफहरूमा पाइन्छन्–

> तिमरा स्वामी कहाँ गए नानै, एकलै गोड्छ्यौ नि जिरिया है ?
>
> हामरा स्वामी परदेश गाको, बाह्रै र वर्ष भयो नि है ।

आर्थिक अवस्थाको कारणले एउटा परिवारभित्र पनि मिलनको वातावरण बन्न निकै कठिन पर्न जान्छ । घरमा बुवा बित्ने, बूढी आमा पिँढीमै बसेर आफ्नो छोरो विदेशबाट कहिले आउला भन्दै पिँढीमा रूँदै छोराको बाटो हेर्नेजस्ता स्थितिहरू हाम्रो समाजमा जताततै भेटिन्छ । यहाँ यस्तै कुराहरू तलका हरफहरूले अभिव्यक्त गरेका छन्–

बाबा बिते वर्ष दिन नहुँदै, वर्ष दिन नहुँदै

दाजु लाहुरे बूढी आमा पिँढीको छेउ रूँदै ।

यो आँधीखोला क्षेत्र मात्रै नभएर  नेपालको अधिकांश भूभाग पहाडी क्षेत्रले ढाकिएको छ । त्यसकारणले गर्दा आर्थिक पक्ष कमजोर भएका मानिसहरूको सङ्ख्या यहाँ निकै छ । यिनीहरूले दिन–रात पसिना बगाएर काम गरे पनि आफ्नो दुई छाक टार्नको लागि कोदो, मकैजस्ता बालीहरूमा नै निर्भर हुनुपर्ने कुरा तलका हरफमा पाइन्छ ।

भदौरे महिना मकै र खाउँला

x x x x

हे माया, कोदाको रोटी

कोदाको रोटी खाएर बसौं ।

अन्य ठाउँको लोकगीतमा जस्तै यस ठाउँको लोकगीतहरूमा पनि एकातिर गरिबीको दुःख पोखिएको हुन्छ भने अर्कोतिर सम्पन्न आर्थिक स्थितिको पनि कल्पना गरिएको हुन्छ । विशेषगरी तिहारमा खेलिने देउसी र भैलोमा दिइने आसिकहरूमा त्यस्तो भाव अभिव्यक्त भएको भेटिन्छ –

| | |
|---|---|
| यो घरमा | भैलो |
| राम्रै होओस् | भैलो |
| धन–सम्पत्ति | भैलो |
| वर्षी जाओस् | भैलो |
| यो घरका | भैलो |
| जेठा छोरा | भैलो |
| जर्नेल कर्नेल | भैलो |
| भइजाऊन् | भैलो |
| हाकिम साब | भैलो |
| भइजाऊन् | भैलो |

यसरी गरिबीको कारणले आइपर्ने समस्याहरूसँग जुध्दै यहाँका मनिसहरूले आफ्नो जीवन भोग्नुपर्ने स्थिति रहेको हुँदा तिनै जीवन भोगाइका आर्थिक विडम्बनाको चित्रण लोकगीतहरूमा झल्केको पाइन्छ ।

## ४.१.१.३ साँस्कृतिक जीवनको चित्रण

सामजिक परम्परा, रहन–सहन, रीतिरिवाज, विश्वास, जीवनमूल्य, सामाजिक–मान्यता, धारणा आदिको समन्वित रूपलाई संस्कृति भनिन्छ ।[४३] यस क्षेत्रमा प्रचलित सांस्कृतिक मूल्य र मान्यतालाई यहाँका लोकगीतले अभिव्यक्ति प्रदान गरेका छन् । विभिन्न चाडपर्व र संस्कार कार्यका अवसरमा सान्दर्भिक गीतहरू गाएर स्थानीय जातिहरूले मनोरञ्जन प्राप्त गर्दछन् ।

नेपाली नारीहरूले आफ्नो पति जस्तोसुकै भएपनि परमेश्वरका रूपमा मान्नुपर्ने अवस्था छ । उनीहरूले आफ्नो पतिको कुनै पनि वचन काट्नु हुँदैन भन्ने परम्परा हाम्रो सामाजिक मूल्य मान्यताभित्र पर्दछ । यहाँ तीजको अवसरमा बुबा लिन आउँदा पनि स्वामीले नपठाएको गुनासो तलका हरफहरूबाट पाइन्छ –

दैलो मुनि साउ छरेर यति राम्रो गोडेर
लौ कसरी जान्छ्यौ सीता मलाई छोडेर
पानी आयो रिमीझिमी सिरको टोपी भिजेन
बाबा गए रूँदै-रूँदै चित्त बुझेन ।

दसैँको घटस्थापनादेखि नवमीको रातिसम्म मालसिरी गाउने प्रचलन पाइए पनि हाल यसमा केही शिथिलता देखापरेको छ । प्रौढ महिला र पुरूषहरूले नवदुर्गाको स्तुति गर्दै राक्षसी प्रवृत्तिको विनाश र देवीको कल्याण होस् भन्ने कामना गर्दछन् –

सहस्र वाणसे शत्रु हरिणी, सेवकको वर दायिनी
जय देवी कालिका प्रसन्न भयौ हो, जय देवी कालिका ।

---

[४३] डा. श्रीधर मिश्र, **भोजपुरी लोक साहित्यको साँस्कृतिक अध्ययन,** ( इलाहावादः हिन्दुस्तानी एकेडेमी, इ. १९७१) पृ.२०१ ।

दसैँपछि तिहारमा महिलाहरूले भैली गाउँछन् भने पुरूषहरूले देउसी गीत गाउँछन् । भैली गीतमा घर–आँगन  सफा गर्ने, गाई ,गोरू, कुकुर, काग, भाइ आदिको पूजा गर्ने तथा दीर्घायु र मंगल कल्याणको कामना गर्ने मान्यता (लोकगीतमा) व्यक्त भएको पाइन्छ । उदारहणका रूपमा तलका हरफहरू हेरौं–

हे, हरियो गोबरले लिपेको
लक्ष्मीपूजा गरेको
हे, औँसीबार, गाई तिहारो भैलो
हामी त्यसै आएका होइनौ
बलि राजाले पठाएका
हे, औँसीबार, गाई तिहारो भैलो ।
x x x x

| | |
|---|---|
| यो घरमा | भैलो |
| राम्रो होओस् | भैलो |
| धन–सम्पत्ति | भैलो |
| वर्षी जाओस् | भैलो |

लक्ष्मीपूजा सकिएपछि पुरूषहरूले घर–घरमा पुगेर  देउसी खेल्ने, आसिक दिने र रूपियाँ पैसा लिने गर्दछन्–

| | |
|---|---|
| ए, झिलीमिली झिलीमिली | देउसी रे |
| ए,केको झिलीमिली | देउसी रे |
| ए, बत्तीको झिलीमिली | देउसी रे |

x x x x

| | |
|---|---|
| ए, घरभेटी आमा | देउसी रे |
| ए, छिटो गर | देउसी रे |
| ए, यहाँ मात्रै हैन | देउसी रे |
| ए, देशै संसार | देउसी रे |

ए, पुग्ने हो नि देउसी रे

ए, यो घरमा देउसी रे

ए, लक्ष्मीले देउसी रे

ए, बास गरून् देउसी रे

ए, दु: ख कष्ट देउसी रे

ए, हटेरै जाओस् देउसी रे

साँस्कृतिक प्रचलन अनुसार बिहे गर्न गएको दुलहाको घरमा राति रत्यौली खेल्ने चलन छ । अत्यन्त हर्षित हुँदै आमाहरूले यस अवसरमा विभिन्न गीत गाउँछन् । हेरौं ती गीतको एक अंश–

हामरा बाबु लक्ष्मण जस्तै

अरे हाय–हाय, गए डोली चढेर

भोलि आउँछन् हामरा बाबु

अरे हाय–हाय, डोली भरेर ।

विवाहको अवसरमा दुलहा तथा दुलही पक्षको घरमा सान्दर्भिक मागलहरू गाउने चलन यस क्षेत्रमा भेटिन्छ । हाम्रो संस्कृति अनुसार मागल गायो भने मंगल वा कल्याण हुन्छ भन्ने विश्वास रही आएको छ । छोरो विवाह गर्न जाँदा वरियाँत निकाल्ने क्रममा छोराले यसरी मागल गाउँछ–

सिली धानका अछेता त माली गाईको दही

अन्माई द्यौन मेरी आमा पूरै जनती ।

छोराले दुलही लिएर आएपछि घरमा धार्मिक विधिपूर्वक दुलही भित्र्याउने गरिन्छ । यसरी दुलही भित्र्याउने क्रममा दुलहाकी आमाले यसरी मागल गाउँछिन्–

केको पानी खायौ बालै केको खायौ भोजन ?

कसकी छोरी लेर आयौ बालै ?

आमाले सोधेको प्रश्नको उत्तर दिने क्रममा छोराले पनि यसरी मागल कै रूपमा उत्तर दिने गर्दछ–

खायम् आमा खायम् आमा, मूलैको र पानी

ल्याएम् आमा ल्याएम् आमा कुलैकी र छोरी ।

मुगीमासे दाल आमा भोटकै र नून

खाएम् आमा खायम् आमा मीठा–मीठा भोजन ।

यसरी हाम्रा साँस्कृतिक मूल्य–मान्यताहरूले समाजमा आफ्नो अस्तित्त्व कामम गरेको हुनाले यहाँ तिनै साँस्कृतिक मूल्य–मान्यताहरूलाई लोकलयमा गाउने परम्परा परापूर्व कालदेखि रहँदै आएको माथिका हरफहरूबाट पनि झर्लङ्ग हुन्छ ।

### ४.१.१.४ प्राकृतिक जीवनको चित्रण

लोकगीतको मूल आधार प्रकृति हो । प्राकृतिक पर्यावरणमा नै लोकगीतले पल्लवित र पुष्पित हुने अवसर पाउँछ । घाम, पानी, बादल, हुरी, बतास, जून, तारा, सन्ध्या, प्रभात, दिन, रात, वन–जङ्गल, पशु–पंक्षीहरू, नदी–नाला, फूल आदिलाई प्रतीकको रूपमा प्रयोग गरी त्यसैको माध्यमबाट जीवन संघर्षका तीता–मीठा अनुभवहरूलाई सशक्त रूपमा व्यक्त गर्ने माध्यम लोकगीत हुन गएको छ । प्राकृतिक सहचार्यमा रहँदा विविध लोकभावनालाई लोकलयले सुमधुर घोलमा घोलेर प्रवाहित गर्ने प्रक्रियाबाटै लोकगीतको अतित्त्व निर्मित हुन पुगेको हो । अधिकांश लोकगीतको प्रथम चरण प्राकृतिक प्रतीक र बिम्बहरूको संयोजनबाट बनेको पाइन्छ । सिङ्गो प्रकृति नै लोकगीतका विविध अवयवमा प्रस्तुत भएको अनुभव हुन्छ । यसमा लोकगीतमा प्रयुक्त विविध प्रकृतिलाई सरसरी चिनाउने प्रयत्न गरिएको छ ।

समाजका युवा–युवतीहरूले आफ्नो मनमा रहेका प्रेम–प्रणयका भावनाहरूलाई अभिव्यक्त गर्ने माध्यमको रूपमा लोकगीतलाई लिने गरेको पाइन्छ । यस क्षेत्रमा पनि आफ्नो प्रेमी वा प्रेयसीलाई खुसी बनाउने वा प्रशंसा गर्ने काम लोकगीतको सुमधुर लयमा गरिएको पाइन्छ । यहाँ एउटा प्रेमीले आफ्नो प्रेमिकाको प्रशंसा गर्ने क्रममा प्रकृतिबाट विभिन्न प्रतीकहरू लिएको देखिन्छ–

> मेरो माया जून होइन तारा
> हो बैनी, अँधेरीमा बन्द्यौ न सहारा
> हो बैनी, फूलको बोटैमा , क्या मीठो छ, लाली ओँठैमा ।

हाम्रा लागि प्रेमपूर्ण जीवनको अनिवार्य भएजस्तै प्रेमपूर्ण दाम्पत्य जीवनको लागि सँगै बस्ने प्रस्ताव र बाचाकबुलको पनि अनिवार्यता हुन्छ–

> बसौं एकै डाली, दुई वनको न्याउली ।

जेठ मासको प्रचण्ड गर्मीमा पनि मेला पात गर्नु यस क्षेत्रका मानिसहरूको दिनचर्या नै भइसकेको छ–

> जेठे र मासका खरीलाग्दा घाम, एकलै गोड्छ्यौ नि जिरिया है ?

यस भूमिमा फुलेका फूलहरू पवित्र हुने हुँदा प्रभुजीलाई चढाउनुपर्छ भन्ने सन्देश तलको हरफमा पाइन्छ–

पृथ्वीमा उब्ज्यो फूलको बिरूवा

सोही र फूल टिपेर, हरिलाई चढाऔं ।

प्रकृतिका हरेक ठाउँमा ईश्वर वा प्रभुजीको वास हुन्छ भन्ने कुरा पनि निम्न हरफमा भेटिन्छ–

हाँगा–हाँगामा, प्रभु पात पातमा ।

तिहारको अवसरमा भैलो खेल्ने प्रचलन छ । खासगरी तिहारमा घरसफा गर्ने क्रममा गाईको गोबरले लिपपोत गर्ने कुरा पनि भैलो गीतमा गुञ्जिएको पाइन्छ ।

हे, हरियो गोबरले लिपेको

लक्ष्मीपूजा गरेको

हे, औंसीबारो गाईतिहारो भैलो ।

तीजमा आफू माइत जान नपाएको हुनाले तीजको रात जुनेली होओस् भन्ने कामना यहाँ एउटी नारीले गीतको माध्यमबाट यसरी अभिव्यक्त गरेकी छिन्-

ऐलेको तीजमा घर बस्न परेको

जुनेली भैदेउ रात बरिलै ।

यस आँधीखोला क्षेत्रमा विशेषगरी मंसिर महिनामा दाइँ गर्ने चलन छ । दाइँ गर्दा दाइँको बीच भागमा मियो गाड्ने र त्यसैमा गोरूहरू बाँधेर दाइँ गर्ने काम हुन्छ । यसैबेला कोइली आएर मियोमा बस्ने र दँदेराहरूले परालालाई फाँडो पार्नेजस्ता कुराहरू दाइँ गीतमा अभिव्यक्त भएका हुन्छन्–

मियोको टुप्पामा बसिहाल्यो केवेली

आजका दँदेरालाई खीरको च्वैली , दाइँमाडो परलैको फाँडो हो .... हो.....।

गाउँका चोकहरू वा भञ्ज्याङ्हरूमा वर–पीपलहरू लगाएर चौतारी बनाउने परापूर्व कालदेखि नै हाम्रा पुर्खाहरूले गर्दै आएका हुनाले चौतारीहरूमा बसेर थकाइ मेट्ने काम गरिन्छ । यहाँ एउटी छोरीले आफूलाई तीजमा बुबा लिन आउँदा नपठाएको हुनाले स्वामीको चित्त बुझाई आउने कुरा गर्दै बुबालाई परको चौपारीमा बस्न आग्रह गरेकी छन्–

अलि तल चौपारीमा बसे मेरा बाबा

स्वामी मन बुझाएर आउँछु बरिलै ।

यस्तै गरी खरवारी, देश, माछा, लेक, रानीवन, पानी, जाडो, बिरूवा , चौपारी, गुफा , खोलाजस्ता प्रकृतिका विविध पक्षहरूलाई पनि यहाँका लोकगीतहरूमा समावेश गरिएको कुरा तलका निम्न हरफहरूबाट स्पष्ट हुन्छ–

लपलपी लप्कने खरवारीको घर

x x x

तिम्रो देश भन्दा पनि हामरो देश रमाइलो ।

x x x

आँधीखोले कत्ले माछा किनी खाउँला दामले

x x x

उँभो र लेकबाट आउनु भयो शिवजी

x x x

नेपालैको यो ठूलो रानी वन

x x x

पानी आयो रिमीझिमी सिरको टोपी भिजेन

x x x

कात्तिकको ठण्डा जाडो जलमा कति बसौं

x x x

पृथिवीमा उब्ज्यो सिरिखण्ड विरूवा

x x x

डाँडामाथि चौपारीमा पिपलु फरर

x x x

खोलाको ढुङ्गा टपक्कै टिपी

x x x

यसरी प्रकृतिका विविध रूप एवम् पक्षलाई प्रतीक एवम् विषयवस्तुको आधारको रूपमा खडा गरेर यस क्षेत्रमा लोकगीतहरूको सिर्जना गर्ने कार्य गरिने हुँदा यहाँका लोकगीतहरू वास्तवमै प्रकृतिको चित्रणसँग निकै सह–सम्बन्ध राखेको पाइन्छ ।

### ४.१.२ **काव्यशास्त्रीय अध्ययन**

लोकगीत आफैमा मौलिक विधा भए पनि यसको नजिकको सम्बन्ध भने कवितासँग रहन्छ । प्रायः कविता शास्त्रीय नियममा रहेर सिर्जना गरिन्छ भने लोकगीतको सिर्जना स्वतन्त्र तरिकाले हुन्छ । लोकगीत स्वतस्फूर्त रूपमा उत्पन्न हुने भावको प्रस्तुतीकरण हो । लोकगीत सर्वसाधरणबाट सिर्जना हुने हुँदा बढी सरस र सहज हुन जान्छ । लोकगीतमा फेला पर्ने काव्यतत्त्व योजनाबद्ध रूपमा नभई सहज र स्वाभाविक रूपमा आउँदछ । स्वतस्फूर्त रूपमा सिर्जना हुने भएता पनि यसमा सौन्दर्यपक्षको स्थान महत्त्वपूर्ण रहन्छ । लोकगीतमा काव्यात्मक तत्त्वलाई हेर्दा यसमा रस, अलङ्कार र छन्दजस्ता काव्यशास्त्रीय वैशिष्ट्यहरू पाइने हुनाले यहाँ तिनैलाई काव्यशास्त्रीय अध्ययनको क्रममा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

#### ४.१.२.१ **रसभाव**

साहित्यमा अनुभूतिजन्य भावात्मक अभिव्यक्तिमा जुन सारतत्त्व हुन्छ, त्यसलाई रसको नामले चिनिन्छ । काव्य पढ्दा, सुन्दा र नाटकको अभिनय गर्दा हामीलाई जुन किसिमको आनन्द आउँछ वा रमाइलो अनुभव हुन्छ, त्यही आनन्द नै रस हो । [४४] हामीले खानेकुरामा गुलियो, अमिलो, तीतो, टर्रो आदि स्वाद भएजस्तै काव्यमा श्रृङ्गार, हास्य, करूण, वीर, शान्त आदि स्वाद दिने रस प्रकट हुन्छन् । मानिसको हृदयमा स्थित रति शोक,उत्साह, क्रोध आदि स्थायी भाव हुन्, तिनलाई उद्दीप्त गराउने विभाव, अनुभाव र सञ्चारी भावद्वारा अभिव्यक्त भएर गीतमा रसको स्वरूप आउँछ । पूर्वीय साहित्यका आचार्यहरूले रसको बारेमा निकै चर्चा गरेका छन् । विश्वनाथले रसपूर्ण वाक्य नै काव्य हो भनेका छन् । नाटकमा भरतमुनिले काव्यमा रसको अनिवार्यतालाई स्वीकारेका छन् । लोकगीतको रस निष्पत्ति काव्यशास्त्रका अनुरूप नभएर जीवनका अनुरूप हुन्छ । लोकगायक जहिले पनि परिस्थितिसँग तटष्थ रही वर्णनकर्ता स्वयम् रसको अनुभव गर्ने व्यक्ति हुन्छ । गायकको गीत सुनेर श्रोताले गायकको मनोदशाको अनुभव गर्न सक्छ । यसरी लोकगायकको स्वरमा पनि उद्दीपन शक्ति हुन्छ, जसको कण्ठध्वनिमा नै रसपरिपाक भएर स्वभावत रसको अभिव्यक्ति हुन जान्छ । गायकको स्वरमा श्रोतालाई रूवाउन, हँसाउन सक्ने क्षमता रहेको हुन्छ । यसरी लोकजीवनका प्रत्येक क्षणमा गाइने गीतहरूलाई रसले आस्वाद्य बनाइरहेको हुन्छ । यस क्षेत्रका लोकगीतमा

[४४] भानुभक्त पोखेल, **सिद्धान्त र साहित्य,** (विराटनगरः मूलचन्द्र शर्मा २०४०), पृ. २ ।

विशेषतः श्रृङ्गार करूण, वीर, हास्य र शान्त रसको प्रधानता रहेको पाइन्छ । यसरी यहाँका लोकगीतमा पाइने रसका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

## क. श्रृङ्गार रस

प्रणय-प्रेम अथवा रतिरागात्मक सौन्दर्यमा प्रस्फुटन हुने अभिव्यक्ति नै श्रृङ्गार रस हो । यसको स्थायी भाव रति हुन्छ । लोकगीतमा धेरै प्रेमभाव झल्कने हुँदा तिनमा श्रृङ्गार रसको प्रयोग निकै सशक्त रूपमा भएको पाइन्छ । यस रसको प्रयोग केवल वासनापरक मात्र नभएर सबैको मर्यादा राख्ने गरी हुन्छ । त्यसैले लोकगीतमा श्रृङ्गार रसलाई प्रेम वा स्नेह रस भन्नु उपयुक्त हुने धारणा राखिएको पाइन्छ ।[४५] यस क्षेत्रमा प्रचलित गीतमा श्रृङ्गार रसको संयोग र विप्रलम्भ (वियोग) श्रृङ्गार गरी दुबै भेद पाइन्छन्-

आफ्नो प्रेमिकालाई आफ्नै साथमा लैजान एउटा प्रेमीले कठिन खरबारीको यात्रा गर्न पनि पछि पर्दैनन्-

तिम्लाई लान भनी आको म त रमाउँदै, खरको गाँज समाउँदै ।

मायालुको बोली सुन्न आतुर यहाँ एउटा प्रेमीले आफ्नो प्रेमिकालाई बोल्न आग्रह गरेका छन्-

बोल-बोल मायालु, बोली तिम्रो राम्रो छ, सुन्ने इच्छा हाम्रो छ ।

यस्तैगरी आफ्नो मायालुलाई भेट्ने र मायाप्रितीका कुरा गर्नेजस्ता कुराहरू पनि लोकगीतमा यसरी अभिव्यक्त भएको हुन्छ-

नयाँ खबर छैन, बैनी भेट्न आएको,लामो बाटो धाएको

x x x

माया लाउने भए, कम्बर कस यहीं बस ।

[४५] हीरालाल तिवारी, **गङ्गाघाटीके गीत,** (वाराणसीः विश्वविद्यालय प्रकाशन , इ. १९८०) पृ. २९०

संयोग श्रृङ्गारमा नायक–नायिकाका बीचमा मिलनका प्रसङ्गहरू आएजस्तै यहाँ विप्रलम्भ श्रृङ्गारमा नायक–नायिका बीचमा बिछोडका प्रसङ्गहरू आउने गर्दछन् ।

बिहानै आफू उठ्दा बित्तिकै आफ्नो मायालुको झल्को लागेको दुखेसो यहाँ एउटा प्रेमीले यसरी अभिव्यक्त गरेको छ–

मिमिरेमा कुखुरा बासेको
हो बैनी, झल्को लाग्छ मायाले हाँसेको ।

आफू मरे पनि सपनामा आइरहने वाचा गर्दै प्रेमीले प्रेमिकालाई सम्झेर नरून आग्रह गर्नु स्वभाविकै हो –

तिम्रो मनमा जति पीर परेनी, जति पीर परेनी
सपनीमा आइरन्छु मरेनी, चिसापानीमा
चिसापानीमा सम्झी नरोए जिन्दगानीमा ।

**ख. शान्त रस**

भक्तिपरक लोकगीतमा विशेष रूपले शान्त भावको प्रधानता भेटिन्छ । यस्ता भक्तिपरक गीतहरूमा भजन, कीर्तन, खेली बालायन, सोरठी आदि प्रमुख रहेका छन् । संसार सारहीन छ र बाँचुन्जेल सारा भौतिक सम्पत्ति तथा देहलाई आफ्नो सम्झेर घमण्ड गरे पनि मेरिपछि ती सबै व्यर्थ हुन पुग्छन् । त्यसैले मानिस संसाररूपी जालबाट निस्केर ईश्वरमा लिन हुनुपर्छ भन्ने भाव यस्ता गीतमा व्यक्त भएको पाइन्छ ।

त्यो पनि रामको, ऊ पनि रामको
सबै संसार रामको, म पनि रामको
x x x x

ए हरि, ए हरि, मनमा छैन थीर
चारै दिनको जिन्दगीमा, झुटै हो शरीर

उपयुक्त गीतमा मानिसको जीवन निरर्थक सम्झिएको छ किनभने मरेपछि एक्लै सबै चीज छोडेर जानुपर्ने अनिवार्यता छ । अतः दुःख-सुखप्रति समय रहँदै ईश्वरमा लीन भएर बस्नु वास्ताविक मोक्ष हो । त्यसकारण भक्तजनहरू ईश्वरको भजन-कीर्तनमा सदा लीन रहन्छन् ।

### ग. करूण रस

मनले सोचेजस्तो पुगेन भने मान्छेको मनमा आघात पर्छ । त्यही आघातलाई व्यक्त गर्दा करूण भाव भएर व्यक्तिन्छ । यसको स्थायी भाव शोक हुन्छ । आफ्नो प्रियजनको वियोगमा मनमा पीर पर्छ । यसले गर्दा करूण रसको निस्पत्ति हुन्छ । ग्लानी , चिन्ता, स्मृति, मोह आदि यसका सञ्चारी भाव हुन् । अधिकांश लोकगीत नारीहरूले गाउने करूण रस प्रधान हुन्छन् । आफन्तसँग बिछोडिएर बस्नुपर्दा मनमा गहिरो चोटपर्छ । यस अवस्थामा करूण रसका गीत गाएर मनलाई हलुका बनाउने गरिन्छ । केही करूण रसका गीतहरू यहाँ प्रस्तुत छन्-

पानी पऱ्यो रिमीझिमी सिरको टोपी भिजेन
बाबा गए रूँदै रूँदै चित्त बुझेन ।
बाबा बिते वर्ष दिन नहुँदै, वर्ष दिन नहुँदै
दाजु लाहुरे बूढी आमा, पिँढीको छेउ रूँदै ।

x x x x

छोरी भन्दा पियारो मानो रैछ बाबा
बरिलै फर्केर आवोइन ।

### घ. वीर रस

लोकसमाजमा परम्पराको असहमति, युद्ध, वीरता एवम् साहससँग सम्बद्ध गीतहरू वीर रसयुक्त हुन्छन् । शत्रुको हाँकलाई हटाउन अथवा धर्ममा प्रवृत्त हुनका लागि हाम्रो मनमा एक किसिमको उत्साह वा फूर्ति जागेर आउँछ । यसबाट वीर रसको उदय हुन्छ । यही उत्साह नै

वीर रसको स्थायी भाव हो ।[४६] यहाँ गाइने खाँडो, मालसिरी आदि गीतमा वीर रसको भाव प्रशस्त पाइन्छ । उदारहणका लागि हेरौँ यी हरफहरू –

श्री ३ महमहाराजा सरजङ्गबहादुरको फौजके, फौजमे, काशीके तीरमे
मन्त्रीके खेलसे मन्त्रीके बुझ्से, चले लस्करी धन्न–धन्ने मन्त्री
सरजङ्गबहादुरको फौजके, फौजमे चले, लस्करजी धन्ने धन्ने मन्त्री

x x x

चिन, महाचिन, पेचिन, बेलायत, लागुर डिल्लीमे सिपाही
फिराउन लाए, पहरा चुरी कटारी, चुप्पी, चुप्पा खुँडा, ढाल, तरवार
बर्खना लाए, बैरीका फौज सब भागे ।

दानवहरूले देवतालाई दुःख दिएपछि देवताहरूको उद्धार गर्न अस्त्रशस्त्र साथमा लिएर रणभूमिमा आएकी देवीलाई मालसिरी गीतमा यसरी आराधना गरिएको छ–

जय देवी कालिका प्रशन्न भयौ हो मुण्डमाला सुहाइये,
सिंहवाहिनी मण्डमालिनी बज्र हस्त सुहाइये
शिवदुतिनी असुर मारिनी देवी करजोर सुधारिणी
जै देवी ..........................................................।

**ङ. हास्य रस**

रूप, आकार, पहिरन र विभिन्न कार्यमा विकृति भएपछि हास्य रसको सिर्जना हुन्छ । हास्य रसको स्थायी भाव हाँस वा हाँसो हो ।[४७] हृदय नै कुत्कुत्याएर हाँसो फुटाल्ने खालका गीतहरूमा हास्य रसको प्रधानता हुन्छ । यस क्षेत्रमा प्रचलित असारे, खेली रत्यौली, तीजे आदि लोकगीतमा हास्य रस पाइन्छ । असारका महिनामा खेत रोप्दा खेतारीको हली र बाउसेसँग टक्कर पर्दा हँसाउने उद्देश्य लिएर भनिएका असारे गीतका निम्न हरफ प्रस्तुत गर्नु यहाँ सान्दर्भिक देखिन्छ–

---

[४६] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त**, ते. सं, (काठमाण्डौः साझा प्रकाशन, २०४३), पृ.४३ ।

[४७] मोहनहिमांशु थापा, **साहित्य परिचय**, ते. सं, (काठमाण्डौ : साझा प्रकाशन२०४७), पृ. २३९ ।

आजको रोपाइँ, भोलिको रोपाइँ,  चनाको बिरौंला, आहै ........ चनाको बिरौंला ।
हाम्रा पछाडि, बीउ बाँड्ने केटाको, सुकेको पिरौंला, आहै ..........  सुकेको पिरौंला ।
सानोमा सानो, सुँगुरको पाठो, भुसले मोटायो, आहै ............. भुसले मोटायो ।
हामरा पछि, बीउ बाँड्ने केटालाई, मुसाले लोटायो, आहै .......... मुसाले लोटायो ।

x x x

केही तीज गीतहरूमा पनि हास्यव्यङ्ग्यका उपयुक्त प्रसङ्गहरू उल्लेख भएका पाइन्छन् । प्रायः बुहारीको सासू, ससुरासँग केही विरोधाभास रहेको सन्दर्भमा हास्यले भरिएको गीतहरू प्रयुक्त भएको पाइन्छ–

ससुराको घरमा मैले नराम्रो लाइछैन
खद्दरको धोती बाहेक देख्न पाइछैन
सासूको घरमा मैले नमिठो खाइछैन
सेतो र सितो मैले देख्न पाइछैन ।

## ४.१.२.२ अलङ्कारविन्यास

अलङ्कार साहित्यको सौन्दर्य वा शोभा हो । साहित्यका भावनालाई अझै सुन्दर पार्नका लागि विभिन्न किसिमका अलङ्कारको प्रयोग गरिन्छ । आचार्य भामहका अनुसार शब्द र अर्थ वक्रोक्ति अलङ्कार हो भने आचार्य दण्डीले काव्यलाई शोभा प्रदान गर्ने धर्मलाई अलङ्कार मानेका छन् । वामनले सौन्दर्यलाई अलङ्कार भनेका छन् भने रूद्रटले चाँहि विशिष्ट उक्तिलाई नै अलङ्कार भनेका छन् ।[४८] साहित्यमा भाव सुन्दर बनाउन अलङ्कारको प्रयोग गरिएको हुन्छ तर लोकगीतमा योजनाविहीन नै अलङ्कारको उपस्थिति भएको हुन्छ । यस क्षेत्रका लोकगीतमा शिष्ट साहित्यमा जस्तै सचेत रूपमा अलङ्कारको प्रयोग नभए पनि स्वतः र सहज रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँका लोकगीतमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग पाइन्छ । जसलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ–

[४८] केशवप्रसाद उपाध्याय, **साहित्य– प्रकाश**, दो.सं., (काठमाडौंः साझा प्रकाशन, २०३४), पृ. २०४ ।

## क. शब्दालङ्कार

साहित्यमा शब्दको चमत्कारपूर्ण प्रयोगलाई शब्दालङ्कार भनिन्छ । काव्यमा शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने वैचित्य चकत्कार वा सौन्दर्य शोभालाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारका अनेक भेदहरू भए पनि यहाँका लोकगीतमा पाइने मुख्यतया अनुप्रास र श्लेष अलङ्कारको मात्र यहाँ चर्चा गरिएको छ ।

### अ. अनुप्रास

यहाँका लोकगीतमा प्रायः अनुप्रास भएको देखिन्छ । पदविन्यासमा अन्त्यानुप्रास प्रायः सबै लोकगीतमा मिलेका हुन्छन् भने कतै आदि र मध्य अनुप्रासको पनि संयोजन भएको देखिन्छ । उदाहरणका लागि निम्न हरफहरू प्रस्तुत गर्न सकिन्छ–

बसौँ एकै डाली
दुई वनको न्याउली ।

माथि दिइएको गीतमा 'ल', 'ब' र 'क' वर्ण एक-एक स्थानमा मात्र दोहोरिएका छन् । त्यसकारण यहाँ छेकानुप्रास देखिन्छ ।

सासूको घरमा मैले नमिठो खाइछैन
सेतो र सितो मैले देख्न पाइछैन ।

माथि दिइएका दुबै हरफहरूका अन्त्यमा समान वर्ण 'खाइछैन' र 'पाइछैन' को पुनरावृत्ति भएको हुनाले यहाँ अन्त्यानुप्रासको सुन्दर समायोजन भएको छ ।

मुरी धान कुटाउँछन् यसै घरकाले
व्यर्थै कपाल दुखाउँछन् वरपरकाले ।

उपर्युक्त गीतमा 'न्' वर्ण तीन स्थानमा र 'ल' वर्ण पनि तीन स्थानमा दोहोरिएका हुनाले यहाँ वृत्यनुप्रास भेटिन्छ ।

## ख. अर्थालङ्कार

शब्दहरूको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । अर्थालङ्कारले शब्दको वैचित्र्य सौन्दर्य थपेको हुन्छ । यस क्षेत्रमा प्रचलित

लोकगीतहरूमा उपमा, स्वभावोक्ति, अतिशयोक्ति, समासोक्तिजस्ता अर्थालङ्कारहरू स्वतःस्फूर्त रूपमा प्रयोग भएका भेटिन्छन् ।

**अ. श्लेष अलङ्कार**

एउटै शिलष्ट पदबाट अनेकौँ अर्थ निस्केमा शब्दश्लेष अलङ्कार हुन्छ । यसमा केही सिङ्गो शब्दबाट अनेक अर्थ निस्कन्छ र कहीँ शब्दको एक भागबाट[४९] । यहाँका लोकगीतमा कतै–कतै श्लेष अलङ्कारको प्रयोग स्वतःस्फूर्त रूपमा भएको देखिन्छ । उदाहरणको रूपमा तलका हरफ हेरौँ–

बसौँ एकै डाली

दुई वनको न्याउली

यहाँ न्याउली शब्दले सामान्यतः जङ्गलमा बस्ने एउटा जीवलाई बुझाउँछ भने माथिको गीतको सन्दर्भमा प्रेमी एवम् प्रेमिकालाई सङ्केत गरेको छ ।

कस्ले भन्दैन र, डाँडैँ काटी ल्याऊँ कुलो
घरको भाले मै ठूलो ।

उक्त गीतमा आएको भाले शब्दले पंक्षी विशेष कुखुरालाई बुझाउँछ भने यहाँ गीतको सन्दर्भमा पुरूष (प्रेमी) लाई बुझाएको छ ।

आ. **उपमा अलङ्कार**

उपमाको शाब्दिक अर्थ नजिकै राखेर त्यसमा समानता देखाउनु हो । एउटालाई अर्कोसँग दाँजेर समानता खेदाउँदा वा उपमा अलङ्कारको प्रयोग गर्दा उपमेय, उपमान, सादृश्यवाचक र समान धर्मजस्ता उपमाका तत्त्वहरू प्रयोग गरिन्छन् । यस क्षेत्रमा प्रचलित लोकगीतहरूमा स्वतःस्फूर्त रूपबाट कतै–कतै उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । उदाहरणका रूपमा निम्न हरफहरू हेरौँ–

हामरा बाबु लक्ष्मण जस्तै

अरे हाय –हाय, गए डोली चढेर ।

---

[४९] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** दो.सं (काठमाडौँः साझा प्रकाशन, २०४८) पृ. १२६ ।

माथिको गीतमा बाबु र लक्ष्मणको बीचमा उपमेय उपमानको सम्बन्ध देखिन गएको हुँदा उपमा अलङ्कारको प्रयोग भएको छ ।

रून्छ मन वनको न्याउली झैँ

तिम्रो पीरले ज्यान भयो सेउली झैँ

माथिको हरफमा उपमेय मनलाई उपमान न्याउली तथा सेउलीका बीचमा उपमेय उपमानको सम्बन्ध देखिएको हुँदा उपमा अलङ्कारको प्रयोग भएको देखिन्छ ।

### इ. स्वभावोक्ति अलङ्कार

कुनै वस्तु वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ ।[५०] उदाहरणका रूपमा तलका हरफलाई हेरौं–

रूम भने आँसुको खर्च

नरूम भने यो मनमा पीर पर्छ

यहाँ आँखाको आँसुको यथार्थपरक दृश्यावलीसँग मनभित्रको व्यथालाई स्वाभाविक वर्णन गरिएको हुँदा स्वाभावोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ ।

### ई. अतिशयोक्ति अलङ्कार

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोकप्रसिद्ध उक्तिलाई उछिन्दै बढाई–चढाई कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो । यसमा सामान्य कुरालाई असामान्य रूपमा प्रस्तुत गरिएको हुन्छ । यस क्षेत्रका लोकगीतमा यस्तो अलङ्कार ठाउँ–ठाउँमा पाइन्छ । उदाहरणका रूपमा तलका हरफलाई हेरौं–

लपलप लप्कने खरवारीको खर

कस्तो होला जेठाजु, कस्तो होला घर ?

यसमा प्रस्तुत (श्रीमान्) को उल्लेख नगरी अप्रस्तुत (जेठाजु,घर) सँग अभेद रूपमा बढाईचढाई वर्णन गरिएको हुनाले अतिशयोक्ति अलङ्कार भेटिन्छ ।

---

[५०] केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, **पूर्ववत्**, पृ. १४० ।

### उ. समासोक्ति अलङ्कार

एउटा वर्णनबाट वर्णन नै नगरिएको अर्को कुरा झल्कियो भने समासोक्ति अलङ्कार हुन्छ । उदाहरणका रूपमा तलको हरफ हेरौं–

चौँरी भन्ने गाईलाई, रिँगाई–घुमाई बाँधुला ।

सामान्यतः यस गीतमा एक गोठालाले चौंरी गाईलाई मिलाई– मिलाई बाँध्ने कुराको उल्लेख छ । यस गीतबाट वर्णन नै नगरिएको कुराको पनि झल्को आएको छ । चौंरीलाई प्रेमिका र गोठालालाई प्रेमीको अर्थमा लिने हो भने यस गीतबाट प्रणय सम्बन्धी कुरा झल्किन आउँछ । यस अर्थमा यस गीतमा समासोक्ति अलङ्कार भेटिन्छ ।

यसरी यहाँका लोकगीतमा अलङ्कारका विविध स्वरूप पाइन्छन् । यहाँका लोकगीतहरूमा अलङ्कारको प्रयोग योजनाबद्ध नभई स्वतःस्फूर्त रूपमा प्रयोग भएका हुन्छन् । त्यसकारण यी गीतहरूलाई काव्यशास्त्रीय नियमको कसीमा राखेर हेर्न भने नसकिने देखिन्छ ।

## ४.१.२.३ छन्द तथा लय

लय र छन्द लोकगीतका सन्र्दभमा भिन्ना–भिन्नै कुरा हुन्, तापनि यी दुईको बीचमा नजिकको सम्बन्ध छ । लय लोकगीतको अनिवार्य तत्त्व हो । यो द्रुत, मध्य र विलम्बित गरी तीन प्रकारको हुन्छ । हास्य भावको निम्ति द्रुत लय, शान्त भावको निम्ति मध्य लय र करूण भावका निम्ति विलम्बित लयको प्रयोग अति प्रभावकारी हुन्छ । लय लोकगीतको अनिवार्य तत्त्व हो । छन्दबिना पनि लोकगीतको सिर्जना गरिने हुनाले छन्द लोकगीतको अनिवार्य तत्त्व होइन । यस क्षेत्रका लोकगीतमा लयका विविध भेद पाइन्छन् तर छन्दको दृष्टिकोणबाट हेर्दा झ्याउरे वा लोक छन्दको मात्रै यहाँ प्रयोग भएको भेटिन्छ ।

### झ्याउरे

नेपालमै जन्मिएका जातीय छन्दहरू मध्यकै एउटा छन्द झ्याउरे हो । यसमा पनि गण–मात्राको कुनै किटान हुँदैन । यस क्षेत्रमा प्रचलित रत्यौली, सालैजो तथा श्रमगीतहरूमा कुनै न कुनै रूपमा झ्याउरे छन्दलाई समातेका छन् । एकोहोरी, दोहोरी गीतका कतिपय भेदमा पनि झ्याउरे छन्द भेटिन्छन् । यस्ता गीतका विविध लयहरू हुन्छन्–

फूलको बोटैमा, क्या मीठो बोली छ , लाली ओँठैमा

x x x

छाइँ–छाइँ भइहाँल्यो, गाउरी धन ल्याउने बेला भो ।

x x x

भिट्नैको पहिरो झर्‍यो , काली गंगा थुन्यो

x x x

एकुमा लग्यो , गाईको गोठ, दुसरी लयो बालै ।

x x x

**निष्कर्ष**

यसरी आँधीखोले लोकगीतमा यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक स्थितिका साथै प्रकृतिको चित्रण राम्ररी भएको पाइन्छ । अंशत : नैतिक तथा व्यङ्ग्यचेतनाका गीतहरू पनि यस क्षेत्रमा प्रचलित रहेका छन् । काव्यात्मकताका दृष्टिले यहाँका लोकगीतमा करूण, श्रृङ्गार, वीर, हास्य आदि रसभाव तथा अनुप्रास,उपमा, श्लेष, स्वभावोक्ति आदि अलङ्कार र झ्याउरे लयको अत्याधिक प्रयोग भएको पाइन्छ । भाषिक दृष्टिले हेर्दा विभिन्न जात–जातिका भाषा तथा भाषिकाको प्रभाव लोकगीतमा परेको भेटिन्छ ।

# अध्याय-पाँच

# उपसंहार

## ५.१ सारांश

यो शोधकार्य आँधीखोला क्षेत्रमा पाइने लोकगीतको विश्लेषणमा केन्द्रित रहेको हुनाले यस शोधपत्रको पहिलो अध्यायमा शोधकार्यको विषय, समस्या, उद्देश्य, पूर्वकार्यहरूको समीक्षा, औचित्य, सीमाङ्कन, शोध विधिको बारेमा चर्चा गर्दै अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा लोकगीतको सैद्धान्तिक परिचय अन्तर्गत  लोकसाहित्यको परिचय दिँदै लोकगीतको परिचय र परिभाषा, विशेषता, महत्त्व, वर्गीकरण, तत्त्वहरूभित्र केन्द्रित रहँदै त्यसमा पर्ने विभिन्न शीर्षक-उपशीर्षकहरूको बारेमा चर्चा-परिचर्चा गरिएको छ  । अध्यायको अन्त्यमा नेपाली लोकगीतको अध्ययन-परम्पराको बारेमा पनि चर्चा गरिएको छ ।

अध्याय तीनमा आँधीखोला क्षेत्रको भौगोलिक चिनारी दिने क्रममा स्याङ्जा जिल्लाको परिचय, आँधीखोला क्षेत्रको परिचय र यस क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण गरिएको छ । वर्गीकरणका क्रममा यहाँका लोकगीतहरूलाई जन्मचक्रसँग, ऋतुचक्रसँग, बाह्रमासे र धार्मिक गरी चार भागमा विभाजन गर्दै त्यस अन्तर्गत पर्ने लोकगीतहरूको परिचय र उदाहरणहरू प्रस्तुत गरिएको छ ।

अध्याय चारमा यस आँधीखोला क्षेत्रमा पाइने लोकगीतहरूको विश्लेषण गरिएको छ । यहाँ लोकगीतहरूको विश्लेषण गर्ने क्रममा सामाजिक अध्ययन र काव्यात्मक अध्ययन गरी दुई मुख्य शीर्षकहरू राखिएको छ । नेपाली लोकगीतहरूको विषयवस्तु  नै सामाजिक परिवेशसँग जोडिएको छ । खासगरी समाजमा जीवन भोगाइका क्रममा आइपर्ने विविध स्थितिहरूलाई नै लोकमानवले टपक्क टिपेर गीतिलयमा सजाउने क्रममा लोकगीतको सिर्जना हुनाले पनि लोकगीतको समाजसँग गहिरो सम्बन्ध देखापर्दछ । यहाँ सामाजिक अध्ययन अन्तर्गत सामाजिक तथा पारिवारिक जीवनको चित्रण, सांस्कृतिक जीवनको चित्रण, प्राकृतिक जीव्नको चित्रण, आर्थिक जीवनको चित्रणजस्ता विविध शीर्षकहरूमा लोकगीतको विश्लेषण गरिएको छ । त्यस्तै काव्यात्मक अध्ययन अन्तर्गत यहाँका गीतहरूमा पाइने विभिन्न रस र अलङ्कारको बारेमा उदारहणसहित प्रस्तुत गरिएको छ । त्यसैगरी छन्दका हिसाबले यहाँका गीतहरू कुनै

निश्चित छन्दमा बाँधिएको पाइँदैन । लोकगीतहरू स्वतःस्फूर्त रूपबाट सिर्जना हुने हुनाले पनि निश्चित छन्दमा लोकगीतहरूको निर्माण भएको देखिदैन । यहाँको एउटै गीत विभिन्न लय वा भाकामा र विभिन्न गीतहरू पनि एउटै लयमा गाउने गरेको पाइन्छ । भाका एवम् लयका हिसाबले झ्याउरे लयको प्रयोग कुनै–कुनै लोकगीतमा स्वतस्फूर्त रूपमा प्रयोग भएको पाइन्छ ।

अध्याय पाँचमा आँधीखोले लोकगीतको उपसंहार शीर्षकमा सारांश र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

आँधीखोला क्षेत्रको लोकगीतहरूको अध्ययन र विश्लेषण गर्दा यस क्षेत्रका लोकगीतले नेपाली लोबगीतकै प्रतिनिधित्व गर्न समर्थ रहेको पाइन्छ । यहाँका लोकगीतहरूले भौगोलिक दृष्टिले नेपाली लोकगीतकै श्रीवृद्धिमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । एउटै गीतलाई भिन्न–भिन्न लयमा र भिन्न–भिन्न गीतलाई एउटै लयमा गाइनेजस्ता विशेषताहरू सँगाल्दै परम्परागत गीतलाई जीवन्तता प्रदान गरी नयाँ गीतलाई जन्माउँदै तथा हुर्काउँदै आएको यस क्षेत्रले नेपाली लोकगीतलाई उर्वर बनाउन उल्लेखनीय भूमिका खेलेको यथार्थ पनि छर्लङ्ग हुन्छ । परापूर्वकालदेखि नै अनेकौं जातिको साझास्थल बनेको यस क्षेत्रले सजातीय र केही साझा संस्कार तथा संस्कृतिको विकास गर्दै आएको छ । हरेक सांस्कृतिक झाँकी सङ्गीतमय हुने र हरेक लोकगीत नेपाली लोकसंस्कृतिमूलक देखापर्दछ । तीज, तिहार, दशैँ, विवाह, ब्रतवन्ध आदिमा गाइने सम्पूर्ण गीतमा विशुद्ध नेपाली संस्कृति बोलेको पाइन्छ । समसामयिक लोकगीतमा ज्यादा विरह, वेदना तथा प्रेम प्रसङ्गकै स्वर बढी मुखरित भएको देखिन्छ । परदेशी छोरा वा पतिसँग विछोडमा जन्मिएको वाध्यता, विवशता, पीडा, वेदना र गृहस्थी जीवनका तीता–मीठा अनुभूति गीतका रूपमा वन, पाखा, उकाली, ओराली, भञ्ज्याङ–चौतारी आदिमा तरंगित हुन्छन् । फलस्वरूप यस्ता गीतमा विप्रलम्भ श्रृङ्गार तथा करूण भावको मात्रा ज्यादा भेटिन्छ । विविधतामय गीत तथा लय एवम् वाद्य तथा नृत्यले सजाएका सन्दर्भले यहाँका नुतन गीतहरूले पुरातन सांस्कृतिक मूल्य–मान्यतालाई प्रतिनिधित्व गरेका छन् । हाम्रो सामाजिक, आर्थिक र सांस्कृतिक सन्दर्भहरू जीवन्त रूपमा यहाँका लोकगीतमा प्रतिविम्वित भएका छन् । विविध रस र अलङ्कार एवम् लयले सजिएका यहाँका लोकगीतहरूमा हास्यव्यङ्ग्य र प्रेम–विरहका चेतनाहरू पनि सशक्त रूपमा विकसित भैरहेको यथार्थ पनि छर्लङ्ग हुन्छ ।

# परिशिष्टः गायकहरूको परिचय

**नाम**

**ठेगना**

१. अम्विका शर्मा पेलाकोट ७, उमेर ३२ वर्ष

२. कोपिला भुसाल तीन दोबाटे ३, उमेर ३९ वर्ष

३. कोपिला शर्मा पेलाकोट ५ उमेर ११ वर्ष

४. खगेश्वर पाण्डे थुमपोखरा ५, उमेर ५८ वर्ष

५. गोपाल ठकुरी थुमपोखरा ८, उमेर ३९ वर्ष

६. चन्द्र भट्टराई जगत्र भञ्ज्याङ ४, उमेर ३५ वर्ष

७. जगत पाण्डे तीन दोबाटे ५, उमेर ४० वर्ष

८. जयवल्लभ चापागाई पेलाकोट ५ उमेर ८१ वर्ष

९. ठाकुरप्रसाद चापागाई पेलाकोट ५ उमेर ३४ वर्ष

१०. नुमकला पाण्डे थुमपोखरा ५, उमेर ८४ वर्ष

११. रमेश पाण्डे पेलाकोट ७, उमेर ३५ वर्ष

१२ रमेश बस्याल तीन दोबाटे ८, उमेर ३२ वर्ष

१३. श्याम पाण्ड ` पेलाकोट ७ उमेर ३२ वर्ष

१४. हरि के.सी. थुमपोखरा ८, उमेर ४६ वर्ष

१५. हुमकला न्यापाने पेलाकोट २ उमेर ३३ वर्ष

## सन्दर्भसामग्री–सूची


१. अनिल, सन्तराम, **कन्नोज लोकसाहित्य,** दिल्लीः अभिनय प्रकाशन, इ. १९७५ ।

२. अधिकारी, नारायणप्रसाद, **स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन,** स्नाकोत्तर शोत्रपत्र, २०४३ ।

३. अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त,** (ते.सं.), काठमाडौँः साझा प्रकाशन,२०४३ ।

४. अधिकारी, विश्वप्रेम, **आँधीखोले लोकसाहित्यः** प्रस्तुति र विश्लेषण,स्याङ्जाः विजयकुमार अधिकारी,२०५९ ।

५. . ............,............. **आँधीखोले लोकसंस्कृति र लोकगीत,** स्याङ्जाः विजयाकुमार अधिकारी, २०५७ ।

६. ............, .............,**पश्चिमाञ्चलका लोकगीत र परम्परा,** स्याङ्जाः विजयकुमार अधिकारी, २०५८ ।

७. उपाध्याय, केशवप्रसाद, **साहित्य–प्रकाश,** (दो.सं.), काठमाडौँः साझा प्रकाशन,२०३४ ।

८. उपाध्याय, कृष्णाप्रसाद, **लोक–साहित्यकी भूमिका,** प्रयोग : साहित्य भवन लिमिटेड, इ. १९५७ ।

९. काजीमान, कन्दङ्वा, **नेपाली जनसाहित्य,**काठमाडौँः रोयल नेपाल एकेडेमी, २०२० ।

१०. खनाल, तुलसीराम, **आँधीखोले लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन,** स्नातकोत्तर शोधपत्र, २०६० ।

११. जोशी, सत्यमोहन,**“लोकगीतको केही झल्का”**, प्रगति, वर्ष ३, अङ्क २, २०११ ।

१२. तिवारी, हीरालाल, **गङ्गाघाँटीके गीत,** वाराणासीः विश्वविद्यालय प्रकाशन, इ.१९८० ।

१३. त्रिपाठी, वासुदेव, **सिंहावलोकन,** काठमाडौँः साझा प्रकाशन, २०३१ ।

१४. थापा, मोहनहिमांशु, **साहित्य–परिचय**, (ते.सं.), काठमाडौँः साझा प्रकाशन, २०४७ ।

१५. थापा, धर्मराज, **गण्डकीको सुसेली,** काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३० ।

१६. देवकोटा, लक्ष्मीप्रसाद, मुनामदन, (तेइसौं सं.), काठमाडौँः साझा प्रकाशन,२०५४ ।

१७. न्यौपाने, कृष्णप्रसाद, **नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन** विद्यावारिधी, शोधप्रबन्ध, २०६२ ।

१८. पन्त, कालीभक्त, **हाम्रो लोक सांस्कृतिक इतिहास,** स्याङ्जा : लेखक स्वयम् प्रकाशन, २०२८ ।

१९. पन्त, देवकान्त (सम्पा.), **डोटेली लोकसाहित्य**, काठमाडौँ : नेपाल र एसियाली अध्ययन संस्थान, २०३२ ।

२०. पराजुली, कृष्णप्रसाद, "**लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार,**" कुञ्जिनी, वर्ष, ५, अंक ३, २०५४ ।

२१. पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रम,** काठमाडौँः विद्या प्रकाशन, २०४५ ।

२२. पराजुली, मोतीलाल, **लोकगीतको संरचना,** कुञ्जिनी, वर्ष ११ अङ्क ८, २०६० ।

२३. पोखेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली वृहत्कोश,** काठमाडौँ : ने. रा. प्र.प्र., २०५८ ।

२४. बन्धु, चूडामणि, नेपाली **लोक साहित्य,** काठमाडौँः एकता बुक्स डिस्ट्रिव्युटर्स, २०५८ ।

२५. बराल, ईश्वर र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

२६. मिश्र, श्रीधर, **भोजपुरी लोकसाहित्यको सांस्कृतिक अध्ययन,** इलाहाबादः हिन्दुस्तानी एकेडेमी, इ. १९७१ ।

२७. लोहनी, लक्ष्मण, **रोदीघर,** (दो.सं.), काठमाडौँः रत्न पुस्तक भण्डार, २०२२ ।

२८. वनवासी, देवीप्रसाद, **आँधीखोले लोकसंस्कृति,** स्याङ्जाः चित्रलेखा प्रकाशन,२०५५।

२९. वर्मा, धीरेन्द्र, **हिन्दी साहित्यकोश,** (भाग १ दो. सं.), वाराणासीः ज्ञानमण्डल लिमिटेड, २०२० ।

३०. शर्मा, श्रीराम, **लोकसाहित्य सिद्धान्त और प्रयोग,** अगराः विनोद पुस्तक मन्दिर, इ. १९८१ ।

३१. श्रेष्ठ, दयाराम, "सम्भव" प्रार**म्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौंः त्रि.वि. पाठ्यक्रम वि.के. २०२८ ।

३२. स्वर्णलता, **लोकसाहित्य विमर्श,** विकानेरः एन स्मृति प्रकाशन, इ. १९७९ ।